# खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना

## २०८१/८२-२०८५/८६




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**नारायण नगरपालिका, दैलेख**

**कर्णाली प्रदेश, नेपाल**

# विषय सूची

**परिच्छेदः १**

**१. परिचय तथा पृष्ठभूमि** ३
१.१ नगरपालिकाको संक्षिप्त परिचय ३
१.२ खाद्य सुरक्षा, खाद्य अधिकार तथा खाद्य सम्प्रभुताको अवधारणा तथा कानूनी प्रावधान ३
१.३ गरिवी र भोकमरीको विद्यामान अवस्था १०
१.४ खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना तर्जुमाको उद्देश्य ११
१.५रणनीतिक योजना तर्जुमा विधि तथा प्रक्रिया र सिमा १२

**परिच्छेद २**

**२.अवस्था विश्लेषण** १५
२.१पालिकाको भौगोलिक, सामाजिक तथा आर्थिक अवस्था विश्लेषण १५
२.२ खाद्य तथा पोषण सुरक्षाकोअवस्था विश्लेषण १६
२.३वडागत अवस्था विश्लेषण १९
२.४खाद्य तथा पोषणको जोखिममा रहेका परिवार तथा लक्षित वर्ग ३४
२.५ सरोकारवालाहरुको विश्लेषण ३७

**परिच्छेद ३**

**३. पञ्चवर्षिय खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना (२०८१/८२-२०८५/८६)** ४०
३.१ परिकल्पना, ध्येय तथा लक्ष्य ४०
३.२ विषयगत क्षेत्र, रणनीतिक उद्देश्य तथा सूचकहरु ४२
३.३ अपेक्षित प्रतिफल, सूचक तथा क्रियाकलापहरु
४३३.४पञ्चवर्षिय योजना तथा बजेट
५५

**परिच्छेद ४**

**४. खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजनाकार्यान्वयन** ६८
४.१ कार्यान्वयन योजना तथा कार्यनीति ६८
४.२ सम्भावित श्रोतको पहिचान, विश्लेषण, बजेट विनियोजन र व्यवस्थापन योजना ७२
४.३ जोखिम अनुमान तथा न्यूनिकरण योजना ७६
४.४ अनुगमन तथा मुल्यांकन ७६

**अनुसूचीहरु:**७७
अनुसूची १: योजना तर्जुमाकार्यदलको विवरण
अनुसूची २: पालिका स्तरीय कार्यशालाको सहभागिहरुको विवरण
अनुसूची ३: वडा स्तरीय अन्तरक्रियामा सहभागिहरुको विवरण
अनुसूची ४: लक्षित तथा जोखिम समुदायसँग छलफल सहभागिको विवरण
अनुसूची ५: घरधुरी सर्वेक्षण फारम
अनुसूची ६: फोटोहरु
सन्दर्भ सामग्रीहरु

# परिच्छेद : १
# परिचय तथा पृष्ठभूमि

## १ परिचय तथा पृष्ठभूमि

### १.१ नारायण नगरपालिकाको संक्षिप्त परिचयः

दैलेख जिल्ला कर्णाली प्रदेशको एक सुन्दर र ऐतिहासिक पहाडी जिल्ला हो । यस जिल्लामा ४ वटा नगरपालिका र ७ वटा गाउँपालिका गरि ११ वटा स्थानीय तहहरु रहेका छन् । नारायण नगरपालिका दैलेख जिल्लाको प्रशासनिक केन्द्र र सदरमुकामको रुपमा रहेकोछ । यस नगरपालिकामा ११ वटा वडाहरु रहेका छन् । सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमुना बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार तत्कालिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा देहाय बमोजिम साविकका नारायण नगरपालिका, भवानी र विन्दाबासिनी गा.वि.स. र खरिगैरा गा. वि.स.को वडा नं. ८ र ९) लाई समेटी यो नारायण नगरपालिका निर्माण गरिएको हो ।

समुन्द्र सतहबाट करिव ६५७ मिटरदेखि २६१६ मिटर सतहको उचाईमा रहेको यस नगरपालिकाको पूर्वमा नौमुले र भगवतीमाई गाउँपालिका, पश्चिममा दुल्लु नगरपालिका, महावु र भैरवी गाउँपलिका, उत्तरमा नौमुले र महावु गाउँपालिका र दक्षिणमा डुंगेश्वर र भगवतीमाई गाउँपालिका पर्दछन् । यस नगरपालिकाको क्षेत्रफल ११०.६३ वर्गकिलोमिटर रहेको छ । यस नगरपालिकाको जनसंख्या २९,५४४ रहेकोछ । जसमध्ये महिला १४,१९४ र पुरुषको जनसंख्या १५,३५० रहेको छ भने जम्मा घरपरिवार संख्या ५१९८ रहेको छ ।

### १.२ खाद्य अधिकार, खाद्य सुरक्षा, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता अवधारणा तथा कानूनी प्रावधानः

विश्वमा मानव समुदायले सामना गर्दै आएको **'भोकमरीतथा कुपोषण'** समस्या सम्बोधनका लागि खाद्यसँग सम्बन्धीत "खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता" सम्बन्धीका विभिन्न अवधारणाहरु प्रयोगमा आएकाछन् । नेपालको संविधान २०७२ को धारा ३६ ले खाद्य सम्बन्धी मौलिक हक अन्तर्गत खाद्यका यी तीन वटै पक्षहरुलाई समेटेकोछ भने यस अधिकारकोप्रभावकारी कार्यान्वयनका लागि बनेको **"खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन२०७५"**निर्माण भई कार्यान्वयनको चरणमा रहेको छ ।

**"खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५"**अनुसार खाद्य अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने मुख्य दायित्व नेपाल सरकारको हो । जसमा प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी अधिकार तथा खाद्य सुरक्षाको अधिकार हुनेछ भनेर उल्लेख गरिएको छ । साथै खाद्य अधिकार, संरक्षण र परिपूर्तिको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको पारस्परिक समन्वयमा आवश्यक व्यवस्था मिलाउने छ भनि स्पष्ट व्याख्या गरेको छ । यस ऐनले प्रत्येक नागरिकलाई भेदभाव नगरि पोषणयुक्त तथा गुणस्तरीय खाद्यमा नियमित पहुँच स्थापित गर्ने, भोकबाट मुक्त गर्ने, खाद्यको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहने, भोकमरी वा खाद्य सुरक्षाको जोखिममा रहेका व्यक्ति वा परिवारले खाद्यमा दिगो पहुँच तथा पोषण सहायता प्राप्त गर्ने र सांस्कृतिक रुपमा स्वीकार्य खाद्य उपयोग गर्ने व्यवस्था गरेको छ । जसबाट नेपालमा खाद्य अधिकार तथा खाद्य सुरक्षा सम्बन्धीका सवालहरुको सम्बोधन हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

### १.२.१ खाद्य अधिकारः

मानव अधिकारको विश्वव्यापी घोषणापत्र१९४८ को धारा २५ ले 'स्तरीय जीवनको अधिकार भित्र खाद्य अधिकारलाई समेत समावेश गरी औपचारिक रुपमै खाद्य अधिकारलाई व्यक्तिको मानव अधिकारको रुपमा स्थापित गरेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ११ ले खाद्य अधिकारलाई कानुनी मान्यता प्रदान गरेको छ।
"संयुक्त राष्ट्रसंघको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी समिति, १९९९" को साधारण टिप्पणी नं. १२ ले आधिकारिक परिभाषा तथा यस सम्बन्धमा राज्यको दायित्वलाई व्याख्या गरी थप स्पष्ट पारेको छ । जस अनुसार, खाद्य अधिकार 'प्रत्येक व्यक्तिले सम्मान पूर्वक स्वस्थ र सक्रिय जीवन जिउनको लागि दिगोरुपमा पर्याप्त, पोषणयुक्त, सुरक्षित र संस्कृतिजन्य खाना खान पाउने अधिकार' हो । खाद्य अधिकार कानुनी अवधारणा हो, जसले हरेक व्यक्तिलाई पर्याप्त खाद्य प्राप्त गर्ने स्रोत माथिको पहुँच सुनिश्चितताको लागि कानुनी हकको सुनिश्चितता गर्दछ भने यस सम्बन्धमा राज्यलाई सम्मान, संरक्षण तथा परिपूर्ति गर्ने दायित्वहरु समेत सृजना गरी यो अधिकार उल्लंघन भएको खण्डमा कानुनी उपचार प्राप्त गर्ने संयन्त्रको समेत व्यवस्था गर्दछ । अत: खाद्य अधिकार राज्यद्वारा व्यक्ति वा समूहले आफू वा आफ्नो परिवारलाई आवश्यक खाद्य मर्यादित रुपमा आफैंले उत्पादन वा खरिद गरी व्यवस्थापन गर्न सक्षम हुने कुराको सुनिश्चितता गर्नु हो र त्यसको लागि राज्यले सोही बमोजिम नीति, कानुन तथा कायक्रमहरु निर्माण गरी दिगो रुपमा आवश्यक खाद्य प्राप्त गर्ने सम्बन्धमा 'अनुकूल वातावरण' निर्माण गर्नु हो । तरव्यक्ति वा परिवारले आफूसँग उपलब्ध श्रोत साधन र क्षमता प्रयोग गरी आवश्यक खाद्य व्यवस्थापन गर्न नसक्ने अवस्था भएमा वा काबु बाहिरको परिस्थिति (सशस्त्रद्वन्द्व, विपद्, नाकाबन्दी आदि) का कारण खाद्यको पहुँचबाट बञ्चित हुन गएमा उनीहरुले आफैं खाद्य उत्पादन वा व्यवस्थापन गर्न सक्षम नहुन्जेल सम्मको लागि राज्यले खाद्य उपलब्ध गराई खाद्य अधिकार सुनिश्चित गर्नुपर्ने हुन्छ ।

### क. खाद्य अधिकार सुनिश्चितताका आयामहरुः

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी समिति' को साधारण टिप्पणीनं. १२ अनुसार व्यक्तिको खाद्य अधिकार सुनिश्चितताका लागि राज्यद्वारा ४ वटा आयामहरु सुनिश्चित गरिनु पर्दछ। अन्यथा राज्यले व्यक्तीको खाद्य अधिकार सम्बन्धमा दायित्व उल्लंघन गरेको मानिन्छ ।




- **खाद्यको उपलब्धताः**
  खाद्यको उपलब्धता खाद्य अधिकार सुनिश्चितताको लागि आवश्यक पर्ने पहिलो आयाम हो । यसले व्यक्ति वा परिवारको लागि आवश्यक पर्ने खाद्य आफैंले उत्पादन गरी वा खाद्य प्राप्तीका अन्य उपायाहरु जस्तैः माछा मार्ने, शिकार खेल्ने, कन्दमुल वा सागपात तथा फलफुल संकलन गर्ने कार्य मार्फत उपलब्ध हुनु पर्ने कुरालाई जनाउँदछ भने अर्कोतर्फ व्यक्ति वा परिवारको लागि आवश्यक खाद्य किन्नको लागि बजारमा नियमित उपलब्धता हुनुपर्ने कुरालाई जनाउँदछ ।

- **खाद्यमा पहुँचः** उपलब्ध खाद्यमाथिको पहुँच खाद्य अधिकार सुनिश्चितताको लागि आवश्यक पर्ने दोस्रो आयाम हो । व्यक्ति वा परिवारको खाद्य वा खाद्यको स्रोतमाथिको आर्थिक तथा भौतिक दुवै पहुँच सुनिश्चित भएको अवस्थालाई 'खाद्यको पहुँच' भनिन्छ । खाद्यमा पहुँचको अवस्थालाई दुई तरिकाले हेर्न सकन्छि । खाद्यमा पहुँच भन्नाले **आर्थिकपहुँच र भौतिक पहुँचको अवस्थालाई दर्शाउछ । आर्थिक पहुँचले** कुनै पनि व्यक्ति तथा परिवारले आफूलाई आवश्यक पर्ने प्रयाप्त खाद्य खरिद गर्न सक्ने आर्थिक क्षमतालाई जनाउँदछ । आर्थिक क्षमता सुनिश्चितताको लागि राज्यले अनुकुल वातावरण तयार गर्नुपर्दछ । जस्तैः शिक्षा, रोजगार, सामाजिक सुरक्षा, सहुलियत ऋण, सिंचाई, मल, बिउ आदिको व्यवस्था गर्नु पर्दछ । जसले नागरिकको आयआर्जनमा बृद्धि हुन्छ र खाद्यन्न खरिद गरि उपभोग गर्न सक्छ । त्यसैगरि **भौतिक पहुँचले** शारीरिक तथा मानसिक रुपमा अशक्त, भौगोलिक रुपमा अतिदुर्गम तथा विकट क्षेत्रका बासिन्दा, आपतकालीन अवस्थामा रहेका व्यक्ति तथा समुदायको खाद्यमा सहजपहुँच भएको अवस्थालाई भौतिक पहुँच भएको मानिन्छ। यसले आदिवासी/जनजातिको परम्परागत पेशा, व्यवसाय र उनीहरुले परम्परागत रुपमा भोगचलन गर्दै आएको श्रोतमाथिको पहुँचलाई समेत जनाउँदछ ।

- **खाद्यको प्रयाप्तताः** यो खाद्य अधिकार सुनिश्चितताको लागि आवश्यक पर्ने तेश्रो आयाम हो । खाद्यको प्रयाप्तताले उपलब्ध खाद्यको मात्रा र गुण दुवैको सुनिश्चिततालाई जनाउँदछ । मात्रात्मक सुनिश्चितता अन्तर्गत व्यक्तिको शारीरिक आवश्यकता अनुरुपको खाद्यको मात्रा तथा परिमाण र गुणात्मक सुनिश्चितता अन्तर्गत स्वच्छ, सुरक्षित, गुणस्तरीय, सांस्कृतिक रुपले स्वीकार्य पोषणयुक्त खाद्य पर्दछ । उपलब्ध खाद्य व्यक्तिको स्वास्थ्यमा प्रतिकूल असर पार्ने हानिकारक तत्वहरू मिसावट भएको, विषादी प्रयोग भएको, म्याद नाघेको, सडेगलेको, विषाक्त पदार्थयुक्त भएको खण्डमा खाद्य अधिकार सुनिश्चित भएको मानिदैन ।

- **खाद्यको दिगोपनाः** यो खाद्य अधिकार सुनिश्चितताको लागि आवश्यक पर्ने चौथो आयाम हो । खाद्यको दिगोपनाले खाद्यको उपलब्धता, प्रयाप्तता र पहुँचको दिगो सुनिश्चिततालाई जनाउँदछ । खाद्यको प्रयाप्तता, उपलब्धता र पहुँच केही निश्चित समयका लागि मात्र नभई वर्तमान र भविष्यका सन्ततीहरुका लागि समेत सुनिश्चित भएको खण्डमा मात्र खाद्यको दिगोपना भएको मानिन्छ ।

**ख. खाद्य अधिकार सम्बन्धमा राज्यको दायित्वः**

संयुक्त राष्ट्र संघको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी माहासन्धीको साधारण टिप्पणी नं. १२ अनुसार व्यक्तिको खाद्य अधिकार सुनिश्चितताको लागि राज्यले मूलतः ३ प्रकारका दायित्वहरु पुरा गर्नुपर्दछ, ।

- **सम्मान गर्ने दायित्वः** राज्यद्वारा व्यक्ति वा समुदायको खाद्य उत्पादनको विद्यमान श्रोतमाथिको पहुंचलाई हस्तक्षेप नगर्नु अर्थात सम्मान गर्नु खाद्य अधिकारको 'सम्मान गर्ने दायित्व' हो । जस्तैः राज्यद्वारा खाद्य उत्पादनका श्रोतहरू-जल, जमिन, जंगल वा अन्य श्रोतमाथिको पहुँच घटाउने वा प्रतिबन्ध लगाउने, व्यक्ति वा समुदायले उपभोग र बसोबास गर्दै आएको जमिन र आवासबाट प्रयाप्त क्षतिपूर्ति, पुनर्वास वा पुनर्स्थापना बिना जबर्जस्ती विस्थापित गर्ने आदि जस्ता कार्यहरु गरेमा वा त्यस्ता किसिमका पश्चगामी कानुन, नीति तथा कार्यक्रमहरुको निर्माण र कार्यान्वयन गरेमा सम्मान गर्ने दायित्व उल्लघंन गरेको मानिन्छ ।

- **संरक्षण गर्ने दायित्व:** राज्यद्वारा व्यक्ति वा समुदायको खाद्य उत्पादनको विद्यमान श्रोतमाथिको पहुँचमा कुनै तेस्रो पक्षबाट हुनसक्ने हस्तक्षेपबाट संरक्षण प्रदान गर्नु खाद्य अधिकारको 'संरक्षण गर्ने दायित्व' हो । जस्तै: जल, जमीन र जङ्गलको उपभोगबाट बञ्चित गराउने, श्रमिकलाई उचित ज्याला नदिने, पानी प्रदुषित गर्ने, पानीको मुहान छेक्ने, खाद्य बस्तुमा मिसावट तथा कम गुणस्तरको खाद्य बस्तु बिक्रि बितरण गर्ने आदि जस्ता अवस्थाबाट संरक्षण गर्न राज्यले प्रभावकारी नियमन तथा सो सम्बन्धमा आवश्यक कानुन निर्माणगरी व्यक्तिको खाद्य अधिकार संरक्षण गर्नु पर्दछ ।

- **परिपूर्ति गर्ने दायित्व:** परिपूर्ति गर्ने दायित्व अन्तर्गत राज्यले दुई प्रकारका नीतिगत प्रावधानहरु कार्यान्वयन गर्नु पर्दछ ।

    - **सहजीकरण गर्ने दायित्व:** यस दायित्व अन्तर्गत खाद्य अधिकारको जोखिममा रहेका त्यस्ता व्यक्ति तथा समुदाय पहिचान गर्नुपर्दछ जसले खाद्य उत्पादनका श्रोत साधन र अनुकुल वातावरण भएमा आफुलाई आवश्यक पर्ने खाद्य आफैंले व्यवस्था गर्न 'सक्षम' छन् तर श्रोत साधन र अनुकुल वातारणका अभावका कारण आफैं खाद्य जोहो गर्न सक्षम छैनन् । राज्यले त्यस्ता व्यक्ति तथा समुदायको लागि 'बिशेष नीति तथा कार्यक्रम' निर्माण गरी उनीहरुको खाद्य उत्पादनका श्रोत साधनमाथि निरन्तर पहुँच बढाउन सहजीकरण गर्नु पर्दछ । भूमिहीन किसानलाई भूमी, बीउविजन, सिंचाई, प्रविधि तथा औजार, सामाजिक सुरक्षा, ज्ञान सीप, किसान सहायता परिचयपत्र, सहुलियत ऋण, अनुदान आदि सुनिश्चितता गर्नु पर्दछ ।

    - **उपलब्ध गराउने दायित्व:** यस दायित्व अन्तर्गत राज्यले यदि कुनै व्यक्ति वा समुदाय जो आफुसँग उपलब्ध श्रोत साधन र क्षमताको प्रयोग गरी आवश्यक खाद्य आफैं जोहो गर्न असमर्थ भएमा वा काबुबाहिरको परिस्थितिका कारण आफ्नो जीविका गर्न नसक्ने अवस्था भएमा उनीहरुलाई सोझै खाद्य वा खाद्य सहायता उपलब्ध गराई खाद्य अधिकार सुनिश्चित गर्नु पर्दछ । यस अन्तर्गत कुनै पनि व्यक्ति भोकमरी र कुपोषणको शिकार हुन नपरोस् भन्ने कुराको सुनिश्चितता गराउने न्यूनतम दायित्व पर्दछ । जस्तै: आपतकालीन अवस्थामा रहेका व्यक्ति वा परिवारलाई अस्थायी रुपमा खाद्य वितरण, नि:शुल्क दिवा खाजा आदि ।

### ग. खाद्य अधिकारको अन्य अधिकारसँगको अन्तरसम्बन्ध:

खाद्य अधिकार अन्य अधिकार उपभोगको लागि अपरिहार्य अधिकार हो भने खाद्य अधिकारको उपभोगको लागि अन्य आधारभूत अधिकार समेत प्रत्याभूती हुनु आवश्यक छ ।

### १.२.२ खाद्य सुरक्षा:

'खाद्य सुरक्षा' अवधारणा समयक्रमसंगै निरन्तर रुपमा परिमार्जित तथा विकसित हुँदै आईरहेको अवधारणा हो । यस अवधारणाको शुरुवातमा खाद्य सुरक्षालाई अन्तर्राष्ट्रिय स्तरमा खाद्यान्नको उत्पादन र आपूर्तिको रुपमा बुझिन्थ्यो । सन् १९७० को दशकको अन्त्यसम्म आईपुग्दा यसलाई 'राष्ट्रिय स्तरमा खाद्यान्नको आपूर्ति तथा कृषि उत्पादन बृद्धिको लक्ष्यको रुपमा लिई आपूर्ति र उत्पादनमुखी



नीतिहरुको निर्माणमा केन्द्रित हुनु पर्छ' भन्ने बुझाईको विकास भयो । सन् १९८० को दशकमा उत्पादनमुखी नीति तथा हरित क्रान्तिका कारण विश्व खाद्य उत्पादनमा व्यापक बृद्धि हुन गयो । तथापी विश्वमा भोकमरी तथा कुपोषणको अवस्था अत्यधिक बृद्धि भैरहेको तथ्याङ्कहरुले देखायो । जसका कारण उत्पादनमुखी नीति भोकमरी तथा कुपोषणको समस्यालाई समाधान गर्न प्रभावकारी नभएको प्रमाणित भयो । सन् १९८१ मा अमार्त्य सेनद्वारा "गरिवी तथा भोकमरी" विषयमा गरेको अध्ययनले भोकमरीको मुख्य कारण खाद्यान्नको कमी नभई उपलब्ध खाद्यान्नमाथि व्यक्ति तथा समुदायको पहुँच नभएर हो भन्ने निष्कर्ष देखायो । सो अध्ययन पश्चात खाद्य सुरक्षाको बहसमा 'पहुँच' आयामले प्रवेश पायो । फलत: १९९६ को विश्व खाद्य सम्मेलनले खाद्य सुरक्षाको परिभाषामा 'पहुँच' लाई अभिन्न अङ्गको रुपमा स्वीकार गरी परिमार्जित परिभाषा दियो ।

"खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५" ले खाद्य सुरक्षाको यसरि परिभाषित गरेको छ, सक्रिय र स्वस्थ मानव जीवनयापन गर्न आवश्यक हुने खाद्यमा प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पहुँच पुगेको अवस्था हो । जस अनुसारखाद्य सुरक्षातब सुनिश्चित भएको मानिन्छ जब व्यक्तिलाई स्वस्थ र सक्रिय जीवन जिउन आवश्यक पर्ने खाद्यको छनौट अनुसार दिगो रुपमा पर्याप्त, सुरक्षित एवं पोषणयुक्त खाद्यमा भौतिक र आर्थिक पहुँच पुगेको हुन्छ ।खाद्य सुरक्षा अवधारणाले खाद्यको उपलब्धताको साथै सो खाद्यमा हुनुपर्ने पोषणको सुनिश्चितालाई अनिवार्य शर्तका रुपमा हेर्दछ । पोषणयुक्त खाद्य प्राप्तीका लागि लक्ष्यहरुको निर्धारण र लक्ष्य प्राप्तिको लागि आवश्यक नीति तथा कार्यक्रमहरु कार्यान्वयनको माग गर्दछ । तर कुनै व्यक्ती वा समुदाय खाद्य असुरक्षित भएमा सो को लागि कहाँ दाबी गर्ने, को दायित्व हने र निर्धारण गरिएका लक्ष्यहरु कसरी प्राप्त गर्ने सम्बन्धमा भने यो अवधारणा मौन रहेको पाईन्छ ।

**खाद्य सुरक्षाका आयाम:** खाद्यको उपलब्धता, पहुँच, उपयोग र दिगोपना खाद्य सुरक्षाका ४ आयामहरु हुन् । यी आयामहरू सुनिश्चित भएको खण्डमा मात्र व्यक्ति खाद्य सुरक्षित भएको मान्न सकिन्छ ।




- **खाद्यको उपलब्धता:** खाद्यको उपलब्धता भन्नाले खाद्य सुरक्षालाई सुनिश्चित गर्नको लागि आन्तरिक उत्पादन, आयात, भण्डारण वा खाद्य सहायताका माध्यमद्वारा पर्याप्त मात्रामा गुणस्तरीय खाद्य पदार्थको भौतिक उपलब्धतालाई जनाउँदछ । यसले उत्पादक र उपभोक्ताबिचको सम्बन्ध स्थापित गर्नको लागि बजार प्रणालीको विद्यमानतालाई समेत जनाउँदछ ।
- **खाद्यमा पहुँच:** खाद्यमा पहुँच भन्नाले कुनै परिवारको आफूलाई चाहिने पर्याप्त खाद्यान्न सधैं प्रबन्ध गर्नसक्ने क्षमतालाई जनाउँछ । यसका भौतिक र आर्थिक पहुँच गरी दुईपक्ष छन् । भौतिक पहुँचले व्यक्ति वा घरधुरी जुन ठाउँमा बसोबास छ त्यही ठाउँमा खाद्य उपलब्ध हुने अवस्थालाई जनाउँछ भने आर्थिक पहुँचले खाद्य आवश्यकता पूरा गर्नका लागि भौतिक रुपमा उपलब्ध खाद्य नियमित रुपमा खरिद गर्न सक्ने एउटा परिवारको आर्थिक क्षमतालाई जनाउँदछ । खाद्य वस्तु पर्याप्त मात्रामा उपलब्ध छ तर क्रय शक्ति छैन भने उपलब्ध खाद्यान्नमा पहुँचमा नहुन सक्छ र त्यसलाई खाद्य असुरक्षाको अवस्थाको रुपमा लिईन्छ ।
- **खाद्यको उपयोग:** खाद्यको उपयोग भन्नाले पर्याप्त खाद्य, सफा पानी, सरसफाई र स्वास्थ्य सेवाको माध्यमबाट उपयुक्त पोषणको स्थिति प्राप्त गर्नका लागि 'खाद्यान्नको उचित प्रयोग गर्ने क्षमता' लाई जनाउँछ । यसले खाद्य सुरक्षाको लागि आवश्यक गैह्र खाद्य पक्षको महत्वलाई देखाउँछ । यस अन्तर्गत खाद्य वस्तुको छनौट, संकलन, भण्डारण, संरक्षण, प्रशोधन, तयारी, पोषण सम्बन्धी ज्ञान तथा आनिबानि आदि जस्ता कुराहरु पनि पर्दछन् ।

- **खाद्यको दिगोपना:** खाद्यको दिगोपनाले खाद्य सुरक्षाको तीनवटै आयामहरु एकैनासले निरन्तर हुनुपर्दछ भन्ने बुझिन्छ । अर्थात यी ३ वटै आयामहरुको सुनिश्चितता केवल एक क्षण वा एक दिन वा एउटा मौसमको लागि मात्र नभई दिगो रुपमा स्थायी तवरले सुनिश्चित भएमा मात्र खाद्य सुरक्षा भएको मानिन्छ ।

### १.२.३ खाद्य सम्प्रभुता:

खाद्य सम्प्रभुता एक नविनतम र राजनैतिक अवधारणा हो । जसलाई खाद्य प्रणाली (उत्पादन, वितरण र उपभोग) तथा सोसँग सम्बन्धित नीतिको सम्बन्धमा राष्ट्र र किसान स्वयंले परिभाषा, योजना निर्माण तथा सोको निर्णय र कार्यान्वयन गर्न पाउने अधिकारको रुपमा लिईन्छ । यसले खाद्यान्न उत्पादनकर्ता तथा किसानलाई खाद्य प्रणाली एवं नीतिको केन्द्रमा राख्दछ भने 'खाद्य प्रणालीमा' स्थानीयको लोकतान्त्रिक नियन्त्रण' हुनुपर्ने कुरालाई जोड दिन्छ । कृषि तथा खाद्य प्रणालीमा बहुराष्ट्रिय कम्पनीहरुको भन्दा पनि निर्वाहमुखी उत्पादनकर्ता र कृषकको अधिकारको वकालत गर्छ । साथै वातावरणीय तथा आर्थिक दिगोपना सुनिश्चित गर्दै स्थानीय खाद्य उत्पादनकर्ता, वितरक तथा उपभोक्ताको शसक्तीकरण गर्ने कुरामा जोड दिन्छ । यसले खाद्य अधिकार तथा सोको लागि आवश्यक पर्ने स्वच्छ, स्वस्थ, वातावरणीय रुपमा दिगो खाद्यान्न उत्पादन र प्राप्तिको अधिकारलाई महत्व दिन्छ ।

नेपाल सरकारले लागू गरेको **"खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५"** ले प्रत्येक नागरिकले खाद्य सम्प्रभुताको अधिकारको संरक्षण र प्रबर्द्धनको अधिकार हुने व्यवस्था गरेको छ । जसमा प्रत्येक किसानले पहिचान र सम्मान पाउने, खाद्य तथा कृषि उत्पादन प्रणालीमा सहभागि हुने, कृषि कार्यका लागि आवश्यक पर्ने साधन श्रोतमा पहुँच स्थापित गर्ने, स्थानीय बीउ बिजन, प्रविधि, औजार तथा कृषि प्रजातिको छनौट तथा त्यसको बौद्धिक सम्पत्तिको संरक्षण प्राप्त गर्ने, परम्परागत तथा रैथाने खाद्यको संरक्षण गर्ने, उन्नत प्रविधिका साथै वातावरण मैत्री मल र बीउको व्यवस्थापन गर्ने, कृषि तथा खाद्य उत्पादनको क्षेत्रमा सरकारले लगानी बृद्धि गर्ने लगायतका प्रावधानहरुको व्यवस्था गरेको छ । जसले कृषि पेशाको संरक्षण र किसानको जीवनस्तरको प्रबर्द्धन गरि देशको आर्थिक समृद्धि हासिल गर्न सकिन्छ ।

### क. खाद्य सम्प्रभुताका स्तम्भहरु:

खाद्य सम्प्रभुता भनेको खाद्य उत्पादन, उपभोग तथा वितरण प्रणालीमा नागरिकको सहभागिता र पहुँच स्थापित भएको अवस्था हो । खाद्य सम्प्रभुता सुनिश्चित हुनका लागि निम्न अनुसारका स्तम्भहरु हुन आवश्यक छ ।

- **खाद्यमानवको लागि पहिलो प्राथमिकता:** खाद्य सम्प्रभुताले खाद्यलाई अन्तर्राष्ट्रिय कृषि व्यापारको बस्तुको रुपमा मात्र नहेरी एक आधारभूत मानव अधिकारको रुपमा हेर्दछ । खाद्य विना मानव जीवन रहन सक्दैन । खाद्य र जीवन सँगसँगै जोडिएर रहेको हुन्छ ।




- **खाद्य उत्पादनकर्तालाई विशेष महत्व:** यसले महिला, पुरुष, साना किसान, चरिचरक, मछुवार, वनमा आश्रित समुदाय, आदिवासी जनजाती, कृषि मजदुर आदि जस्ता खाद्य उत्पादनकर्ताको श्रमको सम्मान गरी दिगो जीविकोपार्जनका लागि विशेष महत्व दिन्छ ।

यसले खाद्य उत्पादनकर्ताको जीविकोपार्जनलाई नकारात्मक प्रभाव पार्ने नीति, कार्य तथा कार्यक्रमलाई अस्वीकार गर्दछ ।विपन्न तथा सिमान्तकृत जो खाद्य उत्पादनकर्ताको रुपमा जीवन निर्वाह गर्दै आएका छन् । विकास गर्ने नाममा उनीहरुको आत्मसम्मानमा चोट पुग्ने र पहिचान गुम्ने क्रियाकलापहरु गर्न पाईदैन ।

- **खाद्य प्रणालीको स्थानीयकरणः** स्थानीय बजार मार्फत खाद्य उत्पादनकर्ता र उपभोक्ताबीच गहिरो सम्बन्ध स्थापित गरी उनीहरुलाई खाद्य सम्बन्धी सवालहरुको सुंयक्त निर्णय प्रक्रियालाई केन्द्रमा राख्दछ । अनुत्तरदायी व्यापारिक संस्थाहरुमाथिको निर्भरतालाई प्रबर्द्धन गर्ने किसिमका राज्यका संरचना, सन्धि सम्झौता एवं दीर्घकालीन तथा न्याय संगत नहुने नीति, नियम वा अभ्यासहरु समेतलाई अस्वीकार गर्दछ ।

- **उत्पादनको स्रोतमाथि स्थानीयको उपभोग तथा नियन्त्रणको अधिकारः** भूमि, बीउबिजन, पानी, चरिचरन, पशु, मत्स्यक्षेत्र आदि जस्ता उत्पादनको स्रोतमाथिको उपभोग, नियन्त्रण तथा संरक्षणको अधिकार स्थानीय उत्पादनकर्तामा हुनु पर्दछ भन्ने मान्यता राख्दछ । यसले कानुन, व्यापारिक करार तथा बौद्धिक सम्पत्तिको माध्यमबाट प्राकृतिक श्रोतहरुको निजिकरणलाई अस्वीकार गर्दछ ।
- **स्थानीय परम्परागत ज्ञान, सीप र प्रविधिको प्रबर्द्धन र संरक्षणः** खाद्य सम्प्रभुताले खाद्य उत्पादनकर्ता र उनीहरुको संगठनमा भएको स्थानीय परम्परागत ज्ञान, सीप र प्रविधिलाई खाद्य प्रणालीको केन्द्रमा राख्दछ । स्थानीय खाद्य प्रणालीलाई कमजोर गर्ने खालका प्रविधिहरुलाई अस्वीकार गर्दछ।रैथाने तथा वातावरणमैत्री बीउ बिजनको प्रयोग, संरक्षण र प्रबर्द्धनका लागि किसानहरुसँग नै सबैभन्दा बढि ज्ञान, अनुभव र सीप छ । त्यसकारण उनीहरुको सहभागिता विना कृषि विकासका कार्यक्रमहरु विकास गर्न र कार्यान्वयन गर्न सकिदैन ।

- **प्रकृतिसँगै काम गर्नेः** खाद्य सम्प्रभुताले कृषि पर्यावरणमा क्षति नपुग्नेगरी जैविक विविधतामैत्री कृषिप्रणालीमा जोड दिन्छ । यसले पर्यावरणलाई अधिकतम प्रबर्द्धन गर्ने खालका कृषि प्रविधिहरुलाई प्राथमिकता दिन्छ भने पर्यावरण प्रणालीमा हानी पुऱ्याउने प्रविधिहरुलाई अस्वीकार गर्दछ । विकासको नाममा पर्यावरणको गुणस्तर विगार्ने बीउ बिजन, प्रविधि तथा कुनै पनि गतिविधि स्वीकार्न सकिदैन ।

**ख. खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी कानुनी प्रावधानः**

संयुक्त राष्ट्रसंघले सन् १९४८ को डिसेम्बर १० मा मानव अधिकारको विश्वव्यापी घोषण-पत्र जारी गरेको हो । घोषणापत्रको धारा २५ अनुसार 'प्रत्येक व्यक्तिलाई भोजन, कपडा, आवास लगायत आधारभूत आवश्यकताको लागि पर्याप्त जीवनस्तरको अधिकार हुनेछ ।' त्यस्तै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ११(१) अनुसार प्रत्येक व्यक्तिको पर्याप्त भोजन लगायत आफू तथा आफ्नो परिवारको पर्याप्त जीवनस्तरको अधिकार हुनेछ, भने धारा ११(२) अनुसार प्रत्येक व्यक्तिलाई भोकबाट मुक्त हुने आधारभूत हक हुनेछ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिको साधारण टिप्पणी नं. १२ अनुसार 'पर्याप्त खाद्यको अधिकार तब प्राप्ति भएको मानिन्छ जब हरेक पुरुष, महिला तथा बालबालिकाले एक्लै वा समुदायमा जुनसुकै समयमा पर्याप्त खाद्यान्न वा सो हासिल हुने स्रोत वा यसको उपार्जनको माध्यमसम्म भौतिक तथा आर्थिक पहुँच हुन्छ । नेपाल सरकारले ती विश्वव्यापी घोषणापत्र तथा अन्तर्राष्ट्रिय अनुबन्धमा उल्लेख भएका प्रावधानहरुको पालना गर्ने गरि प्रतिबद्धता जनाएको छ ।

कुनै पनि राष्ट्रले आफ्ना नागरिकलाई स्थान, जातजाति, भाषा, धर्म, लिङ्ग, पेसा, आस्था, भेषभूषा, आर्थिक अवस्था वा वर्ण आदिका आधारमा भेदभाव वा अपमान गर्न पाइँदैन । मानव अधिकारको

विश्वव्यापी घोषणपत्रमा भनिएको छ कि “नागरिकले राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू कुनै पनि किसिमका भेदभावविना सबैले समान रूपले उपभोग गर्न पाउँछन्” ।

संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठनको सन् १९६५ को प्रस्तावनामा प्रत्येक नागरिकले स्वस्थ जीवन बाँच्न पाउनका लागि राष्ट्रिय स्तरमा गरिएका विभिन्न प्रतिबद्धताहरूलाई पालना तथा आत्मसाथ गर्दै मानव समुदायलाई भोकबाट छुट्कारा दिलाउने उद्देश्यले यसको स्थापना भएको हो । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धसँग आबद्ध सदस्य राष्ट्रहरूले यस अनुबन्धमा उल्लेखित दायित्वहरू पालना गर्नुपर्दछ । त्यसैगरी विश्व खाद्य शिखर सम्मेलन १९९६ को प्रतिबद्धता ७ को उद्देश्य ७.४ मा खाद्य अधिकारको मान्यता अनुरूप भोकमरी र गरिबी हटाउन विभिन्न कार्यक्रम कार्यान्वय गर्नुपर्ने कुरा उल्लेख छ । साथै सम्मेलनले विश्वका हरेक नागरिकका लागि स्वस्थ र गुणस्तरीय खाद्यान्न आदिमा पर्याप्त पहुँच पुग्नुलाई आधारभूत अधिकारको रूपमा किटान गरेको छ । सन् २०१५ को २५ सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघको महासभाले दिगो विकास लक्ष्य, २०३० अनुमोदन गरेको छ जसले सन् २०३० सम्म विश्वव्यापी रूपमा भोकमरी र गरिबीको अन्त्य गर्ने घोषणा गरेको छ ।

नेपाल सरकारले खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धता अनुरूप संवैधानिक तथा कानुनी व्यवस्थाहरू गरेको छ । नेपालको संविधान २०७२ को धारा ३६ ले खाद्य सम्बन्धी हकलाई नागरिकको मौलिक हकको रूपमा व्यवस्था गरेको छ भने यस हकलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नका लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । त्यस्तै, कृषि विकास रणनीति (२०१५-२०३५) ले कृषि क्षेत्रलाई व्यवसायिकरण गरि आर्थिक बृद्धिलाई गतिदिने, नागरिकको जीवनस्तरलाई माथि उकास्ने र खाद्य तथा पोषण सुरक्षामा योगदान दिने रहेको छ । बहुक्षेत्रीय पोषण योजना २०७५/७६ देखि २०७९/८० निमार्ण भई कार्यान्वयनमा रहेको छ । जसको उद्देश्य ३६ प्रतिशत पुड्का बालबालिकालाई सन् २०२५ भित्रमा २४ प्रतिशत र २०३० सम्ममा १४ प्रतिशतमा झार्नु रहको छ । नेपालले दिगो विकास लक्ष्यलाई अंगिकार गरी सन् २०३० सम्म भोकमरीलाई शून्यमा झार्ने अन्तर्राष्ट्रिय रुपमा प्रतिबद्धता जनाएको छ भने सोही बमोजिम नेपाललाई नेपाली जनताको खाद्य अधिकार सुनिश्चित गर्दै नेपाललाई भोकमरी तथा कुपोषण मुक्त राष्ट्र बनाउने उद्देश्यले शून्य भोकमरी चुनौति राष्ट्रिय कार्ययोजना, २०१६-२०२५ लागू गरि कार्यान्वय गरिरहेको छ ।

## १.३ भोकमरी र गरिबीको बिद्यमान अवस्थाः

विश्वमा विद्यमान खाद्य उत्पादनले हाल रहेको सम्पूर्ण जनसङ्ख्यालाई यथेष्ट रूपमा खान पुग्छ । तर खाद्य तथा कृषि संगठनले सार्वजनिक गरेको विश्वको खाद्य सुरक्षा तथा पोषणको अवस्था सम्बन्धी प्रतिवेदन २०२० अनुसार झण्डै ६९० मिलियन (कुल जनसंख्याको ८.९ प्रतिशत) मानिसहरू भोकमरी सहेर बाँच्न बाध्य छन् । कोभिड १९ का कारण सन् २०२० मा विश्वका थप १३२ मिलियन मानिसहरु गम्भीर भोकमरीको चपेटामा पर्न जानेछन् । एशिया सबै भन्दा बढी भोकाहरुको स्थल ( ३८१ मिलियन) र त्यसपछि अफ्रिका महादेश (२५० मिलियन) रहेका छन् । साना किसान, गोठाला तथा मछुवारहरुले विश्वलाई आवश्यक पर्ने करिब ७० प्रतिशत खाद्य आपुर्ति गर्दछन् तर यीनै खाद्य उत्पादकर्ताहरु खाद्य असुरक्षित छन । हरेक ९ मा १ जना मानिस हरेक दिन भोकै सुत्नुपर्ने अवस्था छ । भोकमरीसँग सम्बन्धित रोगका कारण ५ सेकन्डमा १ बालकको मृत्यु भईरहेको छ ।

नेपालमा करिब १७.४% जनसंख्या गरिबीको रेखामुनि बाँचिरहेका छन् जस मध्ये १२.३ % शहरी गरीवी र ग्रामिण गरीवी २८ % छन । प्रदेशगत रुपमा गरिवी हेर्दा कोशी प्रदेशमा



प्रदेशमा १५.९ प्रतिशत, मधेस प्रदेशमा २४.२ प्रतिशत, बागमती प्रदेशमा ७ प्रतिशत, गण्डकी प्रदेशमा ९.६ प्रतिशत, लुम्विनी प्रदेशमा १८.२ प्रतिशत, कर्णाली प्रदेशमा ३९.५ प्रतिशत र सुदुर पश्चिम प्रदेशमा २५.३ प्रतिशत मानिसहरू छन्। यसरी भोकमरी र गरिबीको अवस्था हेर्दा यसबाट प्रभावितहरूको सङ्ख्या बढ्ने क्रममा छ । गरिवीको रेखामुनी रहेको जनसंख्या सबैभन्दा बढि कर्णाली प्रदेशमा रहेको छ भने दोश्रोमा सुदुरपश्चिम प्रदेश रहेको छ । गरिवीको रेखामुनी रहेका मानिसहरु नै सबैभन्दा बढि खाद्य तथा पोषण सुरक्षाको जोखिममा रहेका रहेका छन् ।

नेपालमा विगत २ दशकमा ५ वर्ष मुनीका बालबालिकामा हुने कुपोषणको अवस्था दयनिय रहेको छ । NDHS को प्रतिवेदन अनुसार सन् २००१ मा पुड्कोपन ५७ प्रतिशत, कम तौल ४३ प्रतिशत र ख्याउटेपन ११ प्रतिशत रहेको देखिन्छ भने २०२२ मा २५ प्रतिशत, १९ प्रतिशत र ८ प्रतिशतमा झरेको देखिन्छ । यो समस्या न्यूनिकरणका लागि नेपाल सरकारले सन् २०३० सम्ममा पुड्कोपन १५ प्रतिशत, कम तौल ९ प्रतिशत र ख्याउटेपन ४ प्रतिशतमा झार्ने लक्ष्य राखेको छ ।

खाद्य तथा पोषण सुरक्षाको वर्तमान अवस्थालाई विश्लेषण गर्दा शिक्षा, चेतना, सेवा प्रवाह प्रणाली, शक्ति र पहुँचले यसलाई ठुलो प्रभाव पारेको देखिन्छ । बालबालिका, जेष्ठ नागरिक, फरक शारीरिक/मानसिक अवस्था भएका मानिसहरू तुलनात्मक रूपमा खाद्य सुरक्षाको दृष्टिकोणबाट उच्च जोखिममा छन् । भोकमरीको प्रत्यक्ष सम्बन्ध गरिबीसँग जोडिएको हुन्छ । स्रोत साधनको अभाव र उत्पादनका स्रोत माथिको पहुँचमा कमी हुदा खाद्य असुक्षा र खाद्य अधिकारबाट बञ्चित हुने अवस्था आउछ । खाद्य सुरक्षा र खाद्य अधिकारका विषयमा विश्लेषण गर्दा खाद्य तथा खाद्य उत्पादनका श्रोत साधनमाथिको पहुँच, वितरण प्रणाली र न्यायोचित भू-उपयोग नीतिमा निर्भर रहन्छ । मानव अधिकार मानिसको आधारभूत अधिकार हो भने खाद्य आधकार मानवको मौलिक हक हो । हरेक मानिसले आत्मसम्मानका साथ मर्यादित जीवन बाँच्न पाउनु पर्दछ । यो नै हरेक मानिसको नैसर्गिक अधिकार हो ।

**१.४ खाद्य तथा पोषण सुरक्षा रणनैतिक योजना निर्माणको उद्देश्यः**नारायण नगरपालिकाको खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना निर्माण गर्नुका निम्न अनुसारका उद्देश्यहरु रहेका छन् ।

**१.४.१ खाद्य जोखिममा रहेका समुदायका लागि विशेष कार्यक्रमसंचालन गर्नेः**खाद्य तथा पोषण जोखिममा रहेका परिवार तथा समुदाय पहिचान गरीजोखिममा पर्नुका कारण, जीविकोपार्जनको अवस्था, जोखिम न्युनिकरण तथा समाधानका उपायहरु बिश्लेषण गरी उनीहरुको खाद्य तथा पोषण सुरक्षामा सुधार गर्नका लागि लक्षित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।

**१.४.२श्रोत साधनको न्यायोचित परिचालन मार्फत समृद्ध पालिका निर्माण गर्नेः** पालिका भित्र रहेका स्रोतहरु जस्तैः जल, जमिन, जंगल, जडीबुटी, खानी आदिको पहिचान तथा दिगो परिचालन गरी कृषि तथा पशुपंक्षी विकासका कार्यक्रमहरु मार्फत स्वरोजगारी सृजना गरी आर्थिक तथा सामाजिक रुपान्तरण गर्ने ।

**१.४.३ खाद्य प्रणालीको सवलीकरण गर्नेः** खाद्य प्रणालीको स्थानीयकरण, बजारीकरण, खाद्य उत्पादनकर्ता र उपभोक्ता बीच प्रत्यक्ष सम्बन्ध स्थापना, उत्पादनका स्रोतमाथी स्थानीयको पहुँच, परम्परागत ज्ञान, सिप र प्रविधिको प्रबर्द्धन र संरक्षण, जैविक विविधतामैत्री कृषि प्रणालीमा जोड दिई नागरिकको समग्र खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको अधिकार संरक्षण र प्रबर्द्धन गर्ने ।

**१.४.४ खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को कार्यान्वयन गर्नेः** खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ मा रहेका प्रावधानहरुको परिपूर्ति तथा कार्यान्वयनमा योगदान गर्ने ।

**१.५ खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना तर्जुमा विधि तथा प्रक्रिया र सिमाः** नारायण नगरपालिकाको खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना निर्माणका लागि निश्चित विधि तथा प्रक्रिया अपनाईएको छ । अपनाइएका विधि तथा प्रक्रिया निम्न अनुसार रहेका छन् ।

**१.५.१पहिलो तथा प्रारम्भिक चरणः**पहिलो चरणमाखाद्य तथा पोषण सुरक्षाको अवधारणा विकासका साथै निम्न अनुसारका क्रियाकलापहरु गरिएको थियो ।

- खाद्य तथा पोषण सुरक्षा प्रबर्द्धनका लागि अवधारणा पत्रको विकास
- रणनीतिक योजनाको आवश्यकता र महत्व वारेमा छलफल गर्न नारायण नगरपालिकासँग समन्वय बैठक
- खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना निर्माणका लागि अवधारणा पत्र पेश
- नारायण नगरपालिकाद्वारा अवधारणा पत्र स्वीकृत र श्रोत साझेदारीको सम्झौता

**१.५.२ दोश्रो चरणः** खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना निर्माणको दोश्रो चरणमा निम्न अनुसारका विषयवस्तुहरुमा छलफल र विश्लेषण गरिएको थियो ।

- **पालिका स्तरीय कार्यशालाः**यो चरण खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना निर्माणको शुरुवातको चरण हो । नारायण नगरपालिका स्तरीय कार्यशालाको औपचारिक उद्घाटन सत्र पश्चात प्राविधिक सत्र संचालन गरिएको थियो । नगरपालिका प्रमुखको अध्यक्षतामा सम्पन्न भएको सो कार्यशालामा उपप्रमुख, निमित्त प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिहरु, गैर सरकारी संस्थाका प्रतिनिधिहरु, खाद्य अधिकार संजालका प्रतिनिधिहरु र पत्रकारहरुको सहभागिता रहेको थियो । कार्यशालामा नगरपालिकाको परिकल्पना, ध्येय, लक्ष्य, श्रोत तथा खाद्य तथा पोषण सुरक्षाका लागि योगदान पु¥याउने विद्यामान श्रोतहकोअवस्था विश्लेषण, खाद्य तथा पोषण सुरक्षाको क्षेत्रमा जोखिममा परेको समुदाय पहिचान, विषयगत क्षेत्र पहिचान, रणनीतिक उद्देश्यहरु निर्माण गर्नुका साथै खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना निर्माणमा सहयोग गर्ने उप प्रमुखको संयोजकत्वमा कार्यदल गठन गरिएको थियो ।

- **वडा स्तरीय अन्तरक्रियाः** नगरपालिका स्तरीय कार्याशालाबाट तोकिएको मिति र समयमा नारायण नगरपालिकाकासबै ११ वटा वडाहरुमा वडा अध्यक्षको अध्यक्षतामा वडा स्तरीय अन्तरक्रियाहरु सम्पन्न गरिएको थियो ।वडा स्तरीय अन्तरक्रियाहरुउद्घाटन सत्र र प्राविधिक सत्र गरी दुई चरणमा संचालन गरिएको थियो । जसमा पालिका स्तरीय कार्यशालाले पहिचान गरेका विषयगत क्षेत्रको अवस्था विश्लेषण र खाद्य तथा पोषण सुरक्षाको जोखिममा परेका समुदाय तथा परिवारको पहिचान गरिएको थियो ।

- **खाद्य तथा पोषणको जोखिममा परेका समुदायसँग अन्तरक्रिया र तथ्यांक संकलनः** वडा स्तरीय अन्तरक्रियाहरुमा पहिचान गरिएको समुदायमा समुह छलफल गरिएको थियो । खाद्य तथा पोषण सुरक्षाको जोखिममा रहेका परिवार संख्या, जीविकोपार्जनका लागि उनीहरुले अपनाएको पेशा व्यवसाय, उनीहरुले भोग्दै आएको समस्या तथा चुनौतीहरुको वारेमा छलफल गरिएको थियो । उनीहरुको खाद्य तथा पोषण सुरक्षाको अवस्थालाई सुधार गर्नका लागि सरकारले कार्यान्वयन गर्नुपर्ने कार्यक्रमको वारेमा छलफल भएको थियो । जसको

आधारमा यस खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजनामा विभिन्न क्रियाकलापहरु समावेश गरिएको छ ।

- **घरधुरी सर्वेक्षण:**नारायण नगरपालिकाको खाद्य तथा पोषण सुरक्षाको वर्तमान अवस्था पहिचानका लागि जम्मा घरपरिवार मध्ये१०% घरपरिवारको घरधुरी सर्वेक्षणमा समेटिएको छ । घरधुरी सर्वेक्षणका लागि वडा कार्यालयले छनौट गरेका गणकहरुलाई एक दिने अभिमुखिकरण गरी सर्बेक्षण गरिएको हो । घरधुरी सर्वेक्षणबाट प्राप्त भएको नतिजालाई रणनीतिक योजनाको सूचकहरुमा समावेश गरिएको छ ।

- **पालिकाका विषयगत शाखाहरुबाट सूचना संकलन:** नारायण नगरपालिकाको खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना निर्माणका लागि विषयगत शाखाहरुको वर्तमान योजना तथा कार्यक्रमहरुसँग सम्वन्धित सूचना संकलन गरिएको छ । साथै नगरपालिकाले समय समयमा प्रकाशन गरेका विभिन्न दस्तावेजहरुबाट अध्ययन गरी योजनालाई सान्दर्भिक वनाउने प्रयास गरिएको छ । विषयगत शाखाहरुबाट आवश्यक सूचनाहरु संकलन गरी यस रणनीतिक योजनामा समावेश गरिएको छ ।

**१.५.३ तेश्रो चरण:** यस चरणमाप्राप्त सूचनाहरुको विश्लेषण तथा अभिलेखिकरणगरिएको हो । पालिका स्तरीय कार्यशाला, वडा स्तरीय अन्तरक्रिया, खाद्य तथा पोषणजोखिममा परेको समुदायसँगको छलफल, विषयगत शाखाहरुसँगको छलफल, कार्यदलको बैठक, घरधुरी सर्वेक्षणबाट प्राप्त सूचनाहरुलाई विश्लेषण गरी अभिलेखिकरण गरिएको छ । यसैगरिनगरपालिकाको पाश्र्वचित्र, वार्षिक नीति तथा कार्यक्रमको अध्ययन, नगरपालिकाले तयार पारेको तथ्याङ्क तथा सूचनालाई सन्दर्भ सामग्रीको रुपमा लिइएको छ । अन्य सन्दर्भ सामग्रीहरुमा पन्धौं पञ्चवर्षीय योजना, नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५, कृषि विकास रणनीति २०१५-२०३५ रहेका छन् । यसै गरी अन्य जिल्ला तथा स्थानीय तहले तर्जुमा गरेकाखाद्य तथा पोषण योजना, नेपाल सरकारका विभिन्न वार्षिक नीति तथा कार्यक्रमहरु र खाद्य अधिकार सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय दस्तावेजहरु सन्दर्भ सामग्रीको रुपमा प्रयोग गरिएको छ ।घरधुरी सर्वेक्षणबाट प्राप्त भएका सूचनाहरुको विश्लेषण, वर्तमान अवस्थाको आधारमा पञ्च वर्षिय लक्ष्य निर्धारण गरिएको छ ।

**१.५.१.४ चौथो चरण:** यो चरण खाद्य तथा पोषण रणनीतिक योजनाको अन्तिम मस्यौदामा छलफल, सुझाव तथा पृष्ठपोषण आदानप्रदान र सम्पादन गरी प्रकाशन गर्ने चरण हो । यस चरणमा निम्न अनुसारका क्रियाकलापहरु गरिएको छ ।

- खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना बजेट सहित अन्तिम मस्यौदा लेखन
- मस्यौदा सम्पादन
- कार्यदलको पृष्ठपोषण तथा सुझावका लागि प्रस्तुत
- अन्तिम सुझावका लागि कार्यशालामा प्रस्तुत
- सुझावको आधारमा मस्यौदामा पुन:लेखन
- कार्यदलबाट स्वीकृतिका लागि अन्तिम मस्यौदा प्रस्तुत र स्वीकृत
- कार्यदलले पालिकामा हस्तान्तरण
- कार्यपालिकाको बैठकबाट स्वीकृत

- **प्रकाशन प्रक्रिया:**नारायण नगरपालिकाको कार्यपालिकाबाट प्रकाशनका लागि स्वीकृत भएपछि नारायण नगरपालिकाको खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना (२०८१/८२-२०८५/८६) को प्रकाशन गरिएको हो ।

**१.५.५ पाँचौं चरण:** यो चरण खाद्य तथा पोषण रणनीतिक योजनाको कार्यान्वयनको चरण हो । यस चरणमा खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजनालाई प्रभावकारी रुपमा कार्यन्वयन गर्नका लागि नारायण नगरपालिकाले श्रोतको व्यवस्था गरी कार्यान्वयन गर्नेछ । यस चरणमा निम्न अनुसारका क्रियाकलापहरु सञ्चालन गरिने छ ।

- नारायण नगरपालिकाले खाद्य तथा पोषण सुरक्षा रणनीतिकयोजनाको कार्यान्वयनका लागि विभिन्न सरोकारवालाहरुसँग छलफल, समन्वय, सहकार्यतथा लगानी सम्मेलन जस्ता कार्यक्रमहरुको आयोजना गर्नेछ । यसरीखाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक पर्ने आर्थिक तथा प्राविधिक श्रोतहरु जुटाउने प्रयास गर्नेछ ।
- रणनीतिक योजना कार्यान्वयनका क्रममा समुदाय स्तरमा सामुदायिक सशक्तिकरण तथा समुदाय परिचालनका विशेष कार्यक्रमहरु विकास गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नेछ । नगरपालिकाले खाद्य तथा पोषण सुरक्षाको क्षेत्रमा काम गर्ने संघ संस्थासँग साझेदारी गरी समुदाय परिचालनको जिम्मेवारी दिन सक्नेछ ।
- खाद्य तथा पोषण सुरक्षा रणनीतिकयोजनामा राखिएका लक्ष्य र उद्देश्यको प्राप्तीको अवस्था बुझ्न र त्यसको आधारमा कुनै क्रियाकलाप तथा बजेट थपघट गर्नका लागि वार्षिक रुपमा बजेटको विश्लेषण गर्नेछ ।
- खाद्य तथा पोषण सुरक्षा रणनीतिकयोजनाको मध्यवाधि र अन्तिम मुल्यांकन गर्नेछ । असल अभ्यासहरुको दस्तावेजीकरण गरीपालिका, प्रदेश र संघिय तहमा अनुभवहरु आदानप्रदान गर्ने छ ।

**१.५.२ सीमाहरु:**

विभिन्न समस्या तथा चुनौतीहरुको बावजुद पनि नारायण नगरपालिकाले स्थानीय सरकारलाई आवश्यक पर्ने नीति तथा कार्यविधिहरुको विकास गरी कार्यान्वयन गर्दै आएको छ । खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना निर्माणका लागि आवश्यक सूचनाहरु संकलन गर्न नगरपालिका स्तरीय कार्यशाला, वडा स्तरीय अन्तरक्रिया, खाद्य तथा पोषण जोखिममा परेको समुदायसँग छलफल गरिएको छ । साथै नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकामा उपलब्ध विभिन्न दस्तावेजहरुलाई आधार मानिएको छ । आर्थिक सिमितताका कारण १० प्रतिशत घरधुरी सर्वेक्षण गरी खाद्य तथा पोषणको वर्तमान अवस्थाको सूचनाहरु संकलन गरिएको छ ।जसको आधारमा यस नारायण नगरपालिकाको खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजनामा पञ्चवर्षिय लक्ष्य राखिएको छ ।

# परिच्छेद: २
# अवस्थाको विश्लेषण

## २.१.पालिकाको भौगोलिक, सामाजिक तथा आर्थिक अवस्था:

**२.१.१ भौगोलिक अवस्था:**नारायण नगरपालिका नेपालको कर्णाली प्रदेशको राजधानी बीरेन्द्रनगर सुर्खेतसँग जोडिएको सुन्दर पहाडी जिल्ला दैलेखमा रहेको सुगम नगरपालिका हो । नारायण

नगरपालिका बीरेन्द्रनगर सुर्खेतबाट ६७ किलोमिटर उत्तरमा रहेको छ । समुन्द्र सतहबाट करिव ६५७ मिटरदेखि २६१६ मिटर सतहको उचाईमा रहेको यस नगरपालिकाको पूर्वमा नौमुले र भगवतीमाई गाउँपालिका, पश्चिममा दुल्लु नगरपालिका, महावु र भैरवी गाउँपलिका, उत्तरमा नौमुले र महावु गाउँपालिका र दक्षिणमा डुंगेश्वर र भगवतीमाई गाउँपालिका रहेकाछन् । यस नगरपालिकाको क्षेत्रफल ११०.६३ वर्गकिलोमिटर रहेको छ । समशितोष्ण हावापानी पाईने यस नगरपालिका २८३५' देखि २९८०' उत्तरी अक्षांश तथा ८१५३' पूर्वी देशान्तर भित्र पर्दछ ।

२.१.२ **सामाजिक अवस्था:** नारायण नगरपालिकामा विभिन्न जातजाती तथा समुदायका मानिसहरू बसोबास गर्दछन् । यस नगरपालिकाको जनसंख्या २९,५४४ रहेकोछ । जसमध्ये महिलाको जनसंख्या १४,१९४ र पुरुषको जनसंख्या १५,३५० रहेको छ । यस नारायण नगरपालिकामा ५१९८ घरपरिवार रहेका छन् । कुल जनसंख्या मध्ये ० देखि १४ वर्षसम्मको जनसंख्या ९०४१ जना रहेको छ । जुन ३०.६० प्रतिशत रहेको हुन्छ । त्यसैगरि १५ देखि ५९ वर्षसम्मको जनसंख्या १८,३३९ जना रहेको छ जुन ६०.०७ प्रतिशत हुन्छ । ६० वर्ष माथिको जनसंख्या २१६४ जना रहेको छ जुन ७.३२ प्रतिशत हुन्छ । यस नगरपालिकामा बाहुन, क्षेत्री, नेवार, मगर, ठकुरी, दलित, लगायतका जातजातीहरुको बसोबास रहेको छ ।

२.१.३ **ऐतिहासिक तथा धार्मिक सम्पदाहरुः** नारायण नगरपालिका वडा नं. ६ मा अवस्थित बेलासपुर मन्दिर बेलासपुर देवताको नामले चिनिन्छ । बाईसे चौवीसे शासनकालमा बेलासपुर राज्य शक्तिशाली मानिन्थ्यो । यसै राज्यको अवशेषको रुपमा रहेको प्राचिन बेलासपुर दरवार भित्र रहेको बेलासपुर मन्दिर क्षेत्र एक धार्मिक, ऐतिहासिक र पर्यटकिय सम्पदाको रुपमा रहेको छ । मन्दिरको वरिपरि जंगलले घेरिएको छ । तत्कालिन सिंजाका राजा मल्ल बंशका सन्तान रथोवम, सम्ग्राम शाहीदेखि कर्ण शाहीसम्म एघार पुस्ता रास्कोटीहरुले शासन गरेको भन्ने भनाई छ । वि.स. १८४१ मा अमरसिंह थापाको फौजले भिषण आक्रमण गरेपछि विशाल नेपालमा समाहित भएको उक्त स्थानमा दरवारको भग्नावेश रहेको छ । मन्दिरमा वटुक भैरव देवता रहेको र मागेको ईच्छा मनोकामना पुरा हुने विश्वास गरिन्छ । त्यसैले यो मन्दिरमा बडादशैको अष्टमी, नवमी, रामनवमी, प्रत्येक महिनाको मंगलवार र शनिवारका दिन पुजाआजा गर्ने श्रद्धालुहरुको भिड लाग्ने गर्दछ । बेलासपुर मन्दिरको डाँडाबाट दैलेख जिल्लाको धेरै मनमोहक स्थानहरुको अवलोकन गर्न सकिन्छ । मन्दिरमा जानका लागि सिढीको व्यवस्था मात्र भएको छ । मन्दिरको पुन:निर्माण तथा सुधारको आवश्यकता देखिएको छ । यो क्षेत्रमा भ्यु टावरको निर्माणका लागि पहल भैरहेको छ ।

- **पञ्चदेवल:**ई.सं.१३३१ बैशाखमा स्थापित पञ्चदेवल एक प्रख्यात धार्मिक स्थल हो । जुन नारायण नगरपालिका वडा नं. ३ भूर्तिमा रहेको छ । यो देवल पाण्डवहरु बनबासको गुप्तवास रहेको अवस्थामा निर्मित भएको मान्यता रहेको छ । देवलको भित्री भागको माथिपट्टी वदमको आकृति कुदिएको छ भने मुलढोकामा कमलको फुलको आकृति कुदिएको छ । उक्त देवलमा बौद्ध र हिन्दु धर्मसँग सम्बन्धित मूर्ति रहेका छन् । विश्व सम्पदा सूचीमा सूचिकृतका लागि युनेस्कोले सूचिकृत समेत गरेकायी देवलहरुमा हालसम्मको अनुपम नमूना मानिएको छ ।

- **कोतगढीः** नारायण नगरपालिका वडा नं. १ स्थित कोतगढी नेपालको एकिकरणको समयमा शत्रुबाट बच्न र युद्ध जित्नका लागि निर्मित ऐतिहासिक स्थल हो । १५ फिट अग्लो किल्ला कलात्मक रुपमा कुदिएका ठुला ठुला ढुंगाहरुबाट निर्माण गरिएको छ । यसमा १३ वटा नाल

रहेका छन् । यबिाट राणाकालमा गौडा प्रशासन सञ्चालन हुने गर्दथ्यो । यो किल्ला ऐतिहासिक र सामाजिक महत्वको रुपमा रहेको छ ।

- **नारायण मन्दिरः** नारायण नगरपालिका वडा नं. १ पुरानो बजारमा रहेको नारायण मन्दिर पुरानो धार्मिक स्थल हो । यसै मन्दिरको नामबाट नारायण गा.वि.स. हुदै वि.स.२०५३ मा नारायण नगरपालिकाको समेत नामाकरण गरिएको हो । यस मन्दिरमा विभिन्न पर्वहरुमा पुजाआजा हुने गर्दछ ।

- **तिर्थस्थलहरुः** पञ्चकोशी तिर्थस्थल मध्येका श्रीस्थान, नाभिस्थान, कोटिला धुलेश्वर र पादुका दैलेख जिल्लामा रहेका महत्वपूर्ण तिर्थस्थहरु हुन् । कोटिला नारायण नगरपालिकाको वडा नं. ९ स्थित छामघाट खोलाको तिरमा रहेको छ । पञ्चकोशी तिर्थ गर्दा सबैभन्दा पहिला कोटिलामा दर्शन गर्ने प्रचलन रहेको छ । यो ऐतिहासिक धार्मिक स्थल हो । श्रीस्वस्थानी वर्त कथामा सत्यदेवीको मृतक शरीर महादेवले काँधमा बोकी हिडेको अवस्थामा कोठी खसेको स्थान भनी शक्तिपिठका रुपमा पुजाआजा गरिन्छ । कोटिला क्षेत्र अत्यन्तै रमणीय स्थल हो । कोटीहोम यज्ञ, महायज्ञ, सप्ताह पुराणहरु लगाईन्छ भने महाशिवरात्री र माघे संक्रान्तीका दिन ठुलो मेला लाग्ने गर्दछ ।

**२.१.४आर्थिक अवस्थाः**नारायण नगरपालिकाको आम्दानीको मुख्य श्रोतहरु कृषि तथा पशुपालन, व्यापार व्यवसाय र बैदेशिक रोजगारी रहेको छ । नारायण नगरपालिकामा ४७ प्रतिशत परिवारको नाममा २ रोपनी भन्दा कम जग्गा रहेको छ भने ०१७ प्रतिशत परिवारको नाममा मात्र ११ देखि २० रोपनी जग्गा रहेको देखिन्छ । त्यसकारण मुख्य पेश कृषि भए पनि त्यसवाट आर्थिक अवस्था मजबुत हुने अवस्था देखिदैन । यस नगरपालिका ३४ वटा सहकारीहरु (१२ वटा कृषि सहकारी) स्थापना भएर वचत ऋण परिचालन गर्नुका साथै कृषि विकासका क्रियाकलापहरु सञ्चालन गर्दै आएका छन् ।

**२.१.५प्राकृतिक सम्पदाहरुको अवस्थाः** नारायण नगरपालिकामा प्राकृतिक सम्पदाहरुमा सामुदायिक वन, खोलानाला, ढुंगा वालुवा, जडिबुटी, कृषियोग्यजमिन मुख्य हुन् । यस नगरपालिकामा रहेको लोहोरे खोला सिचाई र जलविद्युतको सम्भावना बोकेको मुख्य सम्पदा हो । ढुंगा, वालुवा पनि यस नगरपालिकाका विभिन्न वडाहरुमा उत्खनन र प्रयोग भैरहेको छ । जसले विकास निर्माणमा महत्वपूर्ण योगदान गरेको छ । यस नगरपालिकामा ४६ वटा सामुदायिक वन र ३ वटा कबुलियती वन रहेका छन् । जसमा अमुल्य जडिबुटीहरु रहेका छन् ।

## २.२ खाद्य तथा पोषण सुरक्षाको अवस्था विश्लेषणः

नारायण नगरपालिकाको आन्तरिक श्रोत बृद्धि तथा मानवीय क्षमता अभिबृद्धि गरी जनताको आशा, भरोसा तथा नागरिकका मौलिक हकको सुनिश्चित गर्नुपर्ने दायित्व रहेको छ । सिमित श्रोत तथा साधनहरुको प्रभावकारी परिचालन गरी स्थानीय सेवा सुविधाहरु सहज रुपमा उपलब्ध गराउने जिम्मेवारी रहेको छ । त्यसैगरी भोकमरीको न्यूनिकरण, गरिवी निवारण तथा आर्थिक विकासका अवसरहरुको श्रृजना गरी नागरिकको खाद्य अधिकारको सुनिश्चित गर्नुपर्ने दायित्व समेत रहेको छ । विशेषगरीनारायण नगरपालिकाको खाद्य तथा पोषण सुरक्षाको अवस्थाको वारेमा विश्लेषण गर्नुपर्ने हुन्छ । समस्या तथा चुनौती, सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर तथा सम्भाव्यताहरुको संक्षिप्त विश्लेषण गरिएको छ । कृषि तथा पशुपालन, पूर्वाधार विकास तथा बजारीकरण, खाद्य तथा पोषण शिक्षा, प्राकृतिक श्रोत संरक्षण तथा दिगो व्यवस्थापन र आयआर्जन तथा जीविकोपार्जनका

क्रियाकलापहरुले समग्र पालिका खाद्य तथा पोषण सुरक्षाको अवस्था झल्काउछ । यहि पृष्ठभूमिमा नारायण नगरपालिकाको खाद्य तथा पोषण सुरक्षाको विद्यामान अवस्थामा विश्लेषण गरिएको छ ।

| सवल पक्ष | सम्भावना/अवसर |
| --- | --- |
| • नारायण नगरपालिकाको वडा नं. १ मा तरकारी संकलन केन्द्र स्थापना भएको छ ।<br>• उत्पादित तरकारी ढुवानीकालागि गाडीको व्यवस्था (वडा नं. २ कृति देवल सहकारी मार्फत) छ ।<br>• सबै वडाहरुमा कृषि सडकको निर्माण भैसकेको छ ।<br>• कृषि, पशुपंक्षी, स्वस्थ्य र पोषण शाखाबाट खाद्य तथा पोषण सुधारका क्रियाकलापहरु सञ्चालन गरिएको छ ।<br>• दुग्ध डेरी सञ्चालनमा रहेको छ । (राष्ट्र सेवक सहकारी मार्फत)<br>• वडा नं. ६, ७, ८ र ११ मा भैसीपालन पूर्वाधार कार्यक्रम सञ्चालनमा रहेको छ ।<br>• पशु उपचारका लागि जिल्ला पशु अस्पतालले सेवा दिएको छ ।<br>• कृषि सहकारीहरु स्थापना भएर कृषि विकासका क्रियाकलापहरु सञ्चालन गर्दै आएका छन् ।<br>• वडा नं. ६ गणेशथानमा कृषि हाट बजारको संरचना निर्माण सम्पन्न भएको छ ।<br>• वडा नं.७ चौसिला र वडा नं. १० मा फलफुल पकेट क्षेत्र घोषणा गरिएको छ ।<br>• वडा नं. ३, ७, ९, १०,११मा बाखापालन व्यवसाय सञ्चालनमा रहेका छन् । र पकेट क्षेत्रका रुपमा वडा नं. ४, १० र ११ निर्धारण गरिएको छ ।<br>• वडा नं. २, ३, ४ र ७मा व्यवसायिक रुपमा तरकारी उत्पादन भैरहेको छ ।<br>• वडा नं. १, ३, ४, १० र ११ मा सामुदायिक वन रहेकोले पशुपालनका लागिघाँसपातको व्यवस्था छ ।<br>• सबै वडाहरुमा गानो/जरेबाली (पिडालु, अदुवा, मुला, सखरखण्ड, तरुल आदि) उत्पादन भैरहेको छ ।<br>• १० वटा सहकारीहरुले कृषि उत्पादनका क्रियाकलापहरु संचालन गरेका छन् । | • नगरपालिकाको तल्लो भाग बेसी तर्फ आँप, लिची, केरा, अम्वा, कागती, एबोकाडो, किवी, अनार, जुनार, ड्रागनफ्रुट, अमिलो, अलैची, चिउरी र तरकारी उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।<br>• नगरपालिकाको लेकाली भागमास्याउ,टिमुर, ओखर, आरु, नास्पती, आलु, अलैची, आरुबखडा, काफल, माहुरी पालन, तरकारी र रैथाने बाली तथा जडीबुटी उत्पादन गर्न सकिने सम्भावना छ ।<br>• सिचाईको व्यवस्था गर्न सकेमा कृषि उत्पादनका बृद्धि हुने सम्भावना छ ।<br>• वडा नं. १, २,७, ८, ९ र ११ को नदि आसपासमा बदाम खेतीको सम्भावना छ ।<br>• थोरै बजेटमा पोषण शिक्षा सुधारका जनचेतामूलक कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।<br>• आय आर्जनका क्रियाकलापहरुमा सहयोग गर्नका लागि सीप विकास तालिम र अनुदानको व्यवस्था गरेमा युवाहरुले रोजगारीको सम्भवना छ ।<br>• व्यवसायिक कृषि तथा पशुपंक्षी तालिम, कृषि ऋण, विमा र अनुदानको व्यवस्था गर्नु पर्दछ ।<br>• कृषि उपज संकलन केन्द्र र प्रशोधन कार्य गर्न सकेमा बजारीकरण गर्न सजिलो हुन्छ ।<br>• तरकारी, फलफुल, दुध, अण्डा, माछा, मासु बाह्य बजारको सम्भावना छ ।<br>• जैविक तथा जलवायु अनुकुलनका लागि यान्त्रीकरण, नविनतम प्रविधिको प्रयोग गर्न सकेमा कृषि उत्पादन वढाउन सकिन्छ ।<br>• जडिबुटीको व्यवसायिक खेती गर्न सकेमा आम्दानीको मुख्य श्रोत हुने सम्भावना रहेको छ ।<br>• कृषि सामग्री, औजार, उपकरणमा अनुदानको व्यवस्था गर्न सकेमा कृषि उत्पादन र उत्पादकत्व बृद्धि हुन्छ ।<br>• उत्पादनमा आधारित सहयोग तथा अनुदान कार्यक्रमका लागि नीतिको निर्माण र कार्यान्वयन गरेमा श्रोतको सदुपयोग हुन्छ ।<br>• वनमा आधारित कृषिको प्रबर्द्धन र बजारीकरण गरेर आयआर्जन बढाउन सकिन्छ । साथै |

| | |
|---|---|
| • मासुमा आत्मनिर्भर रहेको छ । | वातावरण संरक्षण योगदान पुग्दछ ।<br>• श्रोत साधनको न्यायिक वितरण, व्यवस्थापन र प्रभावकारी अनुगमन गर्नुपर्दछ ।<br>• श्रोतका लागि प्रदेश र संघिय सरकार र गैर सरकरी संस्थाहरुसँग सहकार्य गरी खाद्य तथा पोषण सुधारका कार्यक्रमहरु संचालन गर्न सकिन्छ । |
| **कमजोर पक्ष** | **समस्या तथा चुनौती** |
| • व्यवसायिक मौषमी तथा बेमौषमी खेती गर्ने ज्ञान सीपको कमी छ ।परम्परागत तथा निर्वाहमुखी खेती प्रणाली छ ।<br>• मल, गुणस्तरीय बीउ, नयाँ प्रविधि, औजार र उपकरणको व्यवस्था गर्न सकिएको छैन ।<br>• फलफुल खेतीमा किसानहरुलाई आकर्षित गर्न सकिएकोछैन ।<br>• व्यवसायिक कृषि तथा पशुपालनमा सहभागिता न्यून छ । कृषि क्षेत्रलाई प्राथमितामा राखिएको छ तर बजेटको कमी छ ।<br>• केहि उत्पादनका लागि पकेट क्षेत्र अनुसारको कार्यक्रम प्रभावकारी भएको छैन ।<br>• कृषि तथा पशु प्राबिधिकको कमी छ ।<br>• कृषि तथा पशु उत्पादन बृद्धिका लागि भौतिक पूर्वाधार अभाव छ ।<br>• पोषण शिक्षा सम्बन्धी जनचेतनाको कमी छ ।<br>• जलवायू अनुकुलन कृषि प्रणालीको अवलम्बन गर्ने ज्ञान सीपको कमी छ ।<br>• खाद्य सुरक्षा प्रबर्द्धन गर्ने नीति तथा कार्यक्रम तयार गर्न सकिएको छैन ।<br>• बिपत व्यवस्थापनको पूर्व तयारीका योजनाहरु प्रभावकारी रुपमा गर्न सकिएको छैन ।<br>• सीप विकासका लागि प्रयाप्त मात्रामा तालिम, प्रशिक्षण, प्रचारप्रसार, कार्यशाला, गोष्ठिहरु आयोजना गर्न सकिएको छैन ।<br>• खाद्य, तरकारी, फलफुलमा परनिर्भरताछ ।<br>• ४८ वटा सहकारीहरुले (वचत तथा ऋण १३ वटा, बहुउद्देश्यीय १६, कृषि १९) मध्ये | • २३२५ परिवार खाद्य तथा पोषण सुरक्षाको जोखिममा रहेका छन् ।<br>• सिचाईको अभाव रहेको छ ।<br>• सबै कृषियोग्य जमिन कृषि प्रयोजनमा उपयोग भएको छैन ।<br>• कृषियोग्य जमिन बाँझो छ । युवा जमात कृषि क्षेत्रबाट पलायन भैरहेको छ ।<br>• खाद्य तथा तरकारी चर्को मुल्यमा आयात भैरहेको छ । स्थानीय उत्पादनले वस्तुहरुको उपयुक्त बजार व्यवस्थापन छैन ।<br>• कृषि विमा प्रभावकारी छैन । सहुलियत कृषि ऋण प्रदान गर्ने वित्तिय संस्थाहरु ग्रामिण क्षेत्रमा ऋण लगानी गर्न मान्दैनन् ।<br>• कृषि संकलन केन्द्र, प्रशोधन र बजारीकरणको व्यवस्था छैन ।<br>• कृषि प्रबर्द्धनको उपयुक्त नीति तथा कार्यक्रम वनाएर कार्यान्वयन गर्ने प्रतिबद्धताको कमी छ ।<br>• जलवायु परिवर्तनका कारण कृषि तथा पशु उत्पादन ह्रास हुदै गएको छ ।<br>• कृषि अनुदानमा वास्तविक कृषि कर्म गर्न चाहनेको पहुँच छैन ।<br>• रैथाने बालीको लोप हुदै गएको छ । बहुराष्ट्रिय कम्पनी बीउ नवन्ने हाईब्रिड बीउ) का बीउहरुको प्रयोग वढ्दै गएको छ ।<br>• प्राकृतिक श्रोतहरुको दुरुपयोग भएको छ ।<br>• प्राकृतिक प्रकोपले कृषि तथा पशुपालनमा चुनौती थपेको छ ।<br>• जथाभावी सडक निर्माण गर्दा माटोले पानीका मुहान पुरिएर पानीको श्रोतहरु सुक्दै गएका छन् । साथै पहिरोको जोखिम पनि बढेको छ ।<br>• कृषि बालीमा र पशुपंक्षीमा रोगकिराको प्रकोप वढेको छ । |

| | |
|---|---|
| १९ वटा निष्कृय रहेका छन् । | ● अखाद्य वस्तुहरुको मिसावटले मानव स्वास्थ्य गम्भीर असर परेको छ ।<br>● पत्रु (जङ्कफुड फास्टफुड) खानाको प्रयोग बढेको छ । |

**२.३ वडा स्तरीय अन्तरक्रिया**ःनारायण नगरपालिकामा जम्मा ११ वटा वडाहरु रहेका छन् । वडा स्तरमा खाद्य तथा पोषण सुरक्षाको वर्तमान अवस्था पहिचनका लागि वडा स्तरीय अन्तरक्रियामा विषयतगत क्षेत्रहरुको सवल पक्ष, कमजोर पक्ष, अवसर तथा सम्भावना र समस्या तथा चुनौतीहरुमा छलफल गरिएको थियो । ती अन्तरक्रियाहरु वडा अध्यक्षको अध्यक्षतामा सम्पन्न भएका थिए भने वडा सदस्यहरु, विषयतगत शाखाका कर्मचारीहरु, सहकारीका प्रतिनिधिहरु, किसान समुहका अगुवाहरु, शिक्षक, गैर सरकारी संस्थाका प्रतिनिधि लगायतको सहभगिता रहेको थियो । वडा स्तरिय अन्तरक्रियामा खाद्य तथा पोषण सुरक्षाको अवस्था विश्लेषण गरिएको थियो । वडागत सूचनाहरु निम्न अनुसार रहेको छ ।

| वडा नं. | सवल पक्ष | कमजोर पक्ष | अवसर र सम्भावना | समस्या तथा चुनौती |
|---|---|---|---|---|
| १ | ● स्थानीय खाद्यन्न बाली गहुँ, मकै, कोदो, जौं) को उत्पादन हुन्छ ।<br>● तरकारी खेतीको उत्पादन हुन्छ ।<br>● फलफुल (सुन्तला कागती, स्याउको) को उत्पादन हुने उपयुक्त हावापानी छ ।<br>● नगदेवालीमा बेसार, अदुवा र पिडालुको खेती राम्रो हुन्छ ।<br>● नगरपालिकाले केहि | ● आकाशे पानीको भरमा खेती हुन्छ ।<br>● कृषिका लागि सिचाईको व्यवस्था छैन ।<br>● खेती योग्य जमिन बाँझो रहेको छ ।<br>● रसायकिन मल र गुणस्तरीय बीउको अभाव छ ।<br>● व्यवसायिक तरकारी तथा फलफुल खेती गर्ने संख्या न्युन छ ।<br>● कृषि अनुदानको व्यवस्था | ● रोग किरा रोकथाम गर्नका लागि कृषि प्राविधिकको व्यवस्था गरि नियमित रुपमा किसानहरुलाई सल्लाह सुझाव दिन सके नोक्सानीलाई कम गर्न सकिन्छ ।<br>● कृषि विमा, सहुलियत ऋण र अनुदानको व्यवस्था भएमा व्यवसायिक किसानहरुको संख्यामा बृद्धि हुन्छ ।<br>● अन्नबालीको सट्टा तरकारी खेतीमा जोड दिन सकेमा खाद्य र पोषण सुधारमा सहयोग पुग्छ ।<br>● थोपा सिचाई, प्लाष्टिक पोखरी | ● कृषि बालीमा डढुवा, ढुसी, कमिला, फेद कुहिने समस्या छ ।<br>● मकैमा गोवारोले क्षेति गर्दछ ।<br>● सुख्खा सिचाई अभावका कारण कृषि उत्पादनमा |

| | | | | |
|---|---|---|---|---|
| **१. सरकारी सरोकारवालाहरु** | | | |
| सङ्घीय सरकार मातहतका मन्त्रालय, विभाग, निर्देशनालय र आयोगहरु | संविधानको अधिनमा रही कानुन तथा नीति निर्देशन दिने स्थानीय तहलाई विषयगत बजेट विनियोजन गर्ने तथा राष्ट्रिय प्राथमिकताका क्षेत्रहरू निर्धारण, दीर्घकालीन योजना तर्जुमा र कार्यान्वयन गर्न स्थानीय तहलाई नीति नीतिगत सहयोग गर्ने भूमिका हुन्छ । नीति निर्माण र कार्यान्वयनमा नियमति रुपमा पृष्ठपोषण र क्षमता विकासमा सहयोग र सहकार्य गर्दछन् । | स्थानीय तहको नीति तथा कार्यक्रम बजेट विनियोजन, कानुन तथा निर्देशिकाद्वारा प्रत्यक्ष प्रभाव देखिन्छ । (++++) | स्थानीय तहलाई प्रत्यक्ष रुपमा नीति निर्देशन तथा नियमन, पृष्ठपोषण प्रदान गर्ने र क्षमता विकास गर्ने । |
| प्रदेश सरकार मातहतका मन्त्रालय, आयोगहरु | संविधान तथा सङ्घीय कानुनले दिएको अधिकार क्षेत्रभित्र रही स्थानीय तहलाई नीति निर्देशन, बजेट विनियोजन तथा प्रदेश सरकारका प्राथमिक क्षेत्रहरूको पहिचान, दिर्घकालीन योजना निर्माण तथा स्थानीय तहलाई प्राविधिक सहयोग उपलब्ध गराउदछन् । स्थानीय तहको संस्थागत विकास र क्षमता विकासमा प्राविधिक सहयोग र सहकार्य गर्दछन् । | स्थानीय तहको नीति तथा कार्यक्रम बजेट विनियोजन, कानुन तथा निर्देशिकाद्वारा प्रत्यक्ष प्रभाव देखिन्छ । (+++) | स्थानीय तहले प्रभावकारी रूपमा विकास निर्माण, गुणस्तरीय सेवा दिए/नदिएको अनुगमन, साथै क्षमता अभिबृद्धि गर्ने । |
| जिल्ला समन्वय समिति, दैलेख | जिल्ला समन्वय समितिले प्रदेश तथा पालिकाबीच समन्वय गर्ने तथा राजनैतिक मतमतान्तरहरूको समन्वयकारी भूमिका खेल्ने गर्दछ । | विकास निर्माणको क्षेत्रमा प्रत्यक्ष प्रभाव देखिदैन (+) | जिल्लाभित्र समन्वयकारी भूमिका निर्वाह गर्ने । |
| कृषि र पशु विकास मन्त्रालय र मातहतका विभागहरू | कृषि विकास रणनीतिका आधारमा कृषि तथा पशु विकास योजना तर्जुमा, बजेट विनियोजन र प्राविधिक सहयोगमा सहजीकरण गर्ने भूमिका रहेको हुन्छ । | प्रत्यक्ष प्रभाव ( +) विशेष गरी कृषि र पशु विकास क्षेत्र, कृषि परियोजनाहरुको कार्यान्वयन तथा स्थानीय तहसँगको | कृषि र पशु विकास क्षेत्रमा प्रत्यक्ष रुपमा प्राविधिक सहयोग तथा सहभागिता |

| | | | |
|---|---|---|---|
| | | समन्वय (+++) | |
| राष्ट्रिय कृषि अनुसन्धान केन्द्र क्षेत्रिय कार्यालय | नयाँ बाली विकास, अनुसन्धान, किसानहरुलाई प्राविधिक ज्ञान सीप विकासमा सहयोग र नयाँ बालीको खेती प्रविधिको वारेमा सूचना प्रदान गर्ने भूमिका हुन्छ । विकास गरिएको नयाँ बालीको प्रयोग गर्न किसानहरुलाई तालिम तथा अभिमुखिकरण प्रदान गर्ने र रोगकिराको प्रकोप नियन्त्रणमा सहजीकरण गर्दछ । बीउ उत्पादन गर्ने सहकारी, कम्पनी र किसानहरुलाई मुल बीउ प्रदान गर्ने मुख्य भूमिका रहन्छ । | प्रत्यक्ष प्रभाव (+++) नयाँ बाली विकास गरी सहकारी, कम्पनी र किसानहरुलाई कृषि उत्पादनका लागि सहकार्य र सहयोग (++) | नयाँ बीउ बिजन सम्बन्धी प्राविधिक सहयोग गर्नमा प्रत्यक्ष सहभागिता हुन्छ । |
| बीउ बिजन प्रयोगशाला | बीउ उत्पादन गर्ने अनुमति पाएका सरकारी तथा गैर सरकारी संस्था, सहकारी, कम्पनी, किसानहरुको बीउउत्पादन खेतीको खडा बाली निरिक्षण गर्ने, अनुगमन गर्ने, बीउ परिक्षण गर्ने र बीउ बिक्री वितरणका लागि नियमन र प्राविधिक सहयोग गर्ने भूमिका हुन्छ । बीउ उत्पादन तथा बजारीकरणका लागि क्षमता विकास तालिमहरु प्रदान गर्ने जिम्मेवारी निर्वाह गर्दछ । | बीउ उतपादन गर्ने समुह, सहकारी, कम्पनीलाई प्रत्यक्ष प्रभाव पार्दछ । प्रभाव (+++) | बीउ उत्पादन गर्ने संघ संस्था र किसानहरुको खेत प्रत्येक बालीमा कम्तीमा २ पटक अनुगमन हुन्छ । बीउको परिक्षण गरी बिक्री वितरणमा सहयोग गर्दछ । |
| कृषि विकास कार्यालय | नगरपालिका भित्रका किसानहरुलाई कृषि विकासका लागि प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्दछ । संघ र प्रदेश मातहतका कृषि विकासका परियोजनाहरु कार्यान्वयन गर्दछ । | किसानहरुलाई प्रत्यक्ष प्रभाव पार्दछ । (+++) | कृषि विकासका क्रियाकलापहरु कार्यान्वयन गर्न किसानहरुसँग प्रत्यक्ष सहभागिता रहन्छ । |
| नगरपालिकाका सेवा प्रदायक विषयगत शाखाहरु (कृषि, पशु, स्वास्थ्य, शिक्षा, पोषण, महिला तथा बालबालिका, रोजगार, आदि) | विषयगत शाखाहरूको प्रत्यक्ष रूपमा समुदायसँग सम्बन्ध रहन्छ । सबै खालका सेवाहरू विषयगत शाखाद्वारा समुदायमा पुग्छ । कृषि, पशु, शिक्षा, पोषण, महिला तथा बालबालिका, रोजगार र स्वास्थ्य सेवाहरु दैनिक रुपमा संचालन गर्ने र सेवा लिन आउने जनतालाई सर्बसुलभ रुपमा सेवा प्रदान गर्ने । | प्रत्यक्ष प्रभाव (+++++) | समुदायलाई दिइने सबै सेवाहरूमा प्रत्यक्ष सहभागिता रहन्छ । |
| कृषि विकास बैंक | कृषि विकास बैंक कृषि विकासका लागि कृषकहरुलाई सहुलियत कृषि कर्जा प्रवाह गर्नका लागि स्थापना भएको बैंक हो । लामो समयदेखि यसले कृषकहरुलाई कृषि कर्जा उपलब्ध गराउदै आएको छ । व्यवसायिक कृषि उद्यम संचालन गर्न, बीउ बिजन | प्रत्यक्ष प्रभाव (++) | कृषकहरुको प्रत्यक्ष सहभागिता रहन्छ । कृषकले संचालन गर्न थालेको |

| | | | |
|---|---|---|---|
| | उत्पादन तथा प्रशोधन गर्न, मौषमी तथा बेमौषमी तरकारी खेती गर्न, फलफुल खेती गर्न, पशुपंक्षी फर्म संचालन गर्न, कृषि तथा पशु उपजको बजारीकरण गर्न, आधुनिक मेशिन खरिद गर्न सहुलियत कृषि कर्जा प्रदान गर्ने गरेको छ । | | व्यवसाय, त्यसको उत्पादन लक्ष्य र मुनाफा सहितको व्यवसायिक योजनामा कृषकको प्रत्यक्ष सहभागिता हुन्छ । |
| **२. गैर सरकारी** | | | |
| सहकारी तथा वित्तिय संस्थाहरु | किसानहरुले लघु व्यवसाय संचालन गर्न, व्यवसायिक कृषि तथा पशुपालन गर्न सहकारी तथा वित्तिय संस्थाहरुले वित्तीय सेवा (वचत तथा ऋण परिचालन) हरू समुदाय स्तरमा पु¥याउन महत्वपूर्ण भूमिका रहन्छ । | प्रत्यक्ष प्रभाव +++ | प्रत्यक्ष रुपमा जनसम्पर्क तथा सहभागिता रहन्छ । |
| गैर सरकारी संस्थाहरु | गैर सरकारी संस्घ संस्थाहरुले विपन्न समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि सहजीकरण गर्ने, क्षमता विकासका तालिम र कार्यशालाहरु संचालन गर्ने, अधिकारबाट बञ्चित वर्गलाई संगठित गरी पैरवी गर्नमा सहयोग गर्ने र सरकारलाई जनताप्रति जवाफदेही हुनमा समन्वय गर्ने भूमिका रहन्छ । खाद्य तथा पोषण सुरक्षाका अवस्थालाई सुधारका गर्नमा आर्थिक अनुदान दिई कृषि तथा पशुपालन व्यवसाय प्रबर्द्धन र बजारीकरण गर्नमा सहयोग प्राप्त हुन्छ । कतिपय कार्यक्रमहरु गैर सरकारी संस्था र पालिकाको विचमा श्रोतमा साझेदारी भई कार्यक्रम कार्यान्वयन गर्न सकिन्छ । | प्रत्यक्ष प्रभाव +++ | समुदायसँग प्रत्यक्ष सम्पर्कमा रहेका हुन्छन् । |
| राजनैतिक दलहरु | नगरपालिकाको नीतिगत तथा कार्यक्रमहरु वनाउन र प्रभावकारी कार्यान्वयन गर्नमा सल्लाह सुझाव र पृष्ठपोषण प्रदान गर्ने, समुदायका विद्यामान साझा सवालहरु सम्बोधनका लागि पालिकाको नीति तथा कार्यक्रममा समावेश गर्नमा पहल गर्ने र आ आफ्नो संगठनमा खाद्य तथा पोषण सुरक्षाका लागि जनचेतना प्रबर्द्धन गर्ने भूमिका रहन्छ । | प्रत्यक्ष प्रभाव (+,-) सहयोग वा असहयोग | द्वन्द वा समझदारी, कार्य सम्पादनमा प्रभाव पार्छ । |
| प्राविधिक शिक्षालयहरु | पालिका तथा जिल्ला स्तरमा रहेका प्राविधिक शिक्षालयले प्राविधिकहरू उत्पादन र प्राविधिक सेवाका लागि समुदायमा परिचालन गर्नमा सहयोग पु¥याउदछन् । | प्रत्यक्ष प्रभाव ( +) | तालिम पाएका युवाहरुले समुदायमा ज्ञान सीप प्रयोग |

| | | | |
|---|---|---|---|
| | | | गर्दछन् । |
| सामुदायिक समूह संगठनहरु | सामुदायिक समूह संगठनमा लक्षित समुदाय भएकोले हरेक विकास कार्यक्रममा प्रत्यक्ष सहभागिता हुन्छ । उनीहरुले आवश्यकको पहिचान, योजना निर्माण गर्नुका साथै प्रभावकारी कार्यान्वयन गर्ने कार्यमा महत्वपूर्ण भूमिका रहन्छ । | प्रत्यक्ष प्रभाव (++++) | योजनाको केन्द्र विन्दु नै समुदाय तथा नागरिक रहन्छन् । |

**नोटः**

- + सहयोगी भूमिका, ++ सहयोगी भूमिका तथा श्रोतको साझेदारी, +++ महत्वपुर्ण भूमिका तथा श्रोत साझेदारी, ++++ अति महत्वपुर्ण भूमिका, स्रोत साझेदारी तथा सहभागिता, +++++ अति महत्वपुर्ण भूमिका, स्रोत साझेदारी तथा नीतिगत सहयोग ।
- - कार्यक्रम कार्यान्वयनमा असहयोग ।

# परिच्छेद - ३
## पञ्चवर्षिय खाद्य तथा पोषण सुरक्षा रणनैतिक योजना(२०८१/८२-२०८५/८६)

### ३.१. परिकल्पना, ध्येय र लक्ष्य

नेपालको संविधानको धारा ३६ ले हरेक नागरिकको खाद्य सम्बन्धी हक हुने व्यवस्था गरेको छ । हरेक नागरिकको खाद्य सम्बन्धी हकको व्यवहारिक कार्यान्वयनका लागि नेपाल सरकारले खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५ समेत जारी गरेको छ । सो ऐन कार्यान्वयनको अवस्थामा रहेको छ । उक्त ऐनको दफा ३ ले प्रत्येक नागरिकलाई खाद्य अधिकार तथा खाद्य सुरक्षाको अधिकार हुने तथा दफा १२ ले प्रत्येक किसानलाई खाद्य सम्प्रभुताको अधिकार सुनिश्चित हुने व्यवस्था गरी यी अधिकारको कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहका सरकारलाई सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व समेत सुम्पेको छ ।यसै सन्दर्भमा, नगरबासीको खाद्य सुरक्षा, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी मौलिक हकको व्यवहारिक कार्यान्वयनका लागि **नारायण नगरपालिकाले** यो **"खाद्य तथा पोषण सुरक्षा रणनीतिकयोजना" (२०८१/८२-२०८५/८६)** निर्माण गरी कार्यान्वयनमा ल्याउने प्रयास गरेको छ ।

**परिकल्पनाः**

नारायण नगरपालिकाको खाद्य तथा पोषण सुरक्षाको परिकल्पना निर्माण गरिएको छ । परिकल्पना भनेको निश्चित समयपछि प्राप्त गर्न खोजिएको सम्भावित अवस्था हो । जसलाई अहिलेको अवस्थाबाट हेर्ने कोशिस गरिएको छ । जुन नारायण नगरपालिकाको परिकल्पना हो । परिकल्पना जहिलेपनि प्राप्त गर्न चाहेको अवस्थाप्रति केन्द्रित हुने भएकोले नारायण नगरपालिकाले खाद्य तथा पोषण अवस्थाको जोखिममा रहेको वर्ग समुदायलाई ध्यान दिएर कार्यक्रम कार्यान्वयन गर्ने प्रयास गर्ने छ ।नेपालको संविधान २०७२, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५ र पन्ध्रौं योजनाले परिलक्षित गरेका दिगो विकासका सूचकाङ्क र नारायण नगरपालिकाको दिर्घकालिन रणनीति, वार्षिक कार्यक्रम तथा योजनाको आधारमा परिकल्पना तयार पारिएको छ ।

**परिकल्पनाः"समृद्ध नगर सुखी नगरबासी"**

**ध्येयः**

कार्यक्रम विकास गरी कार्यान्वयन गर्ने आधिकारिक निकायकोमूलभूत औचित्य प्रमाणिकरण गर्ने पक्ष नै ध्येयहो । ध्येयले परिकल्पना प्राप्त गर्नका लागि सेवा प्रवाह प्रक्रिया तथा औचित्यलाई पुष्टि गर्दछ । परिकल्पना अन्तिम गन्तव्य हो र सो गन्तव्यमा पुग्नका लागि तयार गरिने माध्यम नै ध्येय हो । विशेष गरी खाद्य तथा पोषणको अभावमा रहेका समुदायको अवस्था सुधार गर्न र नारायण नगरपालिकाले तय गरेको परिकल्पना प्राप्त गर्नका लागि सान्दर्भिक ध्येय तय गरिएको छ । नारायण नगरपालिकाको खाद्य तथा पोषण सुरक्षाको दिर्घकालिन परिकल्पना प्राप्त गर्नका लागि यस प्रकारको ध्येय तयार गरिएको छ ।

**ध्येयः**खाद्य उत्पादन प्रणालीमा सुधार नगरवासीको श्रोत साधन तथा सेवामा पहुँच र नियन्त्रण अभिबृद्धि गरीखाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको सुनिश्चित गर्ने नारायण नगरपालिकाको ध्येय हुनेछ ।

**लक्ष्यः**

लक्ष्य भनेको गर्न चाहेको कामको मूल उपलब्धी हो, जुन अहिलेको अवस्थाबाट भविश्यमा प्राप्त गर्न चाहेको अवस्था देख्न सकिन्छ । लक्ष्यको प्राप्ति परिकल्पनान्मुख अवस्था हो । लक्ष्य परिकल्पना भन्दा बढि स्पष्ट र मापनयोग्य हुन्छ । नारायण नगरपालिकाको खाद्य तथा पोषण सुरक्षाको लक्ष्य यस प्रकार रहेको छ ।

**लक्ष्यः**खाद्य उत्पादन बृद्धिका लागि नगरवासीको ज्ञान, सीप, क्षमता अभिबृद्धि हुनुका साथै नयाँ प्रविधि, पूर्वाधार विकास र बजारीकरण प्रणालीमा सुधार भई आयआर्जनका अवसरहरु सृजना भएको हुने छ ।

### ३.२ विषयगत क्षेत्र तथा रणनीतिक उद्देश्यहरुः

नारायण नगरपालिकाको खाद्य तथा पोषण सुरक्षासँग सम्बन्धित विषयगत क्षेत्रहरु तयार गरिएको छ । विषयगत क्षेत्रहरुको आधारमा रणनीतिक उद्देश्य निर्माण गरिएको छ । विषयगत क्षेत्र तथा रणनीतिक उद्देश्यहरु र सूचकहरुको वर्तमान अवस्था सहित पञ्चवर्षिय लक्ष्य निर्धारण गरिएको छ।

| क्र.सं. | विषयगत क्षेत्रहरु | रणनीतिक उद्देश्यहरु | सूचकहरु | हालको अवस्था | पञ्चवार्षिय लक्ष्य |
|---|---|---|---|---|---|
| १ | कृषि विकास | कृषि उत्पादन तथा उत्पादकत्वमा १०% ले बृद्धि भई वर्षभरी खाना पुग्ने परिवारको संख्यामा बृद्धि भएको हुनेछ । | आफ्नै उत्पादनले वर्षभरी खाना पुग्ने परिवार संख्यामा बृद्धि भएको | १७.४२% | २२% |
| | | | अन्न बालीको उत्पादन तथा उत्पादकत्व बृद्धि भएको ( **प्रति रोपनी किलो ग्राममा)** | १०० | ११० |
| २ | पशुपंक्षी तथा मत्स्य विकास | पशुपंक्षी र मत्स्य उत्पादकत्व १५% ले बृद्धि भई पशुपंक्षीजन्य उत्पादनहरु आयात प्रतिस्थापन भएको हुनेछ । | पशुपंक्षी पालनमा बृद्धि भएको (प्रति घर पशु संख्या) | पशुः १४.४० | २० |
| | | | | पंक्षीः ३१.६५) | ४० |
| | | | व्यवसायिक रुपमा पशुपालन गर्ने किसानहरुको (फर्म वा कम्पनी दर्ता) संख्यामा बृद्धि भएको | | |
| ३ | कृषि पूर्वाधार तथा बजारीकरण | कृषि पूर्वाधार थप निर्माण हुनुका साथै र नयाँ प्रविधिमा ५०% किसानहरुको पहुँच अभिबृद्धि भएको हुनेछ । | किसानहरुको नयाँ कृषि तथा पशु प्रविधिमा पहुँच बढेको | ३.८९% | १५% |
| | | | कृषि पूर्वाधारको विकास भएको ***(संकलन तथा भण्डारण केन्द्र, प्रशोधन केन्द्र, ढुवानीका साधन,संकलन केन्द्र, हाट बजार आदि)*** | ३ | १० |
| ४ | सेवा सुविधामा पहुँच र सुरक्षा | सरकारले उपलब्ध गराउने सेवा सुविधाहरुमा (सामाजिक सुरक्षा, अनुदान, प्राविधिक सेवा, विमा, राहत क्षतिपूर्ति) पहुँच बृद्धि भएको हुनेछ । | सरकारी सेवा सुविधाहरु सहज रुपमा पाउने नागरिकको संख्यामा बृद्धि भएको | ७.५२% | ५०% |
| | | | विपन्न परिवारको लागि योजना निर्माण भई कार्यान्वयनमा उनीहरुको सहभागितामा बृद्धि भएको | २५.७२% | ५०% |
| ५ | खाद्य तथा पोषण शिक्षा | खाद्य तथा पोषण सुरक्षाको जोखिममा रहेका ५०% परिवारको खाद्य तथा पोषण अवस्थामा सुधार भएको हुनेछ । | खाद्य तथा पोषण सुरक्षाको वारेमा जानकारी पाउने परिवारको संख्यामा बृद्धि भएको | १२.२३% | ५०% |
| | | | खाद्य तथा पोषण सुरक्षा प्रबर्द्धनका कार्यक्रमहरु कार्यान्वयन भएको | ८.२७% | २५% |
| ६ | जैविक तथा पर्यावरणीय | जैबिक विविधताको संरक्षण गरी ८०%किसानहरुले पर्यावरण (जलवायु) | जलवायु मैत्री कृषि खेती गर्ने किसानको संख्यामा बृद्धि भएको | ३.८९% | १५% |

| | | | | | |
|---|---|---|---|---|---|
| | कृषि | मैत्री कृषि अभ्यासहरुको प्रबर्द्धन गरेका हुनेछन् । | कम्पोष्ट मल प्रयोग गर्ने किसानको संख्यामा बृद्धि भएको | ७८.१८% | ८५% |
| ७ | प्राकृतिक श्रोत तथा बैकल्पिक उर्जाको संरक्षण तथा दिगो व्यवस्थापन | प्राकृतिक श्रोत संरक्षण तथा परिचालन कार्यविधिको निर्माण गरी प्राकृतिक श्रोतहरुको प्रभावकारी परिचालन र बैकल्पिक उर्जाको दिगो व्यवस्थापन गरेको हुनेछ । | प्राकृतिक श्रोत (जंगल, जडिबुटी, माटो, ढुंगा, बालुवा, पानी, आदि) हरुको दिगो संरक्षणका कार्यक्रमहरुबाट लाभ लिएका परिवारको संख्यामा बृद्धि भएको | ३६.५१% | ५०% |
| | | | बैकल्पिक उर्जाको प्रयोग गर्ने परिवारको संख्यामा बृद्धि भएको | ५४.५०% | ६५% |
| ८ | आय आर्जन तथा जीविकोपार्जन | कृषि तथा गैर कृषि र पर्यटनमा आधारित लघु उद्यम विकास भई नगरबासीको आर्थिक अवस्थामा सुधार भएको हुनेछ । | नगरवासीको वार्षिक आम्दानीमा बृद्धि भएको | रु. १५५,३९५। | १७५,०००। |
| | | | लघु उद्यम/कम्पनी स्थापना भई स्वरोजगारी सृजना भएको | | |
| | | | पालिकामा सूचिकृत सबै बेरोजगार युवाहरुले रोजगार पाएको | ३०० | १००० |
| ९ | संस्थागत विकास | खाद्य तथा पोषण सुरक्षाको दिगो संरक्षण र प्रबर्द्धनका लागि संस्थागत, नीतिगत तथा संरचनागत व्यवस्थाको भएको । | खाद्य समन्वय समिति गठन भई कार्यान्वयन भएको | ० | १ |
| | | | खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन भएको | ० | १ |

**३.३ अपेक्षित प्रतिफल, सूचक तथा क्रियाकलापहरुः**

नारायण नगरपालिकाको खाद्य तथा पोषण सुरक्षा रणनीतिमा उल्लेख भएको लक्ष्य, विषयगत क्षेत्रहरुको आधारमा तयार पारिएको रणनीतिक उद्देश्यहरु तथा प्राप्त गर्न चाहेको अपेक्षित प्रतिफलहरु, अपेक्षित प्रतिफललाई मापन गर्न सकिने सान्दर्भिक सूचकहरु र क्रियाकलापहरु तयार गरिएको छ । जसको आधारमा नारायण नगरपालिकाले वार्षिक रुपमा योजना र बजेट निर्माण गरी कार्यान्वयन गर्ने प्रयास गर्नेछ । नारायण नगरपालिकाले खाद्य तथा पोषणको जोखिममा रहेकासमुदायका लागि निम्न अनुसारका क्रियाकलापहरु संचालन गरी अपेक्षित नतिजा प्राप्त गर्न सफल हुनेछ ।

**विषयगत क्षेत्र १: कृषि विकास**

**रणनीतिक उद्देश्य १.१:** आर्थिक वर्ष २०८५/८६ को अन्त्यसम्ममा नारायाण नगरपालिकामा कृषि उत्पादन तथा उत्पादकत्वमा १०% ले बृद्धि भई वर्षभरी खाना पुग्ने परिवारको संख्यामा बृद्धि भएको हुनेछ ।

| अपेक्षित प्रतिफलहरु | सूचकहरु | हालको अवस्था | पञ्च वार्षिय लक्ष्य | क्रियाकलापहरु | पुष्ट्याईका आधारहरु | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|
| **प्रतिफल १.१.१:** किसानहरुको ज्ञान सीप विकास हुनुका साथै उन्नत बीउको प्रयोग गरी खाद्यन्न बालीको उत्पादन र उत्पादकत्वमा १०% ले बृद्धि भएको हुनेछ । | खाद्यन्न बालीहरुको उत्पादन र उत्पादकत्वमा बृद्धि भएको **(प्रति रोपनी किलो ग्राममा)** | धानः ११२.२४ | ११६ | • धान, गहुँ, मकै र आलु बाली प्रबर्द्धन गर्न किसानहरुलाई तालिम र उन्नत बीउ सहयोग गर्ने<br>• कृषक समूह वा सहकारीहरुलाई **सामुदायिक बीउ बैंक** संचालनमा सहयोग गर्ने<br>• किसानहरुले उत्पादन गरेको बीउ संकलन र प्रशोधन कार्यमा सहयोग<br>• राष्ट्रिय धान दिवस मनाउने<br>• वडा स्तरबाट किसानहरुलाई प्राविधिक सेवा दिन कृषि प्राविधिकको व्यवस्था गर्ने<br>• कृषि विमाका लागि व्यवसायिक किसानहरुलाई सचतीकरण गर्ने<br>• कृषि फर्महरु संचालन गरेका किसानहरुलाई अनुदानको व्यवस्था गर्ने । | • पालिकाको वार्षिक प्रगति प्रतिवेदन<br>• पालिका अनुगमन प्रतिवेदन<br>• मूल्याङ्कन प्रतिवेदन<br>• कृषि मन्त्रालयद्वारा समय समयमा गरिने कृषि सर्वेक्षण प्रतिवेदन ।<br>• समाचारहरु<br>• फोटोहरु<br>• किसानहरुको सफलताका | • आधारभूत सेवा सुविधाको विकास ।<br>• सेवा र उत्पादन सामग्रीको सुलभता ।<br>• प्राकृतिक प्रकोपको जोखिम न्युनिकरण । |
| | | गहुँ: ९४ | १०३ | | | |
| | | मकैः ११८.५३ | १३० | | | |
| | | आलु: १६५.१० | १८२ | | | |
| | | कोदोः ९७.५५ | १०५ | | | |
| | | जौं: ६२.६४ | ६५ | | | |
| | | फापरः ५० | ५५ | | | |
| | खेतीयोग्य जमिनमा सिचाई हुने क्षेत्रफलमा बृद्धि भएको | २८% | ३५% | | | |
| | किसानहरुले पालिकाबाट कृषि प्राविधिक सेवा पाएको | ९.९३% | ५०% | | | |
| | गुणस्तरीय बीउ उत्पादन गर्ने किसान र समूह तथा सहकारीको संख्यामा बृद्धि भएको | समूहः ३ | ५ | | | |
| | | कसानः ८० | १६० | | | |
| | व्यवसायिक किसानहरुले कृषि विमा गरेका | ०% | २०% | | | |
| | किसानहरुले गणस्तरीय बीउको प्रयोग गरेका | स्थानीयः७९.८३ % | ८०% | | | |
| | | उन्नतः १६.१८% | २०% | | | |
| | कृषि फर्महरु स्थापना भई कृषि | ० | १० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उत्पादन गरेको | | | | कथाहरु । | |
| **प्रतिफल १.१.२:** व्यवसायिक तरकारी खेतीमा संलग्न परिवारको संख्यामा बृद्धि भई तरकारी उत्पादनमा २५% ले बृद्धि भएको हुनेछ । | व्यावसायिक तरकारी खेती गर्ने किसानहरुको संख्यामा बृद्धि भएको | २५० | ४०० | ● व्यवसायिक तरकारी खेती तालिम सञ्चालन गरी बीउ सहयोग गर्ने<br>● व्यवसायिक तरकारी खेती गर्ने किसानहरुलाई नयाँ कृषि प्रविधि तथा औजारको प्रयोगको वारेमा अभिमुखिकरण गर्ने<br>● किसानहरुको क्षमता विकासका लागि अवलोकन भ्रमणमा सहभागि गराउने<br>● कृषि कर्जाका लागि वित्तिय संस्थाहरुसँग समन्वय बैठक गर्ने<br>● व्यवसायिक च्याउ खेती तालिम र बीउ सहयोग गर्ने<br>● मौषमी र बेमौषमी तरकारीको नर्सरी स्थापनामा सहयोग गर्ने<br>● उत्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गर्ने | पालिकाको वार्षिक प्रगति प्रतिवेदन<br>● पालिका अनुगमन प्रतिवेदन<br>● कृषि मन्त्रालयद्वारा समय समयमा गरिने कृषि सर्वेक्षण प्रतिवेदन ।<br>● समाचारहरु<br>● फोटोहरु । | ● आधारभूत सेवा सुविधाको विकास ।<br>● कृषकहरुले आवश्यक प्रविधिको प्रयोग<br>● प्राकृतिक प्रकोपको जोखिम न्युनिकरण । |
| | तरकारीको उत्पादन र उत्पादकत्वमा बृद्धि भएको ***(प्रति रोपनी किलो ग्राममा)*** | मौषमी:१८६.१० | २३३ | | | |
| | | बेमौषमी: २४०.१९ | ३०० | | | |
| | किसानहरुले प्राविधिकबाट सीप विकास तालिम तथा परामर्श पाएका | ३.६७% | २०% | | | |
| **प्रतिफल १.१.३:** फलफुल, मशला, दलहन र तेलहन | दलहन र तेलहन (मसुरो, सिमी, मास आदि) र तेलहन (तोरी, सूर्यमुखी,आदि) बाली उत्पादनमा बृद्धि भएको ***(प्रति रोपनी किलो ग्राममा)*** | दलहनः ४० | ५० | ● भटमास/सिमी बाली उत्पादन तालिम र उन्नत बीउ सहयोग गर्ने<br>● तोरी उत्पादन तालिम र उन्नत बीउ सहयोग गर्ने | ● पालिकाको वार्षिक प्रगति प्रतिवेदन<br>● पालिका | ● कृषकहरुले आवश्यक प्रविधिको प्रयोग<br>● सेवा र |
| | | तेलहनः २५.८४ | ४० | | | |
| | व्यवसायिक फलफुल खेती गर्ने | २२ | १०० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बालीको व्यवसायिक उत्पादन गर्ने किसानहरुको संख्यामा बृद्धि भएको हुनेछ । | किसानहरुको संख्यामा बृद्धि भएको | | | ● व्यवसायिक अदुवा खेती तालिम र बीउमा सहयोग सहयोग गर्ने<br>● व्यवसायिक फलफुल खेती गर्ने किसानहरुलाई विरुवा सहयोग गर्ने<br>● मौरीपालन तालिम र पुरक अनुदान सहयोग<br>● फलफुल नर्सरी स्थापनामा सहयोग | अनुगमन प्रतिवेदन<br>● समाचारहरु<br>● फोटोहरु<br>● किसानहरुको सफलताका कथाहरु । | उत्पादन सामग्रीको सुलभता ।<br>● प्राकृतिक प्रकोपको जोखिम न्युनिकरण । |
| | फलफुलको महत्व बुझी (स्याउ, ओखर, केरा, मेवा, लिची, सुन्तला, कागती) विरुवाको संख्यामा बृद्धि भएको ***(विरुवा संख्या प्रति घर)*** | ९.५७ | १५ | | | |
| | व्यवसायिक रुपमा मशला बालीहरु उत्पादन गर्ने किसानहरुको संख्यामा बृद्धि भएको | ० | १०० | | | |
| | मौरीपालन गर्ने किसानहरुको संख्यामा बृद्धि भएको | १.६२% | ५% | | | |
| **विषयगत क्षेत्र २: पशुपंक्षी तथा मत्स्य विकास** | | | | | | |
| **रणनीतिक उद्देश्य २.१:**आर्थिक वर्ष २०८५/८६ को अन्त्यसम्ममा नारायाण नगरपालिकामा पशुपंक्षी र मत्स्य उत्पादकत्व १५% ले बृद्धि भई पशुपंक्षीजन्य उत्पादनहरु आयात प्रतिस्थापन भएको हुनेछ । | | | | | | |
| **प्रतिफल २.१.१:** ५०० परिवार पशुपालन व्यवसायमा संलग्न भई पशु उत्पादन तथा उत्पादकत्वमा बृद्धि भएको हुनेछ । | पशुपालनमा (गाई, भैसी, बाख्रा, बंगुर आदि) बृद्धि भएको ***(प्रति घर पशुसंख्या)*** | राँगा/भैसीः १.४८ | २ | ● व्यवसायिकभैसीपालन प्रबर्द्धन कार्यक्रम<br>● व्यवसायिक बाखा/पालन प्रबर्द्धन कार्यक्रम<br>● व्यवसायिक बंगुरपालन प्रबर्द्धन कार्यक्रम<br>● पशु विमाका लागि सचेतीकरण तालिम प्रदान गर्ने<br>● पशु स्वास्थ्य तथा बाँझोपन | ● पालिकाको वार्षिक प्रगति प्रतिवेदन<br>● पालिका अनुगमन प्रतिवेदन<br>● मूल्याङ्कन प्रतिवेदन<br>● कृषि | ● आधारभूत सेवा सुविधाको विकास ।<br>● कृषकहरुले आवश्यक प्रविधिको प्रयोग<br>● सेवा र उत्पादन |
| | | गाई/गोरुः २.६२ | ३ | | | |
| | | बाख्रा/खसीः ९.६५ | १२ | | | |
| | | बंगुर/संगुरः ०.६४ | १ | | | |
| | दुध उत्पादनमा बृद्धि भएको (**वार्षिक लिटरमा**) | ४३९,५६७ | ६००,००० | | | |
| | किसानहरुले पशुपालन प्रबर्द्धनका लागि पोषिलो दाना तथा घाँसको | ३९.३७% | ६०% | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | व्यवस्था गरेका | | | निवारण शिविर संचालन गर्ने<br>● दुध उत्पादन व्यवसायमा संलग्न किसानहरुलाई स्टेनलेस स्टिलका दुध दुहुने भाँडा, क्यान सहयोग गर्ने | मन्त्रालयद्वारा समय समयमा गरिने पशुपंक्षी सर्वेक्षण प्रतिवेदनहरु ।<br>● समाचारहरु<br>● फोटोहरु<br>● किसानहरुको सफलताका कथाहरु । | सामग्रीको सुलभता ।<br>● प्राकृतिक प्रकोपको जोखिम न्युनिकरण । |
| | किसानहरुले पशु विमाको वारेमा जानकारी पाई पशु विमा गर्ने किसानको संख्या बृद्धि भएको | ५.३७% | ५०% | | | |
| | किसानहरुले सुधारिएको खोर निर्माण गरी प्रभावकारी व्यवस्थापन गरेका | ११.१२% | ५०% | | | |
| | पशुपालनका लागि सीप विकास तालिम तथा परामर्श पाउने किसानहरुको संख्यामा बृद्धि भएको | ३६.४२% | ५०% | | | |
| | पालिकाले पशु खोप तथा उपचार सेवा प्रदान गरेको | ३५.७४% | ६०% | | | |
| | पशुपालनका लागि आर्थिक अनुदान बृद्धि भएको | २.७२% | १०% | | | |
| | पशुको कृतिम गर्भाधान तथा नश्ल सुधार सेवा लिने संख्यामा बृद्धि भएको | ०.४५% | २५% | | | |
| **प्रतिफल २.१.२:** २०० परिवार कुखुरा, हाँस र माछापालन व्यवसायमा सहभागि भई माछा, मासु र अण्डाको | मासु र अण्डाका लागि व्यवसायिक कुखुरापालन गर्ने किसानहरुको संख्यामा बृद्धि भएको | | ५० | ● किसानहरुलाई व्यवसायिक कुखुरापालन सीप विकास तालिम, फिडर, डिंकर र खोपमा सहयोग गर्ने<br>● कुखुराको विमा व्यवस्था गर्नमा समन्वय र सहजीकरण गर्ने<br>● व्यवस्थित मासु पसल | ● पालिकाको वार्षिक प्रगति प्रतिवेदन<br>● पालिका अनुगमन प्रतिवेदन<br>● समाचारहरु | ● आधारभूत सेवा सुविधाको विकास ।<br>● कृषकहरुले आवश्यक प्रविधिको प्रयोग |
| | कुखुरा तथा हाँसको विमाको व्यवस्था भएको | ०% | ८०% | | | |
| | किसानहरुले कुखुरापालन सम्बन्धी सीप विकास तालिम, औषधी तथा परामर्श सेवा | २% | २५% | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आयातमा कमी आएको हुनेछ । | पाएका | | | संचालनका लागि मासु व्यवसायीहरुलाई प्रोत्साहन गर्ने (**मासु प्रबर्द्धन कार्यक्रम**)<br>• माछापालनका लागि पोखरी निर्माण र भुरा सहयोग<br>• नमूना किसानहरुका लागि अध्ययन अवलोकन भ्रमण तथा कार्यशाला | • फोटोहरु<br>• किसानहरुको सफलताका कथाहरु । | • सेवा र उत्पादन सामग्रीको सुलभता ।<br>• रोगको जोखिम न्युनिकरण । |
| | कुखुरा, हाँस तथा अन्य पंक्षीपालनका लागि अनुदान र सहुलियत ऋणमा किसानहरुको सहभागिता बढेको | ०% | १०% | | | |
| | माछापालन गर्ने किसानहरुको संख्यामा बृद्धि भएको | ० | १० | | | |
| **विषयगत क्षेत्र ३: कृषि पूर्वाधार विकास तथा बजारीकरण** | | | | | | |
| **रणनीतिक उद्देश्य ३.१:** आर्थिक वर्ष २०८५/८६ को अन्त्यसम्ममा नारायण नगरपालिकामा कृषि पूर्वाधारथप निर्माण हुनुका साथै र नयाँ प्रविधिमा ५०% किसानहरुको पहुँच अभिबृद्धि भएको हुनेछ । | | | | | | |
| **प्रतिफल ३.१.१:** कृषि पूर्वाधारको विकासमा बृद्धि भई किसानहरुले नयाँ प्रविधिको प्रयोग गरेका हुनेछन् । | खाद्यन्न संकलन तथा भण्डारण केन्द्रहरुको निर्माण भई प्रभावकारी रुपमा प्रयोग भएको | ० | १ | • सिचाई सुविधा विस्तार गर्ने ( कुलो तथा पोखरी निर्माण)<br>• कृषि उपजहरुको विक्री वितरणका लागि स्थानीय स्तरमा हाटबजारको व्यवस्थापन गर्ने<br>• आलु, प्याज, फलफुल आदि भण्डारणका लागि निर्माण भैरहेको शितभण्डार तथा एकिकृत कृषि बजार सम्पन्न गरी संचालन तथा व्यवस्थापन गर्ने<br>• कृषि उपज ढुवानीका लागि सिंगल क्याप गाडी व्यवस्थापनमा सहयोग गर्ने | • वार्षिक प्रतिवेदन<br>• अनुगमन प्रतिवेदन<br>• मूल्याङ्कन प्रतिवेदन<br>• कृषि मन्त्रालयद्वारा समय समयमा गरिने कृषि सर्वेक्षण प्रतिवेदन ।<br>• समाचारहरु | • कृषि पूर्वाधारको विकास<br>• कृषि बजारको व्यवस्थापन । बजार विकास,<br>• कृषकहरुले आवश्यक प्रविधिक सेवा र उत्पादन सामग्रीको सुलभता |
| | आलु, प्याज, फलफुल आदिका लागि शित भण्डारकेन्द्रको निर्माण भएको | ० | १ | | | |
| | तरकारी, फलफुल, माछामासु र दुध संकलन केन्द्र निर्माण भई प्रभावकारी रुपमा व्यवस्थापन भएको | १ | १० | | | |
| | खेतीयोग्य जमिनमा सिचाई पूर्वाधार (कुलो र नहर निर्माण तथा मर्मत, लिफ्ट सिचाई) व्यवस्था भएको | २८% | ३५% | | | |
| | व्यवसायिक तरकारी गर्ने | १७.२८% | ३०% | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | किसानहरुले थोपा सिचाई, प्लाष्टिक पोखरी तथा टनेलको प्रयोग गरेका | | | ● व्यवसायिक तरकारी खेती गर्ने किसानहरुलाई थोपा सिचाई प्रविधिमा सहयोग गर्ने<br>● बेमौषमी तरकारी खेतीका लागि टनेल निर्माणमा सहयोग गर्ने<br>● बाँझो जग्गा सदुपयोगका लागि बहुवर्षिय र बहुबाली उत्पादन खेती गर्नमा सहयोग गर्ने<br>● बगर खेती प्रविधिमा सहयोग<br>● माटो परिक्षण शिविर संचालन गर्ने<br>● किसानहरुलाई यान्त्रीकरण खरिदमा अनुदान सहयोग गर्ने ( मिनी टेलर, ड्यांङ्ग वनाउने र गोडने मेशिन, रोप्ने र कटानी कटानी मेशिन, सिड ड्रिल, मकै छोडाउने मेशिन, आदि)<br>● उत्पादन तथा उत्पादकत्वको मापन गर्न बाली कटानी कार्यक्रम संचालन गर्ने<br>● कर्मचारीहरुको क्षमता विकास तालिम | ● सफलताका कथाहरु । | |
| | किसानहरुले नयाँ कृषि तथा पशु प्रविधिको प्रयोग गरेका । | २७.६५% | ५०% | | | |
| **प्रतिफल ३.१.२:** पशु विकास पूर्वाधार र | कृषि समूह तथा सहकारीहरुले कृषि तथा पशु उपजहरुको प्रशोधन र बजारीकरण कार्य प्रभावकारी रुपमा गरेका | ० | ५ | ● दुध संकलन केन्द्र संचालन तथा व्यवस्थापनमा अनुदान सहयोग | ● वार्षिक प्रतिवेदन<br>● अनुगमन | ● आधारभूत पूर्वाधार तथा बजार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नयाँ प्रविधिको प्रयोगमा बृद्धि भई ३००० परिवार लाभान्वित भएका हुनेछन् | किसानहरुले कृषि तथा पशु उपजहरु स्थानीय संकलन केन्द्रमा बेच्ने गरेका | ४.३२% | २५% | ● पशु उपजहरुको खरिद बिक्रीका लागि हाटबजारको व्यवस्था गर्ने<br>● भ्याक्सिन भण्डारणको लागि सबै शाखाहरुमा कोल्ड चेन प्रणालीको व्यवस्था गर्ने<br>● पशु प्रयोगशाला संचालन तथा व्यवस्थापन (औषधी, केमिकल्स, किट खरिद)<br>● उत्पादनमा आधारित किसानहरुलाई प्रोत्साहन सहयोग गर्ने<br>● साईलेज उत्पादन तालिम सञ्चालन गर्ने<br>● पशु नश्ल सुधारका लागि कृतिम गर्भाधान सेवा प्रदान गर्ने<br>● मिनरल ब्लक निर्माण तथा तालिम संचालन गर्ने<br>● मेडिकल उपचारका लागि आवश्यक औषधी र उपकरण खरिद गर्ने<br>● परजीवी नियन्त्रणका लागि औषधी खरिद तथा वितरण गर्ने<br>● पशु खोप (लम्फी स्किन, रेबिज, खोरेत, पिपिआर, आदि खोप | प्रतिवेदन<br>● मूल्याङ्कन प्रतिवेदन<br>● कृषि मन्त्रालयद्वारा समय समयमा गरिने कृषि सर्वेक्षण प्रतिवेदन ।<br>● समाचारहरु<br>● भिजुअल डकुमेन्ट्री । | विकास,<br>● पूर्वाधार निर्माणका प्रदेश तथा संघिय सरकारबाट बजेट विनियोजन |
| | कृषि सहकारी तथा कम्पनीहरुको संस्थागत विकास भई कृषि तथा पशु विकासका क्रियाकलापहरु संचालन भएका | ३४ | ४० | | | |
| | कृषि तथा पशुजन्य उपजहरुको गुणस्तरीय प्रशोधन भई मुल्य श्रृंखलामा आधारित बजारीकरण भएको | ० | ५ | | | |
| | कृषि एम्बुलेन्सले कृषि तथा पशुजन्य उपजहरुको ढुवानी गरेको | ० | १ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सेवा प्रदान गर्ने<br>● वडा तहमा नयाँ पशु प्राविधिकको व्यवस्था गर्ने<br>कर्मचारीहरुको क्षमता विकासका लागि तालिमको व्यवस्था गर्ने | | |
| **विषयगत क्षेत्र ४: सेवा सुविधामा पहुँच र सुरक्षा** | | | | | | |
| **रणनीतिक उद्देश्य ४.१:** आर्थिक वर्ष २०८५/८६ को अन्त्यसम्ममा, नारायण नगरपालिका सरकारले उपलब्ध गराउने सेवा सुविधाहरुमा (सामाजिक सुरक्षा, अनुदान, प्राविधिक सेवा, विमा, राहत क्षतिपूर्ति) पहुँच बृद्धि भएको हुनेछ । | | | | | | |
| **प्रतिफल ४.१.१:** किसान तथासिमान्त कृत वर्गको शिक्षा तथा सचेतना अभिबृद्धि भई विभिन्न श्रोत साधनमा पहुँच अभिबृद्धि भएको हुनेछ | किसानहरुले किसान परिचय पत्र प्राप्त गरेका | ०% | ९०% | ● किसानहरुको तथ्यांक अद्यावधिक गरी वर्गिकरण गर्ने ।<br>● कृषक परिचय पत्र वितरण गर्ने<br>● खाद्य तथा पोषण जोखिममा रहेका २३२५ परिवारलाई खाद्य तथा पोषण सुरक्षा प्रबर्द्धनका लागि आयआर्जनका क्रियाकलापहरुमा सहभागितामा जोड दिने ।<br>● सिमान्तकृत वर्गलाई प्राथमिकतामा राखेर योजना निर्माण गर्न कर्मचारी तथा पदाधिकारीहरुलाई अभिमुखिकरण | ● वार्षिक प्रतिवेदन<br>● अनुगमन प्रतिवेदन<br>● मूल्याङ्कन प्रतिवेदन<br>● समाचारहरु । | ● नीति, कार्यक्रम र बजेटको व्यवस्थापन<br>● नागरिक क्षमता विकास<br>● नीति, कार्यक्रम र बजेटको व्यवस्थापन |
| | सूचना तथा संचार प्रविधि मार्फत स्थानीय सरकारका कार्यक्रमहरुको वारेमा नागरिकले जानकारी पाएका | ४७.४८% | ९०% | | | |
| | किसानहरुले कृषि तथा पशु प्राविधिक सेवा तथा परामर्श वडा कार्यालयबाट पाएका | | ११ | | | |
| | नागरिकको सेवा र श्रोतमा दावी गर्ने क्षमताको विकास भएको | ४८.५६% | ७५% | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| । | आर्थिक तथा सामाजिक रुपमा सिमान्तकृत वर्ग समुदाय ( महिला, बालबालिका, अपांग, जेष्ठ नागरिक, बाढि तथा पहिरो पिडित आदिका लागि विशेष कार्यक्रम निर्माण भई उनीहरुको सहभागिता सुनिश्चित भएको | २५.७२% | ५०% | गर्ने ।<br>● स्थानीय सरकारले संचालन गरेका कार्यक्रम, कार्यनीति, बजेट र श्रोतहरुको वारेमा जनतालाई सूचना प्रदान गर्ने ।<br>● नागरिकको अधिकार र सामाजिक सुरक्षाको वारेमा चेतना अभिबृद्धि सम्बन्धीका तालिम तथा अन्तरक्रियाहरु सञ्चालन गर्ने । | | |
| **विषयगत क्षेत्र ५:खाद्य तथा पोषण सुरक्षा** | | | | | | |
| **रणनीतिक उद्देश्य ५.१:**आर्थिक वर्ष २०८५/८६ को अन्त्यसम्ममा, नारायण नगरपालिकामा खाद्य तथा पोषण सुरक्षाको जोखिममा रहेका ५०% परिवारको खाद्य तथा पोषण अवस्थामा सुधार भएको हुनेछ । | | | | | | |
| **प्रतिफल ५.१.१:** खाद्य तथा पोषण जोखिममा रहेका नागरिकको खाद्य अधिकार र पोषण सम्वन्धी सचेतनामा अभिबृद्धि भएको हुनेछ | खाद्य सुरक्षाको वारेमा जानकारी पाउने परिवारको संख्यामा बृद्धि भएको | १२.२३% | ५०% | ● खाद्य तथा पोषण असुरक्षाको जोखिममा रहेका परिवारलाई खाद्य तथा पोषण सुधारका क्रियाकलापहरुमा सहभागि गराउने<br>● खाद्य तथा पोषण सुधारका लागि कम भूमि भएका परिवारलाई बीउको मिनीकिटस् सहयोग गर्न<br>● **"एकिकृत घरबगैचा निर्माणमा सहयोग गर्ने**<br>● वडा तहमा खाद्य तथा पोषण सुरक्षाको वारेमा अभिमुखिकरण | ● वार्षिक प्रतिवेदन<br>● अनुगमन प्रतिवेदन<br>● मूल्याङ्कन प्रतिवेदन<br>● स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा समय समयमा गरिने कृषि सर्वेक्षण | ● सेवामुलक श्रोत साधानको विकास<br>● सेवाप्रदायक निकाय सेवा प्रवाहमा संवेदनशिल<br>● नागरिकको अर्थपूर्ण सहभागिता |
| | खाद्य तथा पोषण सुरक्षा प्रबर्द्धनका कार्यक्रमहरुमा सहभागि भएका परिवारको संख्यामा बृद्धि भएको | ८.२७% | ५०% | | | |
| | **"एक घर एक करेसावारी"** निर्माण भई खाद्य तथा पोषण सुरक्षा प्रबर्द्धन भएको | २१.५८% | ४०% | | | |
| | वर्षभरी खान पुग्ने तरकारी उत्पादन गर्ने परिवार संख्या बढेको | २३.३८% | ४०% | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| । | | | | गर्ने<br>● खाद्य सुरक्षा सम्बन्धी सूचनामुलक सन्देशहरु प्रकाशन र प्रशारण गर्ने<br>● गर्भवती महिलासँग उप प्रमुख कार्यक्रमको निरन्तरता दिने<br>● पोषण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रमको निरन्तरता दिने<br>● पोषणमैत्री स्थानीय शासन प्रबर्द्धन कार्यक्रमको निरन्तरता दिने<br>● पोषण सुधारका लागि विपन्न समुदायका महिलालाई आयआर्जन सुधार कार्यक्रमको निरन्तरता दिने<br>● पोषणमैत्री नमूना टोल कार्यक्रमको निरन्तरता दिने | प्रतिवेदन ।<br>● समाचारहरु | |
| **प्रतिफल ५.१.२:** ९०% गर्भवती तथा सुत्केरी महिला, बालबालिका र किशोर-किशोरीहरुको पोषण | गर्भवती र सुत्केरीलाई पोषिलो तथा थप खाना खाने तथा खुवाउने परिवार संख्यामा बृद्धि | ४६% | ६०% | ● सुत्केरी र गर्भवतीलाई थप पोषिलो खानाको महत्वको वारेमा समुदाय स्तरमा अन्तरक्रिया संचालन गर्ने<br>● रेडियो, टेलिभिजन, पत्रपत्रिका आदिबाट पोषणको महत्व विषयक सूचनामुलक सन्देशहरु प्रकाशन र प्रशारण गर्ने | ● वार्षिक प्रतिवेदन<br>● अनुगमन प्रतिवेदन<br>● मूल्याङ्कन प्रतिवेदन<br>● स्वास्थ्य तथा जनसंख्या | ● आधारभूत स्वास्थ्य तथा पो्ाण सेवा सुविधाको विकास ।<br>● घरपरिवारहरु ले आवश्यक प्रविधिको |
| | गर्भवती तथा सुत्केरी महिला र किशोरीहरुको पोषण सम्बन्धी ज्ञान, सीप तथा चेतना अभिबृद्धि भई व्यवहारमा लागू गरेका | ४२% | ६०% | | | |
| | आईरन लिने गर्भवती महिलाको संख्यामा बृद्धि भएको | ४९.८०% | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सुधारका लागि संचालित सेवाहरुमा सहभागिता बृद्धि भएको भएको हुनेछ । | कडा कुपोषित बालबालिकाको संख्यामा कमी आएको | १० | ० | ● समुदाय स्तरमा पोषण मेलाहरु आयोजना गर्ने<br>● आमा समुहहरुमा पोषणको महत्व विषयक छलफल सञ्चालन गर्ने ( २१ वटा समूह)<br>● खाद्य मिसावट रोकथामका लागि बजार अनुगमनलाई प्रभावकारी वनाउने<br>● पोषण सुधारका लागि समुदायमा सचेतनामूलक कार्यक्रम संचालन गर्ने (**भिटामिन ए, बाल भिटा, अलबेन्डाजाल लिन लिनमा अभिप्रेरित गर्ने**)<br>● समुदायमा पोषण सम्बन्धी सन्देशमूलक श्रव्यदृश्य भिडिओ प्रशर्दनी गर्ने<br>● कुपोषित आमा र बालबालिकाहरुको पहिचान गरी निःशुल्क उपचार गर्नमा सहजीकरण गर्ने<br>● किशोरीहरुलाई (**विद्यालय र समुदायका**) आईरन चक्की प्रयोगलाई प्रभावकारी वनाउन समिक्षा बैठक गर्ने<br>● बालबालिकाको नियमित पोषण लेखाजोखा गर्ने | मन्त्रालयद्वारा समय समयमा गरिने कृषि सर्वेक्षण प्रतिवेदन ।<br>● समाचारहरु | प्रयोग<br>● पोषण सुरक्षामा सुधार |
| | शिशुलाई जन्मेको ६ महिनासम्म मात्र स्तनपान गराउनेको संख्या | २७३ | ५०० | | | |
| | समयमै शिशुलाई थप पोषिलो आहार खुवाउन शुरु गरेका | २६५ | ५०० | | | |
| | आईरन चक्की लिने किशोरीहरुको संख्यामा बृद्धि भएको | १३ हप्ताः ६६% | ९०% | | | |
| | | २६ हप्ताः ०% | ९०% | | | |
| | जङ्कफुड (पत्रुखाना) को प्रयोगमा कमी आएको | ५७.७३% | २५% | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • विद्यालय खाजा कार्यक्रमलाई प्रभावकारी वनाउन स्थानीय उत्पादनको पोषणयुक्त खाजाको प्रयोग गर्न अन्तरक्रियाहरु संचालन गर्ने<br>• विद्यालयमा पोषणको महत्व विषयक अन्तरक्रियाा संचालन गर्ने र किशोरीहरुलाई आईरन चक्की प्रयोग गर्नमा सहजीकरण गर्ने | | |
| **विषयगत क्षेत्र ६:** जैबिक तथा पर्यावरणीय कृषि | | | | | | |
| **रणनीतिक उद्देश्य ६.१:**आर्थिक वर्ष २०८५/८६ को अन्त्यसम्ममा, नारायण नगरपालिकामा जैबिक विविधताको संरक्षण गरी ८०%किसानहरुले पर्यावरण (जलवायु) मैत्री कृषि अभ्यासहरुको प्रबर्द्धन गरेका हुनेछन् । | | | | | | |
| **प्रतिफल ६.१.१:** ४०% परिवारले जैबिक विविधताको संरक्षण गरी जलवायु परिवर्तनको असर र प्रभावलाई न्यूनिकरण गर्ने ज्ञान सीप पाएका हुनेछन् । | जैबिक विविधताको वारेमा जानकारी पाएका परिवारको संख्यामा बृद्धि भएको | ७.७१% | १५% | • कृषि जैबिक विविधताको महत्वको वारेमा सरोकारवालाहरुलाई अभिमुखिकरण गर्ने<br>• जैबिक विविधताको संरक्षण र दिगो व्यवस्थापनका लागि कार्यविधि वनाउने<br>• जलवायु परिवर्तनको असर तथा प्रभावलाई न्यूनिकरण गर्न तालिमहरु सञ्चालन गर्ने<br>• रैथाने बाली संरक्षण तथा प्रबर्द्धन समूह स्तरमा सचेतीकरण गर्ने | • पालिकाको वार्षिक प्रतिवेदन<br>• पालिकाको कार्यविधि<br>• समाचारहरु । | • कार्यक्रम र नीतिको विकास<br>• प्राकृतिक प्रकोप जोखिम न्यूनिकरण |
| | जैबिक कृषि बिविधता संरक्षण र व्यवस्थापन कार्यविधि निर्माण भएको | ० | १ | | | |
| | जलवायु परिवर्तनको असर र प्रभाव न्यूनिकरणका वारेमा जानकारी पाउने परिवार संख्या बृद्धि भएको | ३०.९४% | ४०% | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● रैथाने बालीका बीउहरु प्रशोधन गरी बजारीकरणमा सहयोग | | |
| **प्रतिफल ६.१.२:** ८०% किसानहरुको जलवायुमैत्री कृषि खेती गर्ने ज्ञान सीप अभिबृद्धि भई खाद्य उत्पादन गरेका हुनेछन् । | पर्यावरणीय तथा जैविक कृषि प्रणालीको वारेमा ज्ञान सीप बृद्धि भई प्रयोगमा ल्याएको | ३.८९ % | १५% | ● जलवायु मैत्री कृषि खेती ( Climate Smart Agriculture) सम्बन्धी तालिम सञ्चालन गर्ने<br>● जलवायु तथा हावापानी सुहाउदो अन्नवाली, तरकारी र फलफुल तथा पशुपालन गर्न प्रोत्साहन सहयोग गर्ने<br>● किसानहरुलाई सुख्खा, खडेरी, शितलहर, बाढी, डुवान सहन सक्ने बीउ प्रयोग गर्न सहयोग गर्ने<br>● कृषि बालीमा देखिने रोगकिरा नियन्त्रण गर्ने जैबिक विषादी तयारी तालिम सञ्चालन गर्ने<br>● किसानहरुलाई अर्गानिक कृषि खेती सम्वन्धी अभिमुखिकरण गर्ने<br>● जलवायुमैत्री खेतीका लागि प्रविधि तथा सामग्री सहयोग गर्ने | ● पालिकाको वार्षिक प्रतिवेदन<br>● पालिकाको अनुगमन प्रतिवेदन<br>● मन्त्रालयद्वारा समय समयमा गरिने कृषि सर्वेक्षण प्रतिवेदन ।<br>● समाचारहरु । | ● कार्यक्रम र नीतिको विकास<br>● प्राकृतिक प्रकोप जोखिम न्यूनिकरण<br>● सामुदायिक संगठन सवलीकरण<br>● जोखिम पूर्व तयारीका अभियानहरु संचालन |
| | जलवायु अनुकलित स्थानीय तथा रैथाने बालीका बीउहरुको प्रयोग गरेको | ७९.८३% | ८०% | | | |
| | जलवायु अनुकलित उन्नत बालीका बीउहरुको प्रयोग गरेको | १६.१८% | १८% | | | |
| | जलवायु परिवर्तनका कारण कृषिमा पर्ने असरको रोकथामको उपायहरुको अलम्बन गरेको | १७.७६% | ३०% | | | |
| | जैबिक मल तथा बिषादी प्रयोग गर्ने किसानको संख्यामा बृद्धि भएको | २.५९% | १६% | | | |
| | कम्पोष्ट मलको प्रयोग गरी अर्गानिक खाद्य उत्पादन गरेको | ७५.५९% | ८०% | | | |
| **विषयगत क्षेत्र ७: प्राकृतिक श्रोत तथा बैकल्पिक उर्जाको संरक्षण तथा दिगो व्यवस्थापन** | | | | | | |

| **रणनीतिक उद्देश्य ७.१:**आर्थिक वर्ष २०८५/८६ को अन्त्यसम्ममा, नारायण नगरपालिकाले प्राकृतिक श्रोत संरक्षण तथा परिचालन कार्यविधिको निर्माण गरी प्राकृतिक श्रोतहरुको प्रभावकारी परिचालन र बैकल्पिक उर्जाको दिगो व्यवस्थापन गरेको हुनेछ । | | | | | | |
|---|---|---|---|---|---|---|
| **प्रतिफल ७.१.१:** प्राकृतिक श्रोतहरु ( खानेपानीको मुहान, नदि, पोखरी, सामुदायिक बन, माटो, बालुवा, ढुंगा खानी, बन पैदावार आदि) को उचित परिचालन र व्यवस्थापन भएको हुनेछ । | प्राकृतिक श्रोत संरक्षण कार्यविधि प्रभावकारी रुपमा कार्यान्वयन भएको | ० | १ | • प्राकृतिक श्रोत (माटो, पानी, वालुवा, जंगल, सौर्य उर्जा आदि) संरक्षण कार्यविधि निर्माण कार्यशाला सञ्चालन गर्ने<br>• प्राकृतिक श्रोतहरुको अतिक्रमण रोक्न सचेतनामुलक अन्तरक्रिया<br>• वातावरण प्रदुषण रोकथाम सम्बन्धी तालिम संचालन र अन्तरक्रियाहरु गर्ने<br>• बैकल्पिक उर्जाको महत्व विषयमा सचेतीकरण अभियानहरु संचालन गर्ने<br>• विश्व वातावरण दिवस मनाउने<br>• बायो ग्याँस र सौर्य उर्जा जडानका लागि पुरक अनुदानको व्यवस्था गर्ने | • पालिकाको वार्षिक प्रतिवेदन<br>• पालिकाको अनुगमन प्रतिवेदन<br>• पालिकाको मूल्याङ्कन प्रतिवेदन<br>• मन्त्रालयद्वारा समय समयमा गरिने कृषि सर्वेक्षण प्रतिवेदन ।<br>• समाचारहरु । | • कार्यक्रम र नीतिको विकास<br>• प्राकृतिक श्रोत संरक्षण<br>• प्राकृतिक प्रकोप जोखिम न्यूनिकरण<br>• सामुदायिक संगठन सवलीकरण<br>• जोखिम पूर्व तयारीका अभियानहरु संचालन |
| | सामुदायिक वनको संरक्षण भएको | ५४.३२% | ७५% | | | |
| | प्राकृतिक श्रोतहरुको माटो, ढुंगा, बालुवा, आदिको उत्खनन तथा संकलन कार्य मापदण्ड वमोजिम प्रभावकारी भएको | १८.७१% | ३०% | | | |
| | बैकल्पिक उर्जाको प्रयोगमा बृद्धि भएको | ५४.५०% | ६५% | | | |
| | खेतीयोग्य जमिन प्रयोग भएको | ७५.४८% | ८०% | | | |
| **प्रतिफल ७.१.२:** प्रकोपबाट सृजना हुने जोखिम न्यूनिकरणका | विपत व्यवस्थापन समिति प्रभावकारी रुपमा परिचालन भएको | १ | १ | • सामुदायिक बनको खाली जग्गा र अन्य सार्वजनिक जग्गामा बृक्षारोपन गर्ने<br>• निजी वन प्रबर्द्धनमा सहयोग गर्ने | • पालिकाको वार्षिक प्रतिवेदन<br>• पालिकाको अनुगमन | • कार्यक्रम र नीतिको विकास<br>• प्राकृतिक प्रकोप |
| | प्रकोप जोखिम न्यूनिकरणका उपायाहरुको अवलम्बन गर्ने परिवारको संख्यामा बृद्धि भएको | १७.२७ % | ३०% | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| योजना निर्माण भई प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ । | मौषम सम्बन्धी पूर्व जानकारी दिने प्रणालीको विकास भएको | ०% | १ | • नदि कटान रोकथामका लागि तटबन्ध निर्माण गर्ने (**अनाह तटबन्ध निर्माणाधीन**)<br>• बढि पहिरो जाने खोखिम भएका ठाउँहरुमा बायोईन्जिनियरिंग तरिकाले बृक्षारोपन गर्ने (**सडक, खोला, नदि छेउ, कुलो, नहर आदिमा**)<br>• बाढी, पहिरो, आगलागी आदि प्रकोपबाट बच्नका लागि सचेतीकरण तालिमहरु सञ्चालन गर्ने<br>• प्रकोप जोखिम न्यूनिकरण गर्न जनचेतनामूलक सन्देशहरु प्रचारप्रसार गर्ने<br>• स्थानीय विपत व्यवस्थापन समितिको क्षमता विकास तालिमहरु सञ्चालन गर्ने<br>• विपत व्यवस्थापन कोष निर्माण गर्ने<br>• **विपत व्यवस्थापनका लागि आवश्यक पर्ने सामग्रीहरुको व्यवस्था गर्ने** | प्रतिवेदन<br>• पालिकाको मूल्याङ्कन प्रतिवेदन<br>• मन्त्रालयद्वारा समय समयमा गरिने कृषि सर्वेक्षण प्रतिवेदन ।<br>• समाचारहरु । | जोखिम न्यूनिकरण<br>• सामुदायिक संगठन सवलीकरण<br>• जोखिम पूर्व तयारीका अभियानहरु संचालन |
| | मौषम सम्बन्धी पूर्व जानकारी दिने प्रणालीबाट लाभान्वित परिवारको संख्यामा बृद्धि भएको | ०% | ६०% | | | |
| **विषयगत क्षेत्र ८:** आय आर्जन तथा जीविकोपार्जन | | | | | | |
| **रणनीतिक उद्देश्य ८.१:**आर्थिक वर्ष २०८५/८६ को अन्त्यसम्ममा, नारायण नगरपालिकामाकृषि तथा गैर कृषि र पर्यटनमा आधारित लघु उद्यम विकास भई नगरबासीको आर्थिक अवस्थामा सुधार भएको हुनेछ | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **प्रतिफल ८.१.१:**२५० जना युवाहरुले कृषि तथा गैर कृषिमा आधारित लघु उद्यम संचालन गरी स्वरोजगारी सृजना भएको हुनेछ । | वार्षिक आम्दानीमा बृद्धि भएको | रु. १५५,३९५। | २००,०००। | ● नेपाली कागज उत्पादन उद्योगको मर्मत सम्हारमा सहयोग गरी विपन्न युवाहरुलाई संचालन गर्ने जिम्मा दिने<br>● नेपाली कागज उत्पादन उद्योगको संचालन तथा व्यवस्थापनमा सहयोग<br>● बाँसको फर्निचर तथा अन्य सामग्री निर्माण तालिम र व्यवसाय संचालनका लागि अनुदान सहयोग<br>● दुना टपरी उत्पादन मेशिनको व्यवस्था गर्ने<br>● सिस्नो प्रशोधन उद्यम संचालनका लागि तालिम र मेशिनरी सामग्री सहयोग गर्ने<br>● ढाँका बुनाई मेशिन र भवनको मर्मत सम्हार गरी युवाहरुलाई संचालन गर्ने जिम्मा दिने<br>● वन पैदावारमा आधारित उद्यम संचालन तालिम सहयोग गर्ने ( फर्निचर, जडिबुटी संकलन तथा प्रशोधन आदि)<br>● उद्यम संचालनका लागि घुम्तीकोषको व्यवस्था गर्ने<br>● पर्यटन प्रबर्द्धनका लागि | ● पालिकाको वार्षिक प्रतिवेदन<br>● पालिकाको अनुगमन प्रतिवेदन<br>● पालिकाको मूल्याङ्कन प्रतिवेदन<br>● मन्त्रालयद्वारा समय समयमा गरिने कृषि सर्वेक्षण प्रतिवेदन ।<br>● समाचारहरु । | ● कार्यक्रम र नीतिको विकास<br>● सामुदायिक संगठन सवलीकरण<br>● युवाहरुको क्षमता विकास |
| | साना तथा घरेलु उद्योगहरुको संख्या बृद्धि भएको | | | | | |
| | कृषि तथा पशु उद्यम मार्फत आयआर्जनमा बृद्धि भएको | रु.२८,१९२। | ३५,०००। | | | |
| | गैर कृषिमा आधारित उद्यम मार्फत आयआर्जन बृद्धि भएको | रु.४९,८२२। | ६०,०००। | | | |
| | पर्यटन स्थलहरुमा पूर्वाधार निर्माण भएको | | ५ | | | |
| | पर्यटकिय क्षेत्रहरुमा होम स्टेको निर्माण तथा व्यवस्थापन भएको | | २ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | पर्यटकिय स्थानहरुको वारेमा प्रचार प्रसार गर्ने<br>● पर्यटकिय स्थलहरुमा पूर्वाधार निर्माण गर्ने<br>● होमस्टे निर्माणमा सहयोग गर्ने | | |
| **प्रतिफल ८.१.२:** आर्थिक तथा सामाजिक रुपमा विपन्न ३०० युवाहरुको प्राविधिक ज्ञान, सीप तथा क्षमता अभिबृद्धि भई स्वरोजगार भएका हुनेछन् । | सीपमुलक तालिम पाएका युवाहरुको संख्यामा बृद्धि भएको | ५.७६% | १५% | ● कृषि तथा पशु पाविधिक तालिमका लागि छात्रबृत्ति प्रदान गर्ने<br>● छोटो अवधिका सीपमुलक प्राविधिक तालिमहरु (सिकर्मी, डकर्मी, मोटरसाईकल मर्मत, इलेक्ट्रिसीयन, प्लम्बिङ्ग आदि) संचालन गर्ने **(CTEVTबाट सीप विकास परिक्षण गराई प्रमाणपत्रको व्यवस्था सहित)**<br>● तालिम प्राप्त युवाहरुलाई व्यवसाय संचालनका लागि बीउपूँजी (निश्चित कोष) स्थापना गर्ने | ● पालिकाको वार्षिक प्रतिवेदन<br>● पालिकाको अनुगमन प्रतिवेदन<br>● मन्त्रालयद्वारा समय समयमा गरिने कृषि सर्वेक्षण प्रतिवेदन ।<br>● समाचारहरु । | ● कार्यक्रम र नीतिको विकास<br>● सामुदायिक संगठन सवलीकरण<br>● युवाहरुको क्षमता विकास |
| | सीपमुलक तालिम पाएका युवाहरु स्वरोजगार हुने संख्यामा बृद्धि भएको | ४३.७५% | ८०% | | | |
| | पालिकाले सामाजिक तथा आर्थिक रुपमा विपन्न युवाहरुका लागि प्राविधिक तालिम प्रदान गरी व्यवसाय संचालन गर्न आर्थिक अनुदानको व्यवस्था भएको | ३१७ | ८२५ | | | |
| **प्रतिफल ८.१.३:** नगरपालिकामा सूचिकृत आर्थिक तथा | सूचिकृत भएका सबै बेरोजगारहरुले कम्तीमा १०० दिन काम पाएका | ३०० | १००० | ● पालिकामा सूचिकृत बेरोजगारहरुलाई (कामका लागि पारिश्रमिक) १०० दिन काम दिने<br>● पालिकामा सूचिकृत | | |
| | युवाहरुले सीप विकास तालिम पाई स्वरोजगार भएका | १२ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सामाजिक रुपमा विपन्न १००० जनाले रोजगारी पाई जीविकोपार्जनमा सहज भएको हुनेछ | पालिकामा संचालन हुने निर्माण योजनाहरुमा सूचिकृत सबै बेरोजगार युवाहरुले १०० दिन भन्दा बढि काम पाएका | | | बेरोजगारहरुलाई (कामका लागि पारिश्रमिक) ५० दिन काम दिने<br>● पालिकामा सूचीकृत भएका बेरोजगार युवाहरुलाई विभिन्न निर्माण आयोजनाहरुमा काम गर्ने व्यवस्था मिलाउने मिलाउने र काम गर्नेलाई पारिश्रमिकको व्यवस्था गर्ने<br>● रोजगारीको लागि रोजगारदाताहरुसँग समन्वय गर्ने | | |
| | | | | | | |
| **विषयगत क्षेत्र ९: संस्थागत विकास** | | | | | | |
| **रणनीतिक उद्देश्यः**आर्थिक वर्ष २०८५/८६ को अन्त्यसम्ममा, नारायण नगरपालिकामा खाद्य तथा पोषण सुरक्षाको दिगो संरक्षण र प्रबर्द्धनका लागि संस्थागत, नीतिगत तथा संरचनागत व्यवस्थाको भएको हुनेछ । | | | | | | |
| **प्रतिफल ९.१.१:** खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५ को प्रावधान अनुसार व्यवस्था भएको हुनेछ । | स्थानीय खाद्य समन्वय समिति गठन भएको | ० | १ | ● पालिका स्तरीय खाद्य समन्वय समिति गठन गर्ने<br>● स्थानीय खाद्य समन्वय समितिको काम, कर्तव्य र अधिकारको वारेमा अभिमुखिकरण गर्ने<br>● स्थानीय खाद्य समन्वय समितिको बैठक गर्ने<br>● स्थानीय खाद्य बैंकको स्थापना गर्ने<br>● खाद्य सहायता परिचय पत्र बितरणका लागी प्रदेश तथा संघिय सरकारसंग समन्वय गर्ने | ● पालिकाको वार्षिक प्रतिवेदन<br>● पालिकाको अनुगमन प्रतिवेदन<br>● पालिकाको मूल्याङ्कन प्रतिवेदन<br>● समाचारहरु । | ● कार्यक्रम र नीतिको विकास<br>● संस्थागत सवलीकरण |
| | स्थानीय खाद्य समन्वय समितिको काम, कर्तव्य र अधिकार निर्धारण भएको | ० | १ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **प्रतिफल ९.१.२:** खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना निर्माण भई प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ । | खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजनाको कार्यान्वयन भएको | ० | १ | • कृषि योग्य भूमिको दिगो व्यवस्थापनको लागि कार्यविधि निर्माण गरि कार्यान्वयन गर्ने<br>• खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजनाको वार्षिक रुपमा समिक्षा बैठक गर्ने<br>• खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजनाको मध्यबधि र अन्तिम मुल्यांकन गर्ने<br>• खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश र संघिय मन्त्रालयहरुसँग र अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुसँग साझेदारी विकास गर्न समन्वय बैठक गर्ने<br>• खाद्य तथा पोषण सुरक्षा रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश र संघिय मन्त्रालयहरुसँग र अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुसँग साझेदारी विकास गर्ने | • पालिकाको वार्षिक प्रतिवेदन<br>• पालिकाको अनुगमन प्रतिवेदन<br>• पालिकाको मूल्याङ्कन प्रतिवेदन<br>• समाचारहरु । | • कार्यक्रम र नीतिको विकास<br>• संस्थागत सवलीकरण |
| | खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना कार्यान्वयनको वार्षिक रुपमा अनुगमन र पञ्चवर्षिय मूल्यांकन भएको | ० | १ | | | |

**३.५ पञ्चवर्षिय योजना तथा बजेटः** नारायण नगरपालिकाले खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना कार्यान्वयनका लागि पाँच वर्षका लागि आवश्यक क्रियाकलापहरु र अनुमानित बजेट तयार पारेको छ । नगरपालिकाको वार्षिक बजेट सिमित भएकोले यो खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजनालाई कार्यान्वयन गर्न विभिन्न साझेदार निकायहरुसँग समन्वय गरी बजेटको व्यवस्थापन गरिने छ । यस पालिकामा कार्यक्रम संचालन गर्दै आएका र गर्न चाहने गैर सरकारी संस्थाहरुलाई यसैको आधारमा कार्यक्रम गर्न सहजीकरण गरिने छ । प्रदेश सरकार, संघिय सरकार र नेपाल सरकारले संचालन गरेका विभिन्न आयोजनाहरुसँग साझेदारी गरिने छ ।

| क्र.सं. | क्रियाकलापहरु | पञ्चबर्षिय लक्ष्य | | पञ्चबर्षिय अनुमानित लागत (रु.) | | | | | जम्मा | बजेटको व्यवस्थापन योजना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **प्रतिफल १.१.१:किसानहरुको ज्ञान सीप विकास हुनुका साथै उन्नत बीउको प्रयोग गरी खाद्यन्न बालीको उत्पादन र उत्पादकत्वमा १०% ले बृद्धि भएको हुनेछ ।** | | | | | | | | | | |
| 1 | धान, गहुँ, मकै र आलु बाली प्रबर्द्धन गर्न किसानहरुलाई तालिम र उन्नत बीउ सहयोग गर्ने | किसान | 1500 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 2,500,000.00 | बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रको साझेदारीम संचालन गरिनेछ |
| 2 | कृषक समूह वा सहकारीहरुलाई सामुदायिक बीउ बैंक संचालनमा सहयोग गर्ने | समूह/सहकारी | 2 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 2,500,000.00 | |
| 3 | किसानहरुले उत्पादन गरेको बीउ संकलन र प्रशोधन कार्यमा सहयोग | समूह/सहकारी | 2 | 500,000.00 | 500,000.00 | | 500,000.00 | 500,000.00 | 2,000,000.00 | |
| 4 | राष्ट्रिय धान दिवस मनाउने | दिवस | 5 | 100,000.00 | 100,000.00 | 100,000.00 | 100,000.00 | 100,000.00 | 500,000.00 | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 5 | वडा स्तरबाट किसानहरुलाई प्राविधिक सेवा दिन कृषि प्राविधिकको व्यवस्था गर्ने | प्राविधिक | 5 | 1,950,000.00 | 1,950,000.00 | 1,950,000.00 | 1,950,000.00 | 1,950,000.00 | 9,750,000.00 | |
| 6 | कृषि विमाका लागि व्यवसायिक किसानहरुलाई सचतीकरण गर्ने | किसान | 100 | 150,000.00 | 150,000.00 | 150,000.00 | 150,000.00 | 150,000.00 | 750,000.00 | |
| 7 | कृषि फर्महरु संचालन गरेका किसानहरुलाई अनुदानको व्यवस्था गर्ने | किसान | 100 | 1,500,000.00 | 1,500,000.00 | 1,500,000.00 | 1,500,000.00 | 1,500,000.00 | 7,500,000.00 | |
| | **जम्मा** | | | **5,200,000.00** | **5,200,000.00** | **4,700,000.00** | **5,200,000.00** | **5,200,000.00** | **25,500,000.00** | |
| **प्रतिफल १.१.२ः व्यवसायिक तरकारी खेतीमा संलग्न परिवारको संख्यामा बृद्धि भई तरकारी उत्पादनमा २५% ले बृद्धि भएको हुनेछ ।** | | | | | | | | | | |
| 1 | व्यवसायिक तरकारी खेती तालिम सञ्चालन गरी बीउ सहयोग गर्ने | किसान | 625 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 2,500,000.00 | |
| 2 | व्यवसायिक तरकारी खेती गर्ने किसानहरुलाई नयाँ कृषि प्रविधि तथा औजारको प्रयोगको वारेमा अभिमुखिकरण गर्ने | किसान | 625 | | | | | | - | |
| 3 | किसानहरुको क्षमता विकासका लागि अवलोकन भ्रमणमा सहभागि गराउने | किसान | 125 | 600,000.00 | | 600,000.00 | | 600,000.00 | 1,800,000.00 | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 4 | कृषि कर्जाका लागि वित्तिय संस्थाहरुसँग समन्वय बैठक गर्ने | वर्ष | 5 | 300,000.00 | 300,000.00 | 300,000.00 | 300,000.00 | 300,000.00 | 1,500,000.00 | |
| 5 | व्यवसायिक च्याउ खेती तालिम र बीउ सहयोग गर्ने | किसान | 125 | 100,000.00 | 100,000.00 | 100,000.00 | 100,000.00 | 100,000.00 | 500,000.00 | |
| 6 | मौषमी र बेमौषमी तरकारीको नर्सरी स्थापनामा सहयोग गर्ने | समूह/सहकारी/फर्म | 2 | | | 300,000.00 | | 300,000.00 | | |
| 7 | उत्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गर्ने | किसान | 200 | 800,000.00 | 800,000.00 | 800,000.00 | 800,000.00 | 800,000.00 | 800,000.00 | |
| | **जम्मा** | | | **2,300,000.00** | **1,700,000.00** | **2,600,000.00** | **1,700,000.00** | **2,600,000.00** | **7,100,000.00** | |
| **प्रतिफल १.१.३ः फलफुल, मशला, दलहन र तेलहन  बालीको व्यवसायिक उत्पादन गर्ने किसानहरुको संख्यामा बृद्धि भएको हुनेछ।** | | | | | | | | | | |
| 1 | भटमास/सिमी बाली उत्पादन तालिम र उन्नत बीउ सहयोग गर्ने | किसान | 250 | 150,000.00 | 150,000.00 | 150,000.00 | 150,000.00 | 150,000.00 | 750,000.00 | |
| 2 | तोरी उत्पादन तालिम र  उन्नत बीउ सहयोग गर्ने | किसान | 100 | 100,000.00 | 100,000.00 | 100,000.00 | 100,000.00 | 100,000.00 | 500,000.00 | |
| 3 | व्यवसायिक अदुवा खेती तालिम र बीउमा सहयोग सहयोग गर्ने | किसान | 100 | 150,000.00 | 150,000.00 | 150,000.00 | 150,000.00 | 150,000.00 | 750,000.00 | कृषि विकास कार्यालयसंग समन्वय गरेर किसानहरुलाई सहजीकरण गरिनेछ। |
| 4 | व्यवसायिक फलफुल खेती गर्ने किसानहरुलाई विरुवा सहयोग गर्ने | किसान | 125 | 1,000,000.00 | 1,000,000.00 | 1,000,000.00 | 1,000,000.00 | 1,000,000.00 | 5,000,000.00 | पहाडी क्षेत्र कास्टफल तथा फलफुल विकास आयोजनाबाट व्यवस्था गरिनेछ। |
| 5 | मौरीपालन तालिम र पुरक अनुदान | समूह/सहकारी | 5 | 250,000.00 | 250,000.00 | 250,000.00 | 250,000.00 | 250,000.00 | 2,000,000.00 | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सहयोग | | | | | | | | | |
| 6 | फलफुल नर्सरी स्थापनामा सहयोग | समूह/सहकारी/फर्म | 1 | | 500,000.00 | | | | | पहाडी क्षेत्र कास्टफल तथा फलफुल विकास आयोजनाबाट व्यवस्था गरिनेछ। |
| | **जम्मा** | | | **1,650,000.00** | **2,150,000.00** | **1,650,000.00** | **1,650,000.00** | **1,650,000.00** | **9,000,000.00** | |
| **प्रतिफल २.१.१: ५०० परिवार पशुपालन व्यवसायमा संलग्न भई पशु उत्पादन तथा उत्पादकत्वमा बृद्धि भएको हुनेछ।** | | | | | | | | | | |
| 1 | व्यवसायिक भैसीपालन प्रबर्द्धन कार्यक्रम | किसान | 50 | 1,000,000.00 | 1,000,000.00 | 1,000,000.00 | 1,000,000.00 | 1,000,000.00 | 5,000,000.00 | |
| 2 | व्यवसायिक बाखा/भेडा पालन प्रबर्द्धन कार्यक्रम | किसान | 100 | 1,000,000.00 | 1,000,000.00 | 1,000,000.00 | 1,000,000.00 | 1,000,000.00 | 5,000,000.00 | |
| 3 | व्यवसायिक बंगुरपालन प्रबर्द्धन कार्यक्रम | किसान | 25 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 2,500,000.00 | |
| 4 | पशु विमाका लागि सचेतीकरण तालिम प्रदान गर्ने | किसान | 250 | 50,000.00 | 50,000.00 | 50,000.00 | 50,000.00 | 50,000.00 | 250,000.00 | |
| 5 | पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर संचालन गर्ने | शिविर | 55 | 550,000.00 | 550,000.00 | 550,000.00 | 550,000.00 | 550,000.00 | 2,750,000.00 | |
| 6 | दुध उत्पादन व्यवसायमा संलग्न किसानहरुलाई स्टेनलेस स्टिलका दुध दुहुने भाँडा, क्यान सहयोग गर्ने | किसान | 100 | | 400,000.00 | | | | 400,000.00 | |
| | **जम्मा** | | | **3,100,000.00** | **3,500,000.00** | **3,100,000.00** | **3,100,000.00** | **3,100,000.00** | **15,900,000.00** | |
| **प्रतिफल २.१.२: २०० परिवार कुखुरा, हाँस र माछापालन व्यवसायमा सहभागि भई माछा, मासु र अण्डाको आयातमा कमी आएको हुनेछ।** | | | | | | | | | | |
| 1 | किसानहरुलाई व्यवसायिक | किसान | 100 | 400,000.00 | 400,000.00 | 400,000.00 | 400,000.00 | 400,000.00 | 2,000,000.00 | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुखुरापालन सीप विकास तालिम, फिडर, डिंकर र खोपमा सहयोग गर्ने | | | | | | | | | |
| 2 | कुखुराको विमा व्यवस्था गर्नमा समन्वय र सहजीकरण गर्ने | किसान | 100 | | | | | | - | कुखुरपालन तालिमको समयमा विमा सम्बन्धी सेसन पनि संचालन गरिनेछ। |
| 3 | व्यवस्थित मासु पसल संचालनका लागि मासु व्यवसायीहरुलाई प्रोत्साहन गर्ने (**मासु प्रबर्द्धन कार्यक्रम**) | पसल | 100 | 1,000,000.00 | 1,000,000.00 | 1,000,000.00 | 1,000,000.00 | 1,000,000.00 | 5,000,000.00 | |
| 4 | माछापालनका लागि पोखरी निर्माण र भुरा सहयोग | किसान | 3 | | 6,000,000.00 | | | | 6,000,000.00 | |
| 5 | नमूना किसानहरुका लागि अध्ययन अवलोकन भ्रमण तथा कार्यशाला | किसान | 50 | 400,000.00 | | | 400,000.00 | | 800,000.00 | |
| | **जम्मा** | | | **1,800,000.00** | **7,400,000.00** | **1,400,000.00** | **1,800,000.00** | **1,400,000.00** | **13,800,000.00** | |
| **प्रतिफल ३.१.१ः कृषि पूर्वाधार र कृषि प्रविधिमा किसानहरुको पहुँच अभिबृद्धि भई उत्पादित वस्तुहरुको उचित मुल्य प्राप्त गरेका हुनेछन्।** | | | | | | | | | | |
| 1 | सिचाई सुविधा विस्तार गर्ने (कुलो तथा पोखरी निर्माण) | वटा | 15 | 1,800,000.00 | 1,800,000.00 | 1,800,000.00 | 1,800,000.00 | 1,800,000.00 | 9,000,000.00 | सिचाई मन्त्रालयको साझेदारीमा संचालन गरिनेछ। |
| 2 | कृषि उपजहरुको विक्री वितरणका लागि स्थानीय स्तरमा हाटबजारको व्यवस्थापन गर्ने | हाटबजार | 1 | 300,000.00 | 300,000.00 | 300,000.00 | 300,000.00 | 300,000.00 | 1,500,000.00 | |
| 3 | आलु, प्याज, फलफुल आदि भण्डारणका लागि | शितभण्डार | 1 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 2,500,000.00 | पालिका र प्रदेश सरकारसँग साझेदारीमा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | निर्माण भैरहेको शितभण्डार तथा एकिकृत कृषि बजार सम्पन्न गरी संचालन तथा व्यवस्थापन गर्ने | | | | | | | | | निर्माण कार्य अन्तिम चरणमा रहेको |
| 4 | कृषि उपज ढुवानीका लागि सिंगल क्याप गाडी व्यवस्थापनमा सहयोग गर्ने | गाडी | 1 | 1,000,000.00 | | | | | 1,000,000.00 | कृषि क्षेत्र विकास कार्यक्रमको साझेदारीमा संचालन गरिनेछ |
| 5 | व्यवसायिक तरकारी खेती गर्ने किसानहरुलाई थोपा सिचाई प्रविधिमा सहयोग गर्ने | किसान | 50 | 3,000,000.00 | 3,000,000.00 | 3,000,000.00 | 3,000,000.00 | 3,000,000.00 | 15,000,000.00 | |
| 6 | बेमौषमी तरकारी खेतीका लागि टनेल निर्माणमा सहयोग गर्ने | किसान | 50 | 1,200,000.00 | 1,200,000.00 | 1,200,000.00 | 1,200,000.00 | 1,200,000.00 | 6,000,000.00 | |
| 7 | बाँझो जग्गा सदुपयोगका लागि बहुवर्षिय र बहुबाली उत्पादन खेती गर्नमा सहयोग गर्ने | वर्ष | 5 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 2,500,000.00 | |
| 8 | बगर खेती प्रविधिमा सहयोग | वर्ष | 5 | 400,000.00 | 400,000.00 | 400,000.00 | 400,000.00 | 400,000.00 | 2,000,000.00 | |
| 9 | माटो परिक्षण शिविर संचालन गर्ने | पटक | 2 | 150,000.00 | | | 150,000.00 | | 300,000.00 | |
| 10 | किसानहरुलाई यान्त्रीकरण खरिदमा अनुदान सहयोग गर्ने (मिनी टेलर, ड्यांङ्ग वनाउने र गोडने मेशिन, रोप्ने र कटानी कटानी | समूह सहकारी | 10 | 400,000.00 | 400,000.00 | 400,000.00 | 400,000.00 | 400,000.00 | 2,000,000.00 | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | मेशिन, सिड ड्रिल, मकै छोडाउने मेशिन, आदि) | | | | | | | | | |
| 11 | उत्पादन तथा उत्पादकत्वको मापन गर्न बाली कटानी कार्यक्रम संचालन गर्ने | संख्या | 125 | 250,000.00 | 50,000.00 | 50,000.00 | 50,000.00 | 50,000.00 | 450,000.00 | |
| 12 | कर्मचारीहरुको क्षमता विकास तालिम | वर्ष | 10 | 50,000.00 | 50,000.00 | 50,000.00 | 50,000.00 | 50,000.00 | | |
| | **जम्मा** | | | **9,550,000.00** | **8,200,000.00** | **8,200,000.00** | **8,350,000.00** | **8,200,000.00** | **42,250,000.00** | |
| | **जम्मा** | | | | | | | | | |

**प्रतिफल ३.१.२: पशु विकास पूर्वाधार र नयाँ प्रविधिको प्रयोगमा बृद्धि भई ३००० परिवार लाभान्वित भएका हुनेछन्**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | दुध संकलन केन्द्र संचालन तथा व्यवस्थापनमा अनुदान सहयोग | समूह/सहकारी | 10 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 2,500,000.00 | |
| 2 | पशु उपजहरुको खरिद बिक्रीका लागि हाटबजारको व्यवस्था गर्ने | हाटबजार | 1 | 300,000.00 | | | | | 300,000.00 | |
| 3 | भ्याक्सिन भण्डारणको लागि सबै शाखाहरुमा कोल्ड चेन प्रणालीको व्यवस्था गर्ने | कार्यालय | 1 | 300,000.00 | 300,000.00 | 300,000.00 | 300,000.00 | 300,000.00 | 1,500,000.00 | |
| 4 | पशु प्रयोगशाला संचालन तथा व्यवस्थापन (औषधी, केमिकल्स, किट खरिद) | वर्ष | 5 | 600,000.00 | 600,000.00 | 600,000.00 | 600,000.00 | 600,000.00 | 3,000,000.00 | |
| 5 | उत्पादनमा आधारित किसानहरुलाई | वर्ष | 5 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 2,500,000.00 | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रोत्साहन सहयोग गर्ने | | | | | | | | | |
| 6 | साईलेज उत्पादन तालिम सञ्चालन गर्ने | किसान | 100 | 300,000.00 | 300,000.00 | 300,000.00 | 300,000.00 | 300,000.00 | 1,500,000.00 | |
| 7 | पशु नश्ल सुधारका लागि कृतिम गर्भाधान सेवा प्रदान गर्ने | किसान | 1000 | 300,000.00 | 300,000.00 | 300,000.00 | 300,000.00 | 300,000.00 | 1,500,000.00 | |
| 8 | मिनरल ब्लक निर्माण तथा तालिम संचालन गर्ने | किसान | 100 | 60,000.00 | 60,000.00 | 60,000.00 | 60,000.00 | 60,000.00 | 300,000.00 | |
| 9 | मेडिकल उपचारका लागि आवश्यक औषधी र उपकरण खरिद गर्ने | वर्ष | 5 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 2,500,000.00 | |
| 10 | परजीवी नियन्त्रणका लागि औषधी खरिद तथा वितरण गर्ने | वर्ष | 5 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 1,000,000.00 | |
| 11 | पशु खोप (लम्फी स्किन, रेबिज, खोरेत, पिपिआर, आदि खोप सेवा प्रदान गर्ने | वर्ष | 5 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 2,500,000.00 | |
| 12 | वडा तहमा नयाँ पशु प्राविधिकको व्यवस्था गर्ने | जना | 5 | 2,250,000.00 | 2,250,000.00 | 2,250,000.00 | 2,250,000.00 | 2,250,000.00 | 11,250,000.00 | |
| 13 | कर्मचारीहरुको क्षमता विकासका लागि तालिमको व्यवस्था गर्ने | वर्ष | 5 | 100,000.00 | 100,000.00 | 100,000.00 | 100,000.00 | 100,000.00 | 500,000.00 | |
| | **जम्मा** | | | **6,410,000.00** | **6,110,000.00** | **6,110,000.00** | **6,110,000.00** | **6,110,000.00** | **30,850,000.00** | |
| **प्रतिफल ४.१.१: किसान तथा सिमान्तकृत वर्गको शिक्षा तथा सचेतना अभिबृद्धि भई विभिन्न श्रोत साधनमा पहुँच अभिबृद्धि भएको हुनेछ।** | | | | | | | | | | |
| 1 | किसानहरुको | किसान | 4,000 | 250,000.00 | | | | | 250,000.00 | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तथ्यांक अद्यावधिक गरी परिचयपत्र वितरण गर्ने | | | | | | | | |
| 2 | खाद्य तथा पोषण जोखिममा रहेका परिवारलाई खाद्य तथा पोषण सुरक्षा प्रवर्द्धनका लागि आयआर्जनका क्रियाकलापहरुमा सहभागितामा जोड दिने | परिवार | 2,325 | | | | | | - | |
| 3 | सिमान्तकृत वर्गलाई प्राथमिकतामा राखेर योजना निर्माण गर्न कर्मचारी र निर्वाचित पदाधिकारीहरुलाई अभिमुखिकरण गर्ने | वर्ष | 5 | 50,000.0 | 50,000.0 | 50,000.0 | 50,000.0 | 50,000.0 | | |
| 4 | स्थानीय सरकारले संचालन गरेका कार्यक्रम, कार्यनीति, बजेट र श्रोतहरुको वारेमा जनतालाई सूचना प्रदान गर्ने | वर्ष | 5 | 50,000.00 | 50,000.00 | 50,000.00 | 50,000.00 | 50,000.00 | 250,000.00 | |
| 5 | नागरिकको अधिकार र सामाजिक सुरक्षाको वारेमा चेतना अभिबृद्धि सम्बन्धीका तालिम तथा अन्तरक्रियाहरु सञ्चालन गर्ने | वर्ष | 5 | 250,000.00 | 250,000.00 | 250,000.00 | 250,000.00 | 250,000.00 | 1,250,000.00 | 5 |
| | **जम्मा** | | | **600,000.00** | **350,000.00** | **350,000.00** | **350,000.00** | **350,000.00** | **1,750,000.00** | |

**प्रतिफल ५.१.१:खाद्य तथा पोषण जोखिममा रहेका नागरिकको खाद्य अधिकार र पोषण सम्वन्धी सचेतनामा अभिबृद्धि भएको हुनेछ ।**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | खाद्य तथा पोषण अभावको जोखिममा रहेका परिवारलाई खाद्य तथा पोषण सुधारका क्रियाकलापहरुमा सहभागि गराउने | परिवार | २,३२५ | | | | | | - | |
| २ | खाद्य तथा पोषण सुधारका लागि कम भूमि भएका परिवारलाई बीउको मिनीकिटस् सहयोग गर्न | समूह | २५ | २६०,०००.०० | २६०,०००.०० | २६०,०००.०० | २६०,०००.०० | २६०,०००.०० | १,३००,०००.०० | |
| ३ | **“एकिकृत घरबगैचा निर्माणमा सहयोग गर्ने** | परिवार | १,२५० | ३७५,०००.०० | ३७५,०००.०० | ३७५,०००.०० | ३७५,०००.०० | ३७५,०००.०० | १,८७५,०००.०० | |
| ४ | वडा तहमा खाद्य तथा पोषण सुरक्षाको वारेमा अभिमुखिकरण गर्ने | वर्ष | ५ | १५०,०००.०० | १५०,०००.०० | १५०,०००.०० | १५०,०००.०० | १५०,०००.०० | ७५०,०००.०० | |
| ५ | खाद्य सुरक्षा सम्वन्धी सूचनामुलक सन्देशहरु प्रकाशन र प्रशारण गर्ने | वर्ष | ५ | १५०,०००.०० | १५०,०००.०० | १५०,०००.०० | १५०,०००.०० | १५०,०००.०० | ७५०,०००.०० | |
| ६ | गर्भवती महिलासँग उप प्रमुख कार्यक्रमको निरन्तरता दिने | वर्ष | ५ | १,०००,०००.०० | १,०००,०००.०० | १,०००,०००.०० | १,०००,०००.०० | १,०००,०००.०० | ५,०००,०००.०० | |
| ७ | पोषण विशेष ( स्वास्थ्य) क्षेत्रका कार्यक्रमको निरन्तरता दिने | वर्ष | ५ | १५०,०००.०० | १५०,०००.०० | १५०,०००.०० | १५०,०००.०० | १५०,०००.०० | ७५०,०००.०० | |
| ८ | पोषणमैत्री स्थानीय शासन प्रबर्द्धन कार्यक्रमको | वर्ष | ५ | १००,०००.०० | १००,०००.०० | १००,०००.०० | १००,०००.०० | १००,०००.०० | ५००,०००.०० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | निरन्तरता दिने | | | | | | | | | |
| 9 | पोषण सुधारका लागि विपन्न समुदायका महिलालाई आयआर्जन सुधार कार्यक्रमको निरन्तरता दिने | वर्ष | 5 | 600,000.00 | 600,000.00 | 600,000.00 | 600,000.00 | 600,000.00 | 3,000,000.00 | |
| 10 | पोषणमैत्री नमूना टोल कार्यक्रमको निरन्तरता दिने | वर्ष | 5 | 3,000,000.00 | 3,000,000.00 | 3,000,000.00 | 3,000,000.00 | 3,000,000.00 | 15,000,000.00 | |
| | **जम्मा** | | | **5,785,000.00** | **5,785,000.00** | **5,785,000.00** | **5,785,000.00** | **5,785,000.00** | **28,925,000.00** | |
| **प्रतिफल ५.१.२ः ९०% गर्भवती तथा सुत्केरी महिला, बालबालिका र किशोर-किशोरीहरुको पोषण सुधारका सेवाहरुमा पहुँच पुगेको हुनेछ ।** | | | | | | | | | | |
| 1 | सुत्केरी र गर्भवतीलाई थप पोषिलो खानाको महत्वको वारेमा समुदाय स्तरमा अन्तरक्रिया संचालन गर्ने | टोल | 55 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 2,500,000.00 | |
| 2 | रेडियो, टेलिभिजन, पत्रपत्रिका आदिबाट पोषणको महत्व विषयक सूचनामुलक सन्देशहरु प्रकाशन र प्रशारण गर्ने | वर्ष | 5 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 1,000,000.00 | |
| 3 | समुदाय स्तरमा पोषण मेलाहरु आयोजना गर्ने | समुदाय | 110 | 40,000.00 | 40,000.00 | 40,000.00 | 40,000.00 | 40,000.00 | 200,000.00 | |
| 4 | आमा समुहहरुमा पोषणको महत्व विषयक छलफल सञ्चालन गर्ने (२१ | अन्तरक्रिया | 972 | 1,458,000.00 | 1,458,000.00 | 1,458,000.00 | 1,458,000.00 | 1,458,000.00 | 7,290,000.00 | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वटा समूह) | | | | | | | | | |
| 5 | खाद्य मिसावट रोकथामका लागि बजार अनुगमनलाई प्रभावकारी वनाउने | वर्ष | 5 | | | | | | - | |
| 6 | पोषण सुधारका लागि समुदायमा सचेतनामूलक कार्यक्रम संचालन गर्ने (**भिटामिन ए, बाल भिटा, अलबेन्डाजोल, आईरन, खोप आदि लिन लिनमा अभिप्रेरित गर्ने**) | वर्ष | 5 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 1,000,000.00 | |
| 7 | समुदायमा पोषण सम्वन्धी सन्देशमूलक श्रव्यदृश्य भिडिओ प्रशर्दनी गर्ने | वर्ष | 5 | 300,000.00 | 300,000.00 | 300,000.00 | 300,000.00 | 300,000.00 | 1,500,000.00 | |
| 8 | कुपोषित आमा र बालबालिकाहरुको पहिचान गरी निःशुल्क उपचार गर्नमा सहजीकरण गर्ने | वर्ष | 5 | 100,000.00 | 100,000.00 | 100,000.00 | 100,000.00 | 100,000.00 | 500,000.00 | |
| 9 | किशोरीहरुलाई ( **विद्यालय र समुदायका**) आईरन चक्की प्रयोगलाई प्रभावकारी वनाउन समिक्षा बैठक गर्ने | बैठक | 10 | 150,000.00 | 150,000.00 | 150,000.00 | 150,000.00 | 150,000.00 | 750,000.00 | |
| 10 | बालबालिकाको नियमित पोषण लेखाजोखा गर्ने | वर्ष | 5 | 660,000.00 | 660,000.00 | 660,000.00 | 660,000.00 | 660,000.00 | 3,300,000.00 | |
| 11 | विद्यालय खाजा | विद्यालय | 39 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 1,000,000.00 | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रमलाई प्रभावकारी वनाउन स्थानीय उत्पादनको पोषणयुक्त खाजाको प्रयोग गर्न अन्तरक्रियाहरु संचालन गने | | | | | | | | | |
| 12 | विद्यालयमा पोषणको महत्व विषयक अन्तरक्रिया संचालन गर्ने र किशोरीहरुलाई आईरन चक्की प्रयोग गर्नमा सहजीकरण गर्ने | विद्यालय | 39 | 39,000.00 | 39,000.00 | 39,000.00 | 39,000.00 | 39,000.00 | 39,000.00 | |
| | **जम्मा** | | | 3,847,000.00 | 3,847,000.00 | 3,847,000.00 | 3,847,000.00 | 3,847,000.00 | 19,079,000.00 | |
| **प्रतिफल ६.१.१: ४०% परिवारले कृषि जैबिक विविधताको संरक्षण गरी  जलवायु परिवर्तनको असर र प्रभावलाई न्यूनिकरण गर्ने ज्ञान सीप पाएका हुनेछन् ।** | | | | | | | | | | |
| 1 | कृषि जैबिक विविधताको महत्वको वारेमा सरोकारवालाहरुलाई अभिमुखिकरण गर्ने | अभिमुखिकरण | 11 | 250,000.00 | 250,000.00 | 250,000.00 | 250,000.00 | 250,000.00 | 1,250,000.00 | |
| 2 | जैबिक विविधताको संरक्षण र दिगो व्यवस्थापनका लागि कार्यविधि वनाउने | कार्यविधि | 1 | 100,000.00 | | | | | 100,000.00 | |
| 3 | जलवायु परिवर्तनको असर तथा प्रभावलाई न्यूनिकरण गर्न तालिमहरु सञ्चालन गर्ने | वर्ष | 5 | 250,000.00 | 250,000.00 | 250,000.00 | 250,000.00 | 250,000.00 | 1,250,000.00 | |
| 4 | रैथाने वाली संरक्षण तथा प्रबर्द्धन समूह | समूह सहकारी | 10 | 300,000.00 | 300,000.00 | 300,000.00 | 300,000.00 | 300,000.00 | 1,500,000.00 | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्तरमा सचेतीकरण गर्ने | | | | | | | | |
| 5 | रैथाने बालीका बीउहरु प्रशोधन गरी बजारीकरणमा सहयोग | समूह सहकारी | 2 | 250,000.00 | 250,000.00 | 250,000.00 | 250,000.00 | 250,000.00 | 1,250,000.00 | |
| | **जम्मा** | | | **1,150,000.00** | **1,050,000.00** | **1,050,000.00** | **1,050,000.00** | **1,050,000.00** | **5,350,000.00** | |
| **प्रतिफल ६.१.२: किसानहरुको जलवायुमैत्री कृषि खेती गर्ने ज्ञान सीप अभिबृद्धि भई खाद्य उत्पादन गरेका हुनेछ।** | | | | | | | | | |
| 1 | जलवायु मैत्री कृषि खेती (Climate Smart Agriculture) सम्बन्धी तालिम सञ्चालन गर्ने | किसान | 125 | 160,000.00 | 160,000.00 | 160,000.00 | 160,000.00 | 160,000.00 | 800,000.00 | |
| 2 | जलवायु तथा हावापानी सुहाउदो अन्नवाली, तरकारी र फलफुल तथा पशुपालन गर्न प्रोत्साहन सहयोग गर्ने | किसान | 125 | 100,000.00 | 100,000.00 | 100,000.00 | 100,000.00 | 100,000.00 | 500,000.00 | |
| 3 | किसानहरुलाई सुख्खा, खडेरी, शितलहर, बाढी, डुवान सहन सक्ने बीउ प्रयोग गर्न सहयोग गर्ने | किसान | 125 | 100,000.00 | 100,000.00 | 100,000.00 | 100,000.00 | 100,000.00 | 500,000.00 | |
| 4 | कृषि बालीमा देखिने रोगकिरा नियन्त्रण गर्ने जैबिक विषादी तयारी तालिम सञ्चालन गर्ने | किसान | 125 | 100,000.00 | 100,000.00 | 100,000.00 | 100,000.00 | 100,000.00 | 500,000.00 | |
| 5 | किसानहरुलाई अर्गानिक कृषि खेती | किसान | 1,500 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 1,000,000.00 | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सम्बन्धी अभिमुखिकरण गर्ने | | | | | | | | | |
| 6 | जलवायुमैत्री खेतीका लागि प्रविधि तथा सामग्री सहयोग गर्ने | किसान | 500 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 2,500,000.00 | |
| | **जम्मा** | | | **1,160,000.00** | **1,160,000.00** | **1,160,000.00** | **1,160,000.00** | **1,160,000.00** | **5,800,000.00** | |
| **प्रतिफल ७.१.१: प्राकृतिक श्रोतहरु (खानेपानीको मुहान, नदि, पोखरी, सामुदायिक बन, माटो, बालुवा, ढुंगा खानी, बन पैदावार आदि) को उचित परिचालन  र व्यवस्थापन भएको हुनेछ।** | | | | | | | | | | |
| 1 | प्राकृतिक श्रोत ( माटो, पानी, वालुवा, जंगल, सौर्य उर्जा आदि) संरक्षण कार्यविधि निर्माण कार्यशाला सञ्चालन गर्ने | कार्यविधि निर्माण | 1 | 150,000.00 | 150,000.00 | 150,000.00 | 150,000.00 | 150,000.00 | 750,000.00 | |
| 2 | प्राकृतिक श्रोतहरुको अतिक्रमण रोक्न सचेतनामुलक अन्तरक्रिया | वर्ष | 5 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 1,000,000.00 | |
| 3 | वातावरण प्रदुषण रोकथाम सम्बन्धी तालिम संचालन र अन्तरक्रियाहरु गर्ने | वर्ष | 5 | | | | | | - | |
| 4 | बैकल्पिक उर्जाको महत्व विषयमा सचेतीकरण अभियानहरु संचालन गर्ने | वर्ष | 5 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 1,000,000.00 | |
| 5 | विश्व वातावरण दिवस मनाउने | दिवस | 5 | 50,000.00 | 50,000.00 | 50,000.00 | 50,000.00 | 50,000.00 | 250,000.00 | |
| 6 | बायो ग्याँस र सौर्य उर्जा जडानका लागि पुरक अनुदानको व्यवस्था गन | परिवार | 250 | 750,000.00 | 750,000.00 | 750,000.00 | 750,000.00 | 750,000.00 | 3,750,000.00 | |
| | **जम्मा** | | | **1,350,000.00** | **1,350,000.00** | **1,350,000.00** | **1,350,000.00** | **1,350,000.00** | **6,750,000.00** | |

| प्रतिफल ७.१.२: प्रकोपबाट सृजना हुने जोखिम न्यूनिकरणका योजना निर्माण भई प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ । | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | सामुदायिक बनको खाली जग्गा र अन्य सार्वजनिक जग्गामा बृक्षारोपन गर्ने | बृक्षारोपन | 25,000 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 1,000,000.00 | |
| 2 | निजी वन प्रबर्द्धनमा सहयोग गर्ने | किसान | 500 | 100,000.00 | 100,000.00 | 100,000.00 | 100,000.00 | 100,000.00 | 500,000.00 | |
| 3 | नदि कटान रोकथामका लागि तटबन्ध निर्माण गर्ने | तटबन्ध निर्माण | 50 | 20,000,000.00 | 20,000,000.00 | 20,000,000.00 | 20,000,000.00 | 20,000,000.00 | 100,000,000.00 | भौतिक पूर्वाधार मन्त्रालयको साझेदारीमा संचालन गरिनेछ । |
| 4 | बढि पहिरो जाने खोखिम भएका ठाउँहरुमा बायोईन्जिनियरिंग तरिकाले बृक्षारोपन गर्ने (**सडक, खोला, नदि छेउ, कुलो, नहर आदिमा**) | बृक्षारोपन | 10,000 | 100,000.00 | 100,000.00 | 100,000.00 | 100,000.00 | 100,000.00 | 500,000.00 | |
| 5 | बाढी, पहिरो, आगलागी आदि प्रकोपबाट बच्नका लागि सचेतीकरण तालिमहरु सञ्चालन गर्ने | वर्ष | 5 | 550,000.00 | 550,000.00 | 550,000.00 | 550,000.00 | 550,000.00 | 2,750,000.00 | |
| 6 | प्रकोप जोखिम न्यूनिकरण गर्न जनचेतनामूलक सन्देशहरु प्रचारप्रसार गर्ने | वर्ष | 5 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 1,000,000.00 | |
| 7 | स्थानीय विपत व्यवस्थापन समितिको क्षमता विकास तालिमहरु | वर्ष | 5 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 1,000,000.00 | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन गर्ने | | | | | | | | | |
| 8 | विपत व्यवस्थापन कोष निर्माण गर्ने | कोष निर्माण | 1 | 1,500,000.00 | | | | | 1,500,000.00 | |
| 9 | विपत व्यवस्थापनका लागि आवश्यक पर्ने सामग्रीहरुको व्यवस्था गर्ने | वर्ष | 5 | 2,500,000.00 | 2,500,000.00 | | 2,500,000.00 | | 7,500,000.00 | |
| | **जम्मा** | | | **25,350,000.00** | **23,850,000.00** | **21,350,000.00** | **23,850,000.00** | **21,350,000.00** | **115,750,000.00** | |
| **प्रतिफल ८.१.१: २५० जना युवाहरुले कृषि तथा गैर कृषिमा आधारित लघु उद्यम संचालन गरी स्वरोजगारी सृजना भएको हुनेछ।** | | | | | | | | | | |
| 1 | नेपाली कागज उत्पादन उद्योगको मर्मत सम्हारमा सहयोग गरी विपन्न युवाहरुलाई संचालन गर्ने जिम्मा दिने | जना | 40 | 500,000.00 | | | | | 500,000.00 | उद्योग तथा बाणिज्य मन्त्रालयको सहयोगमा संचालन गरिनेछ |
| 2 | नेपाली कागज उत्पादन उद्योगको संचालन तथा व्यवस्थापनमा सहयोग | वर्ष | 5 | 250,000.00 | 250,000.00 | 250,000.00 | 250,000.00 | 250,000.00 | 1,250,000.00 | उद्योग तथा बाणिज्य मन्त्रालयको सहयोगमा संचालन गरिनेछ |
| 3 | बाँसको फर्निचर तथा अन्य सामग्री निर्माण तालिम र व्यवसाय संचालनका लागि अनुदान सहयोग | जना | 50 | 250,000.00 | 250,000.00 | 250,000.00 | 250,000.00 | 250,000.00 | 1,250,000.00 | उद्योग तथा बाणिज्य मन्त्रालयको सहयोगमा संचालन गरिनेछ |
| 4 | दुना टपरी उत्पादन मेशिनको व्यवस्था गर्ने | समूह | 1 | 500,000.00 | | | | | 500,000.00 | उद्योग तथा बाणिज्य मन्त्रालयको सहयोगमा संचालन गरिनेछ |
| 5 | सिस्नो प्रशोधन उद्यम संचालनका | समूह | 2 | | 500,000.00 | | 500,000.00 | | 1,000,000.00 | उद्योग तथा बाणिज्य |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लागि तालिम र मेशिनरी सामग्री सहयोग गर्ने | | | | | | | | | मन्त्रालयको सहयोगमा संचालन गरिनेछ |
| 6 | ढाँका बुनाई मेशिन र भवनको मर्मत सम्हार गरी युवाहरुलाई संचालन गर्ने जिम्मा दिने | युवा | 40 | 600,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 1,400,000.00 | उद्योग तथा बाणिज्य मन्त्रालयको सहयोगमा संचालन गरिनेछ |
| 7 | वन पैदावारमा आधारित उद्यम संचालन तालिम सहयोग गर्ने ( फर्निचर, जडिबुटी संकलन तथा प्रशोधन आदि) | युवा | 50 | 250,000.00 | 250,000.00 | 250,000.00 | 250,000.00 | 250,000.00 | 1,250,000.00 | उद्योग तथा बाणिज्य मन्त्रालयको सहयोगमा संचालन गरिनेछ |
| 8 | उद्यम संचालनका लागि घुम्तीकोषको व्यवस्था गर्नृ | कोष निर्माण | 1 | 500,000.00 | | 500,000.00 | | | 1,000,000.00 | उद्योग तथा बाणिज्य मन्त्रालयको सहयोगमा संचालन गरिनेछ |
| 9 | पर्यटन प्रबर्द्धनका लागि पर्यटकिय स्थानहरुको वारेमा प्रचार प्रसार गर्ने | वर्ष | 5 | 250,000.00 | 250,000.00 | 250,000.00 | 250,000.00 | 250,000.00 | 1,250,000.00 | पर्यटन मन्त्रालयको सहकार्यमा संचालन गरिनेछ। |
| 10 | पर्यटकिय स्थलहरुमा पूर्वाधार निर्माण गर्ने | स्थल | 5 | 1,000,000.00 | 1,000,000.00 | 1,000,000.00 | 1,000,000.00 | 1,000,000.00 | 5,000,000.00 | |
| 11 | होमस्टे निर्माणमा सहयोग गर्ने | समुदाय | 2 | 500,000.00 | | | 500,000.00 | | 1,000,000.00 | |
| | **जम्मा** | | | **4,600,000.00** | **2,700,000.00** | **2,700,000.00** | **3,200,000.00** | **2,200,000.00** | **15,400,000.00** | |

**प्रतिफल ८.१.२: आर्थिक तथा सामाजिक रुपमा विपन्न ३०० युवाहरुको प्राविधिक ज्ञान, सीप तथा क्षमता अभिबृद्धि भई स्वरोजगार भएका हुनेछन्।**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | कृषि तथा पशु पाविधिक तालिमका लागि छात्रबृत्ति प्रदान गर्ने | युवा | 25 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 500,000.00 | 2,500,000.00 | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 2 | छोटो अवधिका सीपमुलक प्राविधिक तालिमहरु (सिकर्मी, डकर्मी, मोटरसाईकल मर्मत, इलेक्ट्रिसीयन, प्लम्बिङ्ग आदि) संचालन गर्ने ( **CTEVTबाट सीप विकास परिक्षण गराई प्रमाणपत्रको व्यवस्था सहित**) | युवा | 250 | 1,250,000.00 | 1,250,000.00 | 1,250,000.00 | 1,250,000.00 | 1,250,000.00 | 6,250,000.00 | संघिय मन्त्रालयको साझेदारीमा संचालन गरिनेछ। |
| 3 | तालिम प्राप्त युवाहरुलाई व्यवसाय संचालनका लागि बीउपूँजी ( निश्चित कोष) स्थापना गर्ने | पूँजीकोष निर्माण | 1 | 1,500,000.00 | | | 1,000,000.00 | | 2,500,000.00 | |
| | **जम्मा** | | | **3,250,000.00** | **1,750,000.00** | **1,750,000.00** | **2,750,000.00** | **1,750,000.00** | **11,250,000.00** | |
| **प्रतिफल ८.१.३: नगरपालिकामा सूचिकृत आर्थिक तथा सामाजिक रुपमा विपन्न १००० जनाले रोजगारी पाई जीविकोपार्जनमा सहज भएको हुनेछ।** | | | | | | | | | | |
| 1 | पालिकामा सूचिकृत बेराजगारहरुलाई ( कामका लागि पारिश्रमिक) १०० दिन काम दिने | जना | 600 | 6,068,000.00 | 6,068,000.00 | 6,068,000.00 | 6,068,000.00 | 6,068,000.00 | 30,340,000.00 | प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत संचालन गरिनेछ |
| 2 | पालिकामा सूचिकृत बेरोजगारहरुलाई ( कामका लागि पारिश्रमिक) ५० दिन काम दिने | जना | 400 | 2,500,000.00 | 2,500,000.00 | 2,500,000.00 | 2,500,000.00 | 2,500,000.00 | 12,500,000.00 | मुख्यमन्त्री रोजगार कार्यक्रमबाट संचालन गरिनेछ। |
| 3 | पालिकामा सूचीकृत भएका बेरोजगार | जना | 500 | 1,200,000.00 | 1,500,000.00 | 2,000,000.00 | 2,500,000.00 | 3,000,000.00 | 10,200,000.00 | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | युवाहरुलाई विभिन्न निर्माण आयोजनाहरुमा काम गर्ने व्यवस्था मिलाउने मिलाउने र काम गर्नेलाई पारिश्रमिकको व्यवस्था गर्ने | | | | | | | | |
| 4 | रोजगारीको लागि रोजगारदाताहरुसँग समन्वय गर्ने | समन्वय बैठक | 5 | 50,000.00 | 50,000.00 | 50,000.00 | 50,000.00 | 50,000.00 | 250,000.00 | |
| | **जम्मा** | | | **9,818,000.00** | **10,118,000.00** | **10,618,000.00** | **11,118,000.00** | **11,618,000.00** | **53,290,000.00** | |
| **प्रतिफल ९.१.१: खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५ को प्रावधान अनुसार व्यवस्था भएको हुनेछ।** | | | | | | | | | |
| 1 | पालिका स्तरीय खाद्य समन्वय समिति गठन गर्ने | समिति | 1 | 50,000.00 | | | | | 50,000.00 | |
| 2 | स्थानीय खाद्य समन्वय समितिको काम, कर्तव्य र अधिकारको वारेमा अभिमुखिकरण गर्ने | पटक | 2 | 50,000.00 | 50,000.00 | 50,000.00 | 50,000.00 | 50,000.00 | 250,000.00 | |
| 3 | स्थानीय खाद्य समन्वय समितिको बैठक आयोजना | पटक | 15 | 40,000.00 | 40,000.00 | 40,000.00 | 40,000.00 | 40,000.00 | 200,000.00 | |
| 4 | स्थानीय खाद्य बैंकको स्थापना | खाद्य बैंक | 1 | 1,000,000.00 | 1,000,000.00 | 1,000,000.00 | 1,000,000.00 | 1,000,000.00 | 5,000,000.00 | |
| 5 | खाद्य सहायता परिचय पत्र बितरणका लागी प्रदेश तथा संघिय सरकार संग समन्वय गर्ने | पटक | 1 | 100,000.00 | 200,000.00 | 100,000.00 | | | 400,000.00 | |
| | **जम्मा** | | | **1,240,000.00** | **1,290,000.00** | **1,190,000.00** | **1,090,000.00** | **1,090,000.00** | **5,900,000.00** | |
| | | | | | | | | | |

| प्रतिफल ९.१.२: खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना  प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ। | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | कृषि योग्य भूमिको दिगो व्यवस्थापनको लागि कार्यविधि निर्माण गरि कार्यान्वयन गर्ने | पटक | 1 | 100,000.00 | | | | | 100,000.00 | |
| 2 | खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजनाको वार्षिक रुपमा समिक्षा बैठक गर्ने | बर्ष | 5 | 50,000.00 | 50,000.00 | 50,000.00 | 50,000.00 | 50,000.00 | 250,000.00 | |
| 3 | खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजनाको मध्यबधि र अन्तिम मुल्यांकन गर्ने | पटक | 2 | | | 250,000.00 | | 250,000.00 | 500,000.00 | |
| 4 | खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश र संघिय मन्त्रालयहरुसँग र अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुसँग साझेदारी विकास गर्न समन्वय बैठक गर्ने | पटक | 5 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 1,000,000.00 | |
| 5 | खाद्य तथा पोषण सुरक्षा रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश र संघिय मन्त्रालयहरुसँग र | साझेदार | 5 | | | | | | - | श्रोतको व्यवस्थापन गर्न विभिन्न सरोकारवालाहरुसँग साझेदारी गरिनेछ। |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुसँग साझेदारी विकास गर्ने | | | | | | | | | |
| | **जम्मा** | | | 350,000.00 | 250,000.00 | 500,000.00 | 250,000.00 | 500,000.00 | 1,850,000.00 | |
| | **कुल जम्मा** | | | 88,510,000.00 | 87,760,000.00 | 79,410,000.00 | 83,710,000.00 | 80,310,000.00 | 419,700,000.00 | |

# परिच्छेदः ४
## खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना कार्यान्वयन

नेपालको संविधान तथा खाद्य अधिकार तथा सम्प्रभुता ऐन, २०७५ को अधिनमा रही नारायणनगरपालिकाले पाँच वर्षे **खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना(२०८१/८२-२०८५/८६)**निर्माण गरी कार्यान्वयनमा गर्ने छ । नारायण नगरपालिकामा खाद्य तथा पोषणको जोखिममा रहेका समुदाय तथा परिवारको पहिचान गरी उनीहरुको खाद्य तथा पोषणमा पहुँच अभिबृद्धि गर्नका लागि यो रणनीतिक योजना निर्माण गरिएको हो । कुनै पनि नीति, योजना, कार्यविधि निर्माण गरेर मात्र हुदैन । जवसम्म त्यसको प्रभावकारी कार्यान्वयन हुदैन, तवसम्म पाउन खोजेको नतिजा प्राप्त गर्न सकिदैन । यो खाद्य तथा पोषण रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि निम्न अनुसार रणनीतिहरु अवलम्बन गरिनेछ ।

**४.१ कार्यान्वयन योजना तथा कार्यनीतिः**खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजनामा समावेश गरिएका लक्ष्य, रणनीतिक उद्देश्य तथा नतिजाहरु प्राप्त गर्न उपयुक्त कार्यनीतिको आवश्यकता पर्दछ । सहि कार्यनीतिले नै रणनीतिलाई सफलता प्रदान गर्नमा सहयोग पुऱ्याउदछ । जसका लागि नारायण नगरपालिकाले निम्न अनुसारको कार्यनीति अवलम्वन गर्नेछ ।

**४.१.१ समुदाय परिचालन तथा सशक्तिकरणः** समस्या समाधानको लागि समुदाय परिचालन महत्वपूर्ण कार्यनीति मानिन्छ । जवसम्म खाद्य तथा पोषण अभावमा रहेको समुदायलाई नै त्यसको मुल कारण जानकारी हुदैन, तवसम्म दिगो समाधान हुदैन । विकास र परिवर्तन कुनै बाह्य संघ संस्था वा बाह्य नीतिले मात्र हुने होईन । विकास र परिवर्तन त समस्या भोलिरहेका र समस्याबाट पिल्सिएका व्यक्ति तथा समुदायको परिचालनबाट हुने हो । त्यसका लागि समुदायमा परिचालन गर्ने सहि ज्ञान, सीप र दक्षताको आवश्यकता पर्दछ । हरेक व्यक्तिमा अन्तरनिहित क्षमता हुन्छ तर त्यो क्षमतालाई प्रस्फुटन गराउन अथवा आत्मजागरण गराउने सहि सहजीकरणको आवश्यकता पर्दछ । सहजकर्ताको सहि ज्ञान सीप नहुदा समुदायलाई सहि तरिकाले परिचालन गर्न सकिएको हुदैन । विकास र परिवर्तन नहुनुमा समुदायलाई नै दोष दिने गरिन्छ ।समुदायको परिवर्तन नहुनुमा उनीहरुको मात्र दोष होईन । नीति निर्माण र कार्यान्वयन गर्ने पक्षको पनि जिम्मेवारी हो । खाद्य तथा पोषण सुरक्षाको जोखिममा रहेका वर्ग समुदायलाई समस्याको कारण पहिचान गर्ने, समाधनको सहि कार्ययोजना निर्माण गर्ने,समुदायको भूमिका कस्तो हुने र श्रोत साझेदारी कसरी जुटाउने भन्ने विषयमा सबैको सहभागितामुलक छलफल, अन्तरक्रियाहरु मार्फत समुदायलाई प्रभावकारी रुपमा परिचालन गर्न सकिन्छ ।

योजना निर्माण गर्ने तरिका तथा चरणहरु (तलदेखि माथि) मा लक्षित समुदायको सहभागितामा जोड दिनेछ । खाद्य तथा पोषण सुरक्षाको जोखिममा रहेको समुदायलाई भौतिक संरचना निर्माणका योजनाले मात्र उनीहरुको जीवनमा प्रभाव पार्न सक्दैन । खाद्य उत्पादन, वितरण र उपभोगमा पहुँच पुगेको अवस्थाले मात्र उनीहरुको जीवनमा प्रभाव पार्दछ । त्यसकारण समुदायको परिचालन मार्फत समस्या पहिचान गर्ने, योजना तयार गर्ने र त्यसको प्रभावकारी कार्यान्वयन गरी खाद्य तथा पोषण सुरक्षामा सुधार ल्याउने कार्यनीतिको विकास गरिनेछ । नेपाल सरकारले निर्दिष्ट गरेको योजना तर्जुमा तथा कार्यान्वयन नीति अनुरूप टोल, बस्ती, वडा हुँदै पालिका स्तरमा योजनाहरू निर्माण गरी कार्यान्वयन गरिनेछ । खाद्य तथा पोषण सुरक्षाको विद्यमान अवस्था, भोकमरी तथा गरिबीको रेखामुनि रहेका घरपरिवारको आर्थिक तथा सामाजिक विषयलाई नीतिगत रूपमा प्राथमिकतामा राखेर समुदाय परिचालन गरिनेछ ।

समुदाय परिचालनबाट समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणमा महत्वपूर्ण योगदान पुग्दछ ।सशक्तिकरण भनेको मानवीय विकासको महत्वपूर्ण सूचक हो ।आर्थिक तथा सामाजिक रुपमा सिमान्तकृत वर्ग महिला, बालबालिका, भूमिहिन, सुकुम्वासी, दलित र अपांगहरुका लागि संविधानले

व्यवस्था गरेका मौलिक हक तथा आधारभूत मानव अधिकारका विषयमा ज्ञान, सीप र सचेतीकरण अभिबृद्धि गर्ने कार्यनीति हुनेछ । साथै उनीहरुलाई उद्यमशीलता तथा व्यवसायिक दक्षता अभिबृद्धि गर्दै रोजगारीका अवसरहरु बृद्धि गरिनेछ । विकासका हरेक योजनामा सिमान्तकृत वर्गको सहभागितालाई सुनिश्चित गरिनेछ । नारायण नगरपालिकाले खाद्य तथा पोषणको स्थिति सुधार गर्न जोखिममा रहेका सुकुम्वासी घरपरिवार, विपन्न दलित, जनजाति, महिला र बालबालिकाहरूलाई संगठित गरी उनीहरूको सेवा तथा श्रोतहरुमा पहुँच अभिबृद्धि गरिनेछ । उनीहरुलाई सामुदायिक समुह, टोल विकास समिति, कृषक समहु तथा सहकारी, सामुहिक लघु उद्यम, बाल संजाल, युवा संजाल आदिमा संगठित गरी संस्थागत क्षमता अभिबृद्धि गरिनेछ ।

**४.१.२. स्रोत साझेदारीः** नारायणनगरपालिकासँग उपलब्ध सिमित श्रोत साधनले मात्र खाद्य तथा पोषण सुरक्षासँग सम्बन्धित सवालहरु सम्बोधन गर्न सम्भव हुदैन । पञ्चवर्षिय खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजनामा उल्लेख गरिएको लक्ष्य, उद्देश्य र नतिजा प्राप्त गर्नका लागि नगरपालिकाले वार्षिक रुपमा योजना र बजेट वनाएर कार्यान्वयन गर्नेछ । आवश्यकताको आधारमा तयार पारिएकायोजनाहरु कार्यान्वयनका लागि प्रदेश तथा संघीय सरकार, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संघ संस्थाहरु, नीजिक्षेत्र, सहकारी तथा स्थानीय समुदायसँग नियमित समन्वय, सहकार्य र साझेदारी गरी योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने कार्यनीति अवलम्बन गरिनेछ ।

**४.१.३. भौतिक पूर्वाधारको दिगो विकास तथा व्यवस्थापनमा जोडः** भौतिक संरचनाहरु निर्माण हुदैमा पूर्ण विकास भएको मानिदैन । भौतिक विकास एक त समुदायको आवश्यकतामा आधारित हुन जरुरी छ । र, त्यसले विपन्नसमुदायको आर्थिक तथा सामाजिक रुपमान्तरणमा सहयोग गर्ने हुनुपर्दछ । साथै जवसम्म विकास प्रक्रियामा समुदायले अपनत्व ग्रहण गर्दैन, तवसम्म त्यो भौतिक संरचनाको विकास दिगो हुन सक्दैन ।खाद्य तथा पोषण सुरक्षाको वर्तमान अवस्थालाई सुधार गर्दै लैजानका लागि भौतिक पूर्वाधाहरुको विकासमा जोड दिन आवश्यक छ । त्यसकारण नारायण नगरपालिकाले तयार गरेको खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि खाद्य तथा पशु उत्पादन, संकलन, प्रशोधन र बजारीकरणका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरुको निर्माण गरी त्यसको प्रभावकारी सञ्चालन र दिगो व्यवस्थापन गर्ने प्रणालीको विकास गरिनेछ । कृषि, पशुपालन, वन, पर्यटन र बजारमा समुदायको पहुँच अभिबृद्धि गरिनुका साथै सुशासित व्यवस्थापन प्रणाली नै दिगो व्यवस्थापन हो । विकास हाम्रा लागि हो भन्ने भावनाको विकास गर्ने कार्यप्रक्रिया अवलम्बन गरी भौतिक संरचनाको विकास गर्न सकेमा मात्र त्यसको दिगो व्यवस्थापन हुनसक्छ । खाद्य तथा पोषण सुरक्षा सुधारका लागि कृषि तथा पशु उपजहरुको संकलन तथा भण्डारण केन्द्र निर्माण, प्रशोधन मेशिन, नयाँ प्रविधि र ढुवानीका साधनहरुको व्यवस्थापन गरिने छ । कृषि उपजको बजारीकरणका लागि आवश्यक पर्ने भौतिक संरचनाहरु निर्माणका लागि बजेट विनियोजन गरिनेछ । कृषि उपजहरुको उत्पादन तथा उत्पादकत्वमा बृद्धि भई गरिबी तथा भोकमरीलाई शुन्य स्थितिमा ल्याउनमा ठूलो योगदान पुग्नेछ ।

**४.१.४सुशासनमा जोडः** सरकारले जनताप्रति उत्तरदायी भएर सेवा प्रवाह नगरेको गुनासो आम जनताको मुखबाट सुन्न पाईन्छ ।जनताले ईमानदार भएर नागरिकको कर्तव्य पालना नगरेको पनि देखिन्छ । जनउत्तरदायी सरकारले मात्र जनताको गुनासाहरु सुनेर समस्या समाधानको योजना वनाउछ र कार्यान्वयन गर्दछ । खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय सरकारमा रहेका जनप्रतिनिधि तथा कर्मचारीहरु जनताप्रति उत्तरदायी भएर सुशासित क्रियाकलापहरु गरिनेछ । योजना निर्माण, योजनाको कार्यान्वयन र अनुगमनमा जनताको सहभागिता अनिवार्य गरिनेछ । जसले सुशासन, पारदर्शिता, जवाफदेहितालाई प्रबर्द्धन गर्नेछ । नारायण नगरपालिकाले संविधान, प्रचलित कानुन, नीति, कार्यविधि र योजनामा आधारित भएर कार्यक्रम र बजेट कार्यान्वयन गर्दा पारदर्शी रूपमा कार्यान्वयन गर्ने छ । अर्थपूर्ण जनसहभागिता, पारदर्शिता, जवाफदेहिता, कानुनी शासन प्रणाली, समता तथा समानता र अधिकार प्रति सचेत हुदै नागरिकलाई आवश्यक सेवाहरु प्रदान गरिनेछ ।

**४.१.५सिमान्तकृत वर्गलाई प्राथमिकताः** आर्थिक तथा सामाजिक रुपमा सिमान्तकृत वर्ग समुदाय विकासको मुलधारमा समावेश हुन सकेको छैन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा योजना तर्जुमा गर्दा सिमान्तकृत वर्ग समुदायलाई प्राथमिकतामा राखेर कार्यान्वियन गर्नुपर्ने प्रावधान रहेकोले सोहि अनुसार योजनाहरु कार्यान्वयन गरिनेछ । युवा जनशक्ति विस्तारै विदेश पलायन भैरहेको अवस्था छ । जसले खाद्य उत्पादनमा नकारात्मक असर परेको छ । युवाहरूलाई कृषि क्षेत्रमा आकर्षण गरिनेछ । खाद्य तथा पोषण सुरक्षाको प्रबर्द्धनका लागि कृषि उत्पादनमा सिमान्तकृत वर्गलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम कार्यान्वयन गरिने छ । रोजगारमूलक व्यवसायिक ज्ञान सीप प्रदान गर्न रोजगारीका क्षेत्रहरूको अध्ययन गरिने छ । पहिचान भएका रोजगारीका सम्भावित क्षेत्रहरूमा युवा तथा सिमान्तकृत वर्गलाई प्राथमिकतामा राखेर उनीहरुको क्षमता अभिबृद्धि गरिनेछ । उनीहरूलाईरोजगारीका अवसर सृजना गर्ने नीति अवलम्बन गरिनेछ । उनीहरुलाई व्यवसायिक योजनाका आधारमा व्यवसाय सञ्चालनका लागि सल्लाह सुझाव, पृष्ठपोषण, प्रोत्साहन गर्नुका साथै वित्तीय संस्थाहरूसँग सहुलियत ऋणका लागिसमन्वय गरिने छ ।

**४.१.६ कृषियोग्य भूमीको व्यवस्थापनः** कृषि प्रधान देश भएर पनि कृषि उपजहरु आयात गर्ने क्रम बढेको देखिन्छ । कृषि विकासका लागि विभिन्न नीति तथा कार्यक्रमहरु कार्यान्वयन भैरहेका छन् तर पनि दाल, चामल, तेल, तरकारी, फलफुल, माछा, मासु, अण्डा, आयात गर्ने क्रम वार्षिक रुपमा बढिरहेको छ । केहि कृषि उपजमा आयात कमी भएको देखिए तापनि धेरैमा बढेको देखिन्छ । कृषि योग्य भूमि बाँझो हुदै गएको छ । कृषि भूमिमा सिचाईको अभाव छ । परम्परागत कृषि प्रणाली छ । नयाँ प्रविधिको विकास र प्रयोग भएको छैन । कृषि भूमिमा अत्याधिक विषादिको प्रयोगले उत्पादनमा ह्रास आएको छ । कृषि योग्य भूमि प्लटिङ्गमा रुपान्तरण भएको छ । अव्यवस्थित शहरीकरणले गर्दा कृषि भूमिको क्षेत्रफल घटेको छ । त्यति मात्र होईन,विकासको नाममा अबैज्ञानिक पूर्वाधारका संरचना निर्माण गर्दा कृषि योग्य भूमि प्रयोग विहिन रहेको छ । कृषि योग्य भूमिलाई साना साना टुक्राहरुमा खण्डीकरण गर्ने क्रम बढ्दै गएको छ । चक्लाबन्दीको व्यवस्था गरिएको छैन । जसले कृषि उत्पादन घटेर खाद्य तथा पोषण सुरक्षाको जोखिम वढ्दै गएको छ ।

कृषि क्षेत्रमा लगानीको आधारमा प्रतिफल नआउने भएकोले किसानहरुले पेशा परिवर्तन गर्ने गरेको अवस्था छ । किसानहरु र शहर केन्द्रित हुनुका साथै विदेश पलायन हुने क्रम बढेको छ । जसका कारण कृषियोग्य भूमि बाँझो रहने अवस्था बढ्दै गएको छ । यस्तो परिप्रेक्षमा नगरपालिकाले कृषि योग्य भूमिको भू-व्यवस्थापनका लागि भूउपयोग नीति र सोसँग सम्बन्धित कानूनहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी दिर्घकालिन कृषि खेतीको लागि पुर्वाधार तयार गर्न आवश्यक छ । त्यसकारण यस प्रकारका कृषि योग्य भूमिको विनाश तथा ह्रास गर्ने गतिविधिहरुको रोकथाम गर्न कार्यविधिको निर्माण गरी कृषि उत्पादनलाई बृद्धि गर्ने क्रियाकलापहरु कार्यान्वयन गरिनेछ । भूमि सुरक्षा तथा भूमि व्यवस्थापन सम्बन्धीका नीतिहरुको प्रावधान अनुसार कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

**४.१.७. उत्पादनमा आधारित अनुदानको व्यवस्थाः**कृषि उत्पादनलाई बृद्धि गर्नका लागि उपयुक्त कार्यविधि निर्माण गरी वास्तविक किसानहरु छनौट गरिने छ । उनीहरुको व्यवसायिक क्षमताअभिबृद्धि गरी उत्पादनमा आधारित अनुदान दिने व्यवस्था गरिनेछ । किसानहरुको व्यवसायिक योजनाका साथै व्यक्तिगत लगानीको आधारमा पुरक अनुदान दिने व्यवस्था गरिनेछ । अनुदानले मात्र कृषि व्यवसाय प्रबर्द्धन गर्न सकिदैन । किसानको लगानी, व्यवसायिक लक्ष्य र उद्देश्य, वार्षिक उत्पादन र निरन्तरताको आधारमा पुरक अनुदानको व्यवस्था गरिने छ । जसबाट वास्तविक किसानहरु लाभान्वित हुनेछन र कृषि उत्पादनबृद्धि हुनेछ । उत्पादनमा आधारित अनुदानले आर्थिक पारदर्शिता कायम गर्नमा मद्दत पुग्ने छ । थोरै लगानीले धेरै प्रतिफल प्राप्त गर्नमा महत्वपूर्ण भूमिका खेल्ने छ ।

**४.१.८ रोजगारी तथा आय आर्जनका अवसरहरुको बृद्धिः** गरिवी र बेरोजगारी नारायण नगरपालिकाको मुख्य समस्या हो । निर्वाहमुखी कृषि तथा पशुपालन, ज्ञान सीपको अभाव, आयआर्जन गर्ने अवसरको अभावले गरिवी र बेरोजगारी बढ्नमा सहयोग मिलेको देखिन्छ ।स्थानीय सरकारले युवाहरुलाई कृषि तथा गैर कृषिमा आधारित विभिन्न व्यवसायी गर्ने ज्ञान सीप प्रदान गरी

आयआर्जनका अवसरहरुको सृजना गर्ने कार्यनीति अवलम्वन गर्ने छ । आफ्नै गाउँ समुदायमा कृषिमा आधारित, जडिबुटीमा आधारित र पर्यटनसँग सम्बन्धित व्यवसायहरु गरी आयआर्जन गर्न सकिन्छ । त्यसकारण नारायाण नगरपालिकाले सम्भाव्यता अध्ययन गरी युवा, महिला, अपांग र किसानहरुलाई लघु उद्यमहरु सञ्चालन गरी आयआर्जन गर्ने कार्यनीतिको विकास गरी कार्यान्वयन गर्ने छ । कृषि तथा गैर कृषि क्षेत्रमा आधारित उद्यम व्यवसायहरुको स्थापनाका लागि निजी क्षेत्रको लगानी आर्कषण गर्ने वातावरण सृजना गरिने छ ।

**४.१.९ एकीकृत कृषि प्रसार सेवाः** एकिकृत कृषि प्रसार सेवा तथा गुणस्तरीय उत्पादन सामग्रीको सुनिश्चितता, कृषकहरुलाई उत्पादन सामग्रीहरु र प्राविधिक सेवा उपलब्ध गराउन कृषि तथा पशु शाखा, कृषि तथा पशु सेवा केन्द्र, राष्ट्रिय कृषि अनुसन्धान केन्द्र, कृषि क्याम्पस र कृषि तथा पशु विज्ञहरुसँग समन्वय गरीनगरपालिकाबाट एककिृत कृषि प्रसार सेवा प्रदान गरिनेछ । हाल कार्यरत कृषि तथा पशु प्राविधिकहरुको क्षमता विकास गर्नुका साथै वडा स्तरवाटै कृषि तथा पशु सेवा दिने व्यवस्था गरिनेछ । कृषि सामग्रीको आपूर्ति, कृषि प्रसार, कृषि शिक्षा, कृषि ऋण, कृषि बिमा जस्ता आधारभूत कृषि सेवालाई एकीकृत रुपमा एउटै थलोबाट उपलब्ध गराउने कार्यनीति अवलम्बन गरिनेछ । कृषिको व्यवसायिकरण अभिबृद्धि गर्न करार, समुह वा सहकारी खेतीको लागि भूमिको व्यवस्था तथा लगानी प्रोत्साहन गरिनेछ ।

**४.१.१० खाद्य तथा पोषण उपलब्धता, पहुँच तथा सुनिश्चितताः** विद्यमान खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५ को अधिनमा रहि खाद्य तथा पोषण जोखिममा रहेका घरधुरी पहिचान गरी उनीहरुलाई खाद्य उपलब्धताको पहुँच अभिबृद्धि गरिनेछ । खाद्य तथा पोषण जोखिममा विशेष गरी ज्येष्ठ नागरिक, सुत्केरी तथा गर्भवती महिला, अपाङ्ग र बालबालिकाहरुका लागि खाद्य तथा पोषण सुरक्षाको पहुँच अभिबृद्धि गर्न जनचेतनामुलक अभियानहरु सञ्चालन गर्नुका साथै सेवा र श्रोतमा सहज उपलब्धता तथा पहुँचको व्यवस्था गरिनेछ । त्यसका लागि वडा तहमा तथ्यांक अध्यावधिक गरी सेवा प्रदान गरिनेछ । खाद्य जोखिममा रहेका परिवारका लागि स्थानीय स्तरमा खाद्य बैंक तथा सस्तो पसलको व्यवस्थापन गरी वितरण गर्ने व्यवस्था मिलाइने छ । खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नका लागि खाद्य समन्वय समितिको गठन गरी त्यसको प्रभावकारी परिचालन र संस्थागत विकास गरिने छ ।

**४.२ श्रोतको पहिचान, विश्लेषण, बजेट विनियोजन र व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रही हरेक वर्षको नीति तथा कार्यक्रमहरू खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजनाको आधारमा तयार गरी सोही अनुसारको बजेट विनियोजन गरिनेछ । नेपालको संविधान, २०७२ को अधिनमा रही नेपाल सरकारले स्थानीय तहलाई नीति, कार्यक्रम तथा वार्षिक बजेट निमार्ण गरी विकासका गतिविधिहरु कार्यान्वयन गर्ने कानुनी व्यवस्था प्रदान गरेको छ । यसैगरी खाद्य अधिकार र खाद्य सम्प्रभुताको अधिकारको सम्बन्धमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ जारी भईसकेको छ । खाद्य अधिकार तथा खाद्य सम्प्रभुताको दायरा फराकिलो भएकाले कार्यान्वयनको पाटो चुनौतीपुर्ण छ । नारायण नगरपालिकाको खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना २०८१/८२-२०८५/८६ लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । अधिकांश घरपरिवार कृषि तथा पशुपालनमा संलग्न रहेकोले कृषि तथा पशुपालन क्षेत्रको विकासमा जोड दिन आवश्यक रहेको छ । खाद्य तथा पोषण सुरक्षा सुधारका लागि कृषि तथा पशुपालनसँग सम्बन्धित समस्याहरुको विश्लेषण गरी समाधान गर्ने कार्यनीति अवलम्वन गरिनेछ । सेवा प्रदायक र सेवाग्राहीको संयुक्त छलफल, अन्तरक्रियामा, सम्वाद, भेटघाट आदिबाट समस्या पहिचान गर्ने र त्यसको समाधानको योजना निर्माण गर्ने कार्य पद्धतीको विकास गरिनेछ । जसबाट दुबै पक्षलाई अपनत्वको महसुस हुनेछ । त्यसकारण खाद्य तथा पोषण सुरक्षाको अवस्था सुधार गर्नसमुदाय, स्थानीय सरकार, प्रदेश सरकार, संघिय सरकार र यस क्षेत्रमा काम गर्ने अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको सहभागिता र सहकार्यलाई प्राथमिकतामा राखेर साझा प्रतिबद्धता र ऐक्यवद्धताका लागि प्रयास गरिनेछ । नारायण नगरपालिकाको खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना (२०८१/८२-२०८५/८६) मा समावेश गरिएका लक्ष्य, उद्देश्य तथा नतिजाहरु प्राप्त गर्न सरोरकारवालाहरुसंग समन्वय र साझेदारी गरिने

छ । यस योजनामा समावेश गरिएका खाद्य तथा पोषण सुरक्षासँग सम्बन्धित क्रियाकलापहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

**४.३ जोखिम अनुमान तथा न्यूनिकरण योजनाः**नारायण नगरपालिकाले निर्माण गरेको खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजनाको कार्यान्वयन गर्न सहज छैन । सिमित श्रोत साधनबाट गरिवी, बेरोजगारी, भोकमरी र कुपोषणको अन्त्य गर्ने विषय चुनौतीपूर्ण छ । सरकारप्रति जनताको महत्वकांक्षी अपेक्षा, शिक्षा तथा चेतनाको स्तर, परम्परागत कृषि प्रणाली, सरकार र जनता बीचको सम्बन्ध, **यो देशमा केही गर्न सकिदैन भन्ने आम युवाहरुको मनोभावना,** सरकारको योजना निर्माण तथा कार्यान्वयन कार्य प्रक्रिया आदिका कारण खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजनाको कार्यान्वयन गर्न सजिलो छैन । त्यसैगरि प्राकृतिक प्रकोप, जलवायु परिवर्तन, अस्वस्थ राजनैतिक प्रतिस्पर्धा र आयातमा परनिर्भरता बढ्दै जानु पनि यस योजनाको कार्यान्वयनको जोखिम पक्ष हो । त्यसकारण यस प्रकारका जोखिमहरुलाई न्यूनिकरण गर्ने कार्ययोजना वनाएर त्यसको कार्यान्वयन गरिनेछ । जोखिम पहिचान र विश्लेषण गरी सो जोखिमबाट बच्न र त्यसको सामना गर्ने क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

**४.४ अनुगमन तथा मुल्यांकनः**

खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५ मा व्यवस्था भए अनुसार स्थानीय खाद्य समन्वय समिति उपप्रमुखकको अध्यक्षतामा गठन गरिनेछ । उक्त समितिले नियमित रूपमा खाद्य तथा पोषण सुरक्षा कार्यक्रमको अनुगमन तथा समिक्षा गर्नेछ । खाद्य समन्वय समितिले अनुगमन निर्देशिका तयार गरी टोल स्तरदेखि पालिका स्तरसम्म सबै निकाय तथा विषयगत समितिहरूलाई प्रभावकारी रूपमा परिचालन गर्नेछ । मासिक, चौमासिक तथा वार्षिक कार्ययोजना र प्रगति प्रतिवेदनहरू तयार गरी नियमित अनुगमन र पुनरोवलोकन गरिनेछ । खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजनाको अनुगमन तथा मुल्यांकन गर्नका लागि नगरपालिकाले अनुगमन तथा मुल्यांकन कार्यविधि तयार गरेर सोहि अनुसार अनुगमन तथा मुल्यांकनका क्रियाकलापहरु सञ्चालन गर्नेछ । त्यसैगरि यो खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना पञ्चविर्षय भएकोले यसको तेश्रो वर्षको अन्त्यमा मध्यवधि मुल्यांकन र पाँचौं वर्षको अन्त्यमा अन्तिम मुल्यांकन गरिनेछ । मुल्यांकनले बिशेषत योजनाको दिर्घकालिन प्रभावकारिता, सान्दर्भिकता, दिगोपना तथा कार्यक्रमले समुदायमा पारेको प्रभावको बिश्लेषण गर्ने छ । आगामी दिनमा प्रभावकारी योजना निर्माण गरी कार्यान्वयन गर्न सुभ्काव र पृष्ठपोषण प्रदान  गर्नेछ । योजनाको नतिजा खाकामा आधारित भई योजना अवधिमा गरिएका क्रियाकलापहरु र उपलब्धिहरुको संख्यात्मक र गुणात्मक प्रगतिको बिश्लेषण गरिनेछ ।

**अनुसूचीहरु**

अनुसूची १: खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना निर्माणमा सहयोग गर्ने कार्यदलको विवरण

अनुसूची २: पालिका स्तरीय कार्यशालामा उपस्थित सहभागिहरुको विवरण

अनुसूची ३: वडा स्तरीय अन्तरक्रियाहरुमा उपस्थित सहभागिहरुको विवरण

अनुसूची ४: लक्षित समूह छलफलमा उपस्थित सहभागिहरुको विवरण

अनुसूची ५: घरधुरी सर्बेक्षण फारम

अनुसूची ६: कार्यदलको बैठकको निर्णय पुस्तिका

अनुसूची ७: फोटोहरु

**सन्दर्भ सामाग्रीहरु**

१. नेपालको संविधान, २०७२
२. खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५
३. पन्ध्रौं पञ्च वर्षिय योजना, २०७६
४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
५. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना - आ.व. २०७७/७८- २०८१/८२
६. नारायण नगरपालिकाको पाश्वचित्र (भिलेज प्रोफाईल)
७. कृषि विकास रणनीति २०१६
८. बहुक्षेत्रीय पोषण योजना, २०१८
९. राष्ट्रिय मानव अधिकार आयोग, खाद्य अधिकार अनुगमन सुचकांक २०१६
१०. अन्य स्थानीय तहले तर्जुमा गरेका रणनीति योजनाहरु
११. खाद्य अधिकार अवधारणा सवलीकरण तालिम निर्देशिका, २०१५, फियान नेपाल